जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM *National Weekly*

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रा।लिद्वारा प्रकाशित

वर्ष २७ अंक ३७ २०८२ माघ ४ गते आइतबार (Jan. 18, 2026 ) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।


## नेपाली कांग्रेस भूराजनीतिको चपेटामा परेको खुलाशा

# देउवामाथि इवि साधनागर्न पार्टी बिभाजन

काठमाडौं । नेपाली कांग्रेस भू राजनीतिको चपेटमा परेर बिभाजित भएको निष्कर्ष निकालिएको छ। नेपाली कांग्रेसको संस्थापन पक्ष र गगन थापाको बिद्रोही पक्षकाबीचमा तानातान तीब्रभएको छ। हिजो बसेका दुबै पक्षका बैठकहरुले एकअर्कालाई निषेध गरेर अगाडि बढ्ने रणनीति अख्तियारगर्ने निर्णय गरेका छन्। गत मंसिरमा नेपाली कांग्रेसको केन्द्रिय कार्य समिति, महासमिति र जिल्ला समितिलगायतको म्याद सकिएको थियो। त्यस्तो अवस्थामा नेपाली कांग्रेसको विधानअनुसार केन्द्रिय समितिको म्याद सामान्यत छमहिनासम्म तदर्थ समितिका रुपमा रहन्छभने महासमिति र जिल्ला समिति लगायतका समितिहरुको म्याद केन्द्रिय समितिले निर्णय गरेर थप्नुपर्दछ। केन्द्रिय समितिको म्याद थपिएको तर महासमिति र जिल्ला समितिहरुको म्याद नथपिएको अवस्थामा गगन थापा समूहले बिशेष महाधिवेशन



गराएर केन्द्रिय कार्य समिति घोषणा गरेकाले त्यो स्वतह अबैध हुनुपर्नेमा निर्वाचन आयोगले नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगनकुमार थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई वैधानिक र आधिकारिक मान्यता प्रदान गरेपछि नेपाली कांग्रेसको बिवाद अब एकातिर सर्बोच्च अदालतमा पुग्ने भएको छभने अर्कातिर सडक आन्दोलन चर्किने भएको छ। निर्वाचन आयोगले आगामी फागुन २१ को निर्वाचनका लागि उपयुक्त वातावरण तयारगर्ने काम गर्नुपर्नेमा आफै भाँड्ने काम गरेकोभन्दै राजनीतिक र कानूनी क्षेत्रमा आवाज उठेको छ। बिशेष महाधिवेशनमा जाने औपचारिक निर्णय हुनुअघिनै गत पुस १८ गते बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले बहुमतका आधारमा ०८३ बैशाख २८, २९, ३० र ३१ गते पार्टीको १५ औं महाधिवेशनको मिति तयगरेको थियो। जसमा तत्कालीन महामन्त्रि द्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मालगायतको सहभागिता रहेको थियो। त्यसैगरी बीचैमा सभापति शेरबहादुर देउवाको अनुपस्थितिमै विशेष महाधिवेशन सम्पन्न भएको भनियो। यस्तो अवस्थामा निर्वाचन आयोगले गरेको निर्णय संविधान, राजनीतिक दलसम्बन्धी कानून र नेपाली कांग्रेसको विधान विपरीत हुनपुगेको छ। देउवा नेतृत्वको संस्थापन पक्षले गत शुक्रबार पार्टीको केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन गरेर १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिनै आधिकारिक भएको दाबी गरेको थियो। कार्यवाहक सभापति खड्काले नेपाली कांग्रेस पार्टीको **बाँकी ८ पेजमा**

## निर्वाचन आचारसंहिता कार्यान्वयनमा

काठमाडौं। आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनका सन्दर्भमा हिजो माघ तीनगतेबाट निर्वाचन आचारसंहिता कार्यान्वयनमा आएको छ। निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आयोगले सजायमुखी निर्वाचन आचारसंहिता जारीगरेकाले कार्यान्वयनमा शून्य सहनशीलता अपनाइने बताउनुभएको छ । मुख्य निर्वाचन अधिकृत एवं निर्वाचन अधिकृतका लागि हालै भएको निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रम उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै उहाँले आचार संहितालाई कड्याइका साथ पालना गराउनुपर्नेमा जोड दिनुभएको थियो। राजनीतिक दलका उम्मेद्वारले अरुले निर्वाचन आचारसंहिता उल्लंघन गरेभन्दै दोष देखाएर आफूलेनै बढी आचारसंहिता पालना नगर्ने गरेकाले यसतर्फ मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको ध्यान जानुपर्ने बताउनुभएको थियो। उहाँले आयोगका आयुक्तको संयोजकत्वमा **बाँकी ८ पेजमा**

## देशभर हातहतियारको खोजी तीब्र

काठमाडौं। बर्तमान सरकारले आगामी फागुन २१ गते हुने भनिएको निर्वाचनका लागि देशभर हातहतियारको खोजी तीब्र बनाएको थाहा भएको छ। यसअघि अबैध हतियारको खोजी हुनेगरेकोमा अब हातहतियार पनि प्रहरीलाई बुझाउनुपर्ने भएको छ। यसैक्रममा जिल्ला प्रशासन कार्यालय झापाले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउने उद्देश्यले इजाजत प्राप्त हातहतियार माघ मसान्तभित्र बुझाउन सार्वजनिक सूचना जारीगरेको छ। सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंकाअनुसार जिल्लाभित्र इजाजत लिएर राखिएका सबै प्रकारका हातहतियार तथा त्यसमा प्रयोग हुने गोलीगठ्ठा आफ्नो पायक पर्ने नजिकको प्रहरी चौकी, इलाका**बाँकी ८ पेजमा**

## पाँचमहिनाको अवधीमा २१ पटक एकता

काठमाडौं। नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले करिव पाँच महिनाको अवधीमा २१ पटक पार्टी एकता गरेर अन्तराष्ट्रिय रेकर्ड तोड्नु भएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। त्यसरी उहाँसँग पार्टी एकता गर्नेहरु प्राय: पूर्व माओवादीका समूहहरु रहेका छन्। जसमध्ये कतिपयलाई पार्टीले तत्कालीन अवस्थामा पार्टीबाट कारवाही गरेर निकालेको थियोभने कतिपय आफै अलग भएका थिए। पूर्व माओवादी नेता दाहालले माओवादी केन्द्र र माओवाद परित्याग गरेपछि त्यसरी पूर्व सहकर्मीहरुसँगको पुनरमिलन संभव भएको बताइन्छ। गत पुस २९ गते कोटेश्वरमा आयोजित केन्द्रीय सदस्यहरुको शपथ ग्रहण समारोहलाई सम्बोधनगर्दै संयोजक दाहालले **बाँकी ८ पेजमा**

## आजबाट राष्ट्रियसभाको हिउँदे अधिवेशन हुँदै

काठमाडौं । राष्ट्रियसभाको हिउँदे अधिवेशन आज माघ चार गतेबाट शुरुहुँदैछ। राष्ट्रिय सभाको १९औं अधिवेशनको सञ्चालनका लागि सभाका अध्यक्ष नारायणप्रसाद दाहालले गत शुक्रबार कार्यव्यवस्था परामर्श समितिको बैठक डाक्नुभएको थियो। सो बैठकमा अधिवेशनका प्राथमिकताका सम्बन्धमा संसदीय दलका सम्बन्धित पदाधिकारीसँग छलफल गर्नुभएको सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिनुभएको छ। प्रवक्ता गिरीकाअनुसार आजको पहिलो बैठकमा अधिवेशन आह्वानको पत्र पढेर सुनाइने र हालै निधन हुनुभएका नेपाली कांग्रेसका सांसद बलदेव बोहराप्रति शोक प्रस्ताव पारित गरिने सम्भावित कार्यसूची रहेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले नेपालले संविधानको धारा ९३ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को गत पुस २८ गतेको सिफारिसमा आज माघ चारगते आइतबारका दिनको ११:०० बजे राष्ट्रियसभाको अधिवेशन आह्वान गर्नुभएको हो। गत भदौ ३१ गते राष्ट्रियसभाको **बाँकी ८ पेजमा**

## नेकपाको सचिवालयको बैठकबाट महत्वपूर्ण निर्णय

काठमाडौं । लोकनारायण सुवेदी संयोजक रहेको नेपाल कम्युनिष्ट पार्टीको सचिवालयको जुम बैठकले बिभिन्न महत्वपूर्ण निर्णय गरेको थाहा भएको छ। सो सैठकले बर्तमान राष्ट्रिय अन्तर्राष्ट्रिय गम्भीरतम र जटील राजनीतिक संकटको परिप्रेक्षमा साम्राज्यवाद, यथास्थितिवाद र प्रतिगमन बिरुद्ध अग्रगामी राजनीतिक निकासका लागि आन्दोलनमा केन्द्रित हुनुपर्ने महत्वपूर्ण निष्कर्श निकालेको बताइएको छ। यथास्थितिमा रहेको उत्पादन सम्बन्ध र तदजन्य स्थितिमा गरिने गरेका परम्परागत निर्वाचन र बहिष्कार दुबैले बिकसित बर्तमान राजनीतिक संकटको सही निकास दिन नसक्ने निष्कर्शमा बैठक पुगेको हो। बैठकले नेपाल कम्युनिष्ट पार्टीको मूलधेय नयाँ जनवादी क्रान्तिको चरण पारगर्दै बैज्ञानिक समाजवादमा

**समाचार विश्लेषण**

पदार्पणगर्ने भएपनि त्यस पूर्बको बर्तमान उपचरणमा अग्रगामी राजनीतिक निकासका लागि निम्न निचोडमा पुगेको छ। त्यसैगरी बर्तमान स्थितिको न्यूनतम सही निकास भनेको अग्रगामी शक्तिहरुको सर्बपक्षीय सहमतिमा अन्तरिम स्वाधीन सरकार मार्फत राजनीति प्रतिको जन बितृष्णा र गुम्दो जन विश्वास पुन:स्थापितगर्ने, सर्वपक्षीय विचार-विमर्शमार्फत साझा जन संविधान निर्माणगर्ने र दीर्घकालीन संरचनाबाट सुशासन, पारदर्शिता, पूर्ण समानुपातिक (हरेक बर्ग,क्षेत्र, लिंग समुदायबाट निर्वाचित हुने) प्रतिनिधित्व र दीगो विकास सुनिश्चित गर्ने प्रक्रियामा दृढताकासाथ लैजाने छ जसमा मजदुर, किसान, महिला, युवा बिद्यार्थी, बिभिन्न जातीय क्षेत्रीय समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्तिता हुन सक्दछ र यसरी मात्र देशले नयाँ जन राष्ट्रिय एकता, स्वाधीनता, स्थिरता, अन्तर्राष्ट्रिय सम्बन्धमा सन्तुलन, जनजीवनको सुरक्षा, र जनतान्त्रिक प्रणालीलाई बलियो बनाउन सक्छ। यसले भ्रष्टार माथि कडा प्रहार गर्दछ र सबै भ्रष्टा चारीलाई बिना **बाँकी ८ पेजमा**

## ऋृण र सरकारी खर्चमा अत्यधिक बृद्धि

काठमाडौं। ऋृण र सरकारी खर्चमा अत्यधिक बृद्धि भएको थाहा भएको छ। हालै सार्बजनिक एक तथ्यांक अनुसार चालु आबमा सरकारको आम्दानीको तुलनामा खर्च बढेको देखिएको छ। गत छमहिनाको अवधिमा एकखर्ब दुई[redacted] बजेट घाटा भएको छ[redacted] अवधिमा ९३ अर्ब रुपैयाँको बजेट घाटा पुगेको देखिएको थियो। आब ०७९/८० मा जम्मा ४८ अर्ब थियो। गत छमहिनाको अवधीमा सरकारले छखर्ब ९० अर्ब रुपैयाँ बराबरको बजेट खर्च गरेको पाइएको छ। सोही समयमा सरकारले ऋृण बाहेक पाँचखर्ब ८८ अर्ब व स्रुपैयाँ आय पनि गरेको छ। सरकारको खर्च गत बर्षको तुलनामा दुई प्रतिशतले र ऋृण बाहेकको आम्दानी २.४३ प्रतिशतले बढेको पाइएको छ। पछिल्लो छमहिनाको अवधिमा चालु तथा प्रशासनिक खर्च ७.७४ प्रतिशतले बढेर चारखर्ब ८७ अर्ब पुगेको पाइएको छ। जसमा मुख्यत सार्वजनिक ऋृणको ब्याज खर्च घटेको छ। पूँजीगत खर्च गत बर्षको तुलनामा १३ प्रतिशतले कम ४९ अर्ब पुगेको छ। पूँजीगत खर्चको लागि चार खर्ब सात अर्ब रुपैयाँको बजेट विनियोजन गरिएकोमा छमहिनामा जम्मा १२ प्रतिशतकोमात्रै खर्च हुन सकेको छ। सार्वजनिक ऋृणको सावाँ भुक्तानी तथा सार्वजनिक संस्थानमा गरिएको लगानी अन्तर्गतको (वित्तीय व्यवस्थापन) खर्च तीन प्रतिशतले घटेको पाइएको छ। अघिल्लो बर्ष छमहिनामा त्यस्तो खर्च [redacted] अर्ब रुपैयाँ पुगेको थिय[redacted] खर्ब ५३ अर्ब रुपैयाँ पुगेक[redacted] एक खर्ब ५० अर्ब बराबर[redacted] ऋृणको सावाँ फिर्ता गरिए[redacted] छ। पछिल्लो छमहिनाको अवधिमा राजस्वमा करिब तीन प्रतिशतको वृद्धिदर रहेको छ। त्यसैगरी अनुदान घटेको अवसथा छ। गत पुस महिनासम्मको अवधिमा पाँचखर्ब ८१ अर्ब रुपैयाँ राजस्व संकलन भएको छ। जबकि सरकारले यो अवधिसम्म सातखर्ब १२ अर्ब रुपैयाँको अनुमान गरेको थियो। जसलेगर्दा लक्ष्यको तुलनामा १८ प्रतिशत अर्थात एक खर्ब ३१ अर्ब रुपैयाँ **बाँकी ८ पेजमा**

## एमालेले काठमाडौंबाटै चुनावी अभियान थाल्दै

काठमाडौं। एमालेले आज काठमाडौंबाटै चुनावी अभियान थाल्दै छ। एमालेको बागमती प्रदेश कमिटीले आज माघ चारगते काठमाडौंमा जनप्रदर्शनसहित विशेष चुनावी अभियानको थालनीगर्न लागेको सो पार्टीका सचिव एवं प्रदेशका इञ्चार्ज महेश बस्नेतले जानकारी दिनुभएको छ। एमालेको गत पुस २६ गते बसेको केन्द्रीय कमिटीको बैठकले आगामी फागुन २१ गते हुने तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशव्यापीरुपमा अभियान शुरुगर्ने निर्णय गरेको भनिएको थियो। एमालेको हिजो शनिबार बसेको सचिवालय बैठकले उम्मेदवारहरुको टुंगो लगाएको थाहाभएको छ। तर सो सूची भने सार्बजनिक गरिएको छैन। आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनका लागि उम्मेदवारको नाम तयगर्नहिजो सचिवालयको बैठक बोलाइएको थियो। एमालको केन्द्रीय प्रचार तथा प्रकाशन विभाग प्रमुख मीनबहादुर शाहीकाअनुसार एमालेले जिल्लाहुँदै प्रदेश कमिटीले सिफारिसगरि पठाएका नाममध्ये प्रत्येक निर्वाचन क्षेत्रमा एकजनालाई उम्मेदवार बनाउने छ। एमालेले एक महिलासहित कम्तीमा दुई जनाको **बाँकी ८ पेजमा**

## समानुपातिक उमेदवारहरुको कचिंगल कायमै

काठमाडौं। बिभिन्न पार्टीहरुको फुट्ने र जुट्ने लगायतका कार्यलेगर्दा समानुपातिक निर्वाचन तर्फका उमेदवारहरुको कचिंगल कायमै रहेको छ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फको बन्दसूचीबाट कूल १७५ जना उम्मेदवारले नाम फिर्ता लिएपछि त्यसलार्य मिलाउन समस्या सिर्जना भएको बताइन्छ। निर्वाचन आयोगले उपलब्ध गराएको अन्तिम विवरणअनुसार १७ चुनाव चिन्हका (एकलसहित) उम्मेदवारले नाम फिर्ता लिएका हुन्। बन्दसूचीमा नाम समावेश भएका उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा गत पुस २८ गते बिहान १०:०० बजेदेखि ४:०० बजेसम्मको समय निर्धारण गरिएको थियो। आयोगले उम्मेदवार आफैं उपस्थित भएर वा वारेसमार्फत पनि नाम फिर्ता लिनसक्ने व्यवस्था गरेको थियो। तोकिएको समयसीमाभित्र एकलसहित १७ चुनाव चिन्हका १७५ जना उम्मेदवारले नाम फिर्ता लिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले बताउनु भएको छ। **बाँकी ८ पेजमा**

## लामिछानेको मुद्धा फिर्तालिनु अनुचित

काठमाडौं। बर्तमान चुनावी सरकारले आगामी फागुन २१ मा हुने भनिएको निर्वाचनलाई प्रभावित गर्नेगरी बिभिन्न अपराधमा संलग्न ब्यक्रिहरुको मुद्धा फिर्ता लिने प्रयास गरेकोभन्दै बिरोध शुरु भएको छ। यसैक्रममा नेपाल बार एशोसिएसनले रास्वपाका सभापति रवि लामिछानेको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्धा फिर्तागर्ने निर्णय अनुचित भएको जनाएको छ। बारका महासचिव केदारप्रसाद कोइरालाले जारी गर्नुभएकोको एक प्रेस विज्ञप्तिमा महान्यायाधिवक्ता कार्यालयले गरेको लामिछानेको उक्त मुद्धा फिर्तालिने निर्णय अनुचित भएको जनाएको हो। बारले बक्तब्यमा अपराधको राजनीतिकरण र राजनीतिको अपराधिकरणले दण्डहीनतालाई प्रश्रयदिई फौजदारी न्यायको आत्मा मार्ने भएकाले कानूनी शासनको प्रत्याभूतिका लागि उक्त निर्णयको विरोध गर्दछौं। उल्लिखित निर्णय तत्काल फिर्ता लिनका लागिसमेत यस एसोसिएसन माग गर्दछ भनेको छ। बारले फौजदारी न्याय प्रशासन स्वतन्त्र, निष्पक्ष र पारदर्शी हुनुपर्दछ भन्ने मान्यता बारले निरन्तरदिँदै आएको र मुद्धा फिर्तासम्बन्धी उक्त निर्णय प्रचलित कानूनी व्यवस्था र यसअघि **बाँकी ८ पेजमा**

## सर्बपक्षीय अन्तरिम सरकारको गठनमा जोड

काठमाडौं। बिभिन्न बामपन्थी पार्टी र समूहहरुले देशमा सबै समस्याहरुको समाधानका लागि सर्बपक्षीय अन्तरिम सरकार गठन हुनुपर्ने कुरामा जोड दिनथालेका छन्। क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले जनताको अवस्था फेर्न व्यवस्था बदलौं अभियान सञ्चालन गरेको छभने नेत्रविक्रम चन्द नेतृत्वको नेकपा (माओवादी) ले देशभक्त र बामपन्थीहरको संयुक्त सरकार गठन हुनुपर्नेमा जोड दिँदै आउको छ। यसैक्रममा सो पार्टीका महासचिव चन्द र मिराज ढुंगाना नेतृत्वको जेनजी समूहबीच उपरोक्त माग पूरागराउन



आन्दोलनगर्ने लगायतका चारबुँदे सहमति समेत भएको छ। चन्द र ढुंगानाले हस्ताक्षर गर्नुभएको उक्त सहमतिमा सर्वपक्षीय सहमतिमा अन्तरिम सरकार गठनका लागी संघर्षगर्ने, जेनजी विद्रोहका मागहरु पूरागर्न संघर्ष गर्ने, आन्दोलन र जनताको चाहना वमोजिम ०७२ को संविधानमा संशोधन, स्थिर सरकार, भ्रष्टाचार विरुद्ध विशेष न्यायीक निकाय **बाँकी ८ पेजमा**

## देउवामाथि....

विधानले कुनै पनि तहको अधिवेशन र केन्द्रीय महाधिवेशनसम्बन्धी निर्णयगर्ने अधिकार केन्द्रीय कार्यसमितिलाई मात्र प्रदान गरेको दाबि गर्नुभएको छ। कार्यवाहक सभापति खड्कासहितको टोलीले आयोगलाई बिभिन्न प्रमाण र कानूनी आधार बुझाए पनि त्यसलाई आयोगका अधिकारीहरुले वेवास्ता गरेको प्रवक्ता डा.प्रकाशशरण महतले बताउनु भएको छ। गत शुक्रबार निर्णयलगत्तै निर्वाचन आयोगको कार्यालय पुग्नुभएका कार्यवाहक सभापति खड्काले आयोगले सेटिङमा अर्को पक्षलाई आधिकारिकता दिएकोभन्दै कुनै हालतमा स्वीकारगर्न नसकिने बताउनुभएको थियो। उहाँले आयोगको परिसरबाटै कानूनी र सडक संघर्षसमेत घोषणा गर्नुभएको थियो। जसलेगर्दा बर्तमान चुनावी सरकारसमेत अप्ठेरोमा परेको देखिएको छ। नेकांका सभापति शेरबहादुर देउवाले बिभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय शक्तिकेन्द्रहरुले दिएको निर्देशन हुबहु कार्यान्वयन नगरेका कारण गत भदौ यताका घटना भएको राजनीतिक क्षेत्रमा चर्चा हुनथालेको छ। भूराजनीतिकै कारण पछिल्ला घटना भएको स्वयं देउवा र निवर्तमान प्रधानमन्त्रि तथा एमालेका अध्यक्ष केपी ओलीलगायतका नेताहरुलेसमेत स्वीकार गर्नुभएको छ।

## निर्वाचन....

रहेको केन्द्रीय आचारसंहिता अनुगमन समितिले कडा रुपमा आचारसंहिता पालना गराउने बताउनु भएको थियो। जसलेगर्दा सामाजिक सञ्जालमा फेरी अंकुश लाग्ने संकेत देखिएको छ। निर्वाचन आयोगले प्रतिनिधिसभाको निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउने उद्धेश्यकासाथ सामाजिक सञ्जालमा हुने गतिविधिलाई पनि आचारसंहिताको दायरामा ल्याएपछि उपरोक्त संकेत देखिएको हो। गत भदौमा केही सामाजिक सञ्जालमा रोकलाग्दा तोडफोड र आगजनीका घटनाहरु भएर सरकारनै परिवर्तन भएको थियो। .तर जेनजी आन्दोलनबाट गठन भएको भनिएको बर्तमान सरकार फेरी सामाजिक सञ्जाल नियन्त्रणगर्न बाध्य हुँदैगएको देखिएको छ। आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनका सन्दर्भमा आचारसंहितामा प्रतिकूल प्रभाव पार्ने उद्धेश्यकासाथ कोही कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालनगर्न वा नक्कली साइट खोल्न नपाइने व्यवस्था गरिएको छ। आचारसंहिताले सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टिलिजेन्स (एआई) को प्रयोगगरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्धेश्यकासाथ होच्याउने, दुष्प्रचारगर्ने कामगर्न नपाउने प्रबन्ध गरेको छ। त्यस्तै भ्रामक सूचना सम्प्रेषणगर्ने, अपमानगर्ने, द्वेषपूर्ण भाषणजस्ता भ्रामक टीकाटिप्पणीगर्न वा गराउन नपाइने व्यवस्था आचारसंहितामा समावेश गरिएको छ। त्यसैगरी कुनै प्रयोजनका लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई आर्टिफिसियल इन्टिलिजेन्सको प्रयोगगरी वा नगरी निर्वाचनमा प्रभाव पार्ने उद्धेश्यले तोडमोडगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोस्ट, कमेन्ट प्रतिकमेन्ट, लाइभ स्टिमिङ, ट्याग वा मेन्सनलगायतका कार्यगर्न वा गराउन नपाइने भएको छ।

## पाँचमहिना....

राष्ट्रलाई थप एकताबद्ध, राष्ट्रिय एकता र राष्ट्रिय स्वाधीनतालाई सुदृढगर्नका लागि नयाँ संकल्पसहित पहलकदमी लिनुपर्ने आवश्यकता औंल्याउनुभएको थियो। संयोजक दाहालले सबै प्रमुख राजनीतिक दलहरुले आत्मसमीक्षा गरेर विगतमा आफ्ना कमजोरीको मूल्यांकनगर्न जरुरी रहेकामा पनि जोड दिनुभएको थियो। उहाँले राष्ट्र जुन असाधारण संकटको अवस्थाबाट गुज्रेको छ, यसलाई थप एकताबद्ध, राष्ट्रिय स्वाधीनतालाई सुदृढगर्नका लागि नितान्त नयाँ संकल्पसहित पहलकदमी लिन जरुरी भन्ने निष्कर्षकासाथ आफूहरुले पार्टी एकता प्रक्रियालाई अगाडि बढाएको बताउनु भएको थियो।संयोजक दाहालले देशमा उत्पन्न असाधारण परिस्थितिको सामनागर्नका लागि नेपालको इतिहासमा पहिलोपटक एकैसाथ २० वटा कम्युनिष्ट र समाजवादी घटकलाई एकताबद्धगर्न सफल भइएको उल्लेख गर्नुभएको थियो।

## देशभर...

प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा बुझाइसक्नुपर्नेछ। उहाँले निर्वाचन सम्पन्न भएको २१ दिनपछि सम्बन्धित धनीले कार्यालयमा उपस्थितभई आवश्यक कागजातसहित हातहतियार फिर्ता लिनसक्ने व्यवस्था गरिएको जानकारी दिनुभएको छ। त्यसैगरी जिल्ला प्रशासन कार्यालय गुल्मीले पनि हातहतियार बुझाउन आग्रह गरेको छ। सो कार्यालयले एक सूचना जारीगर्दै जिल्लाभित्र रहेका इजाजतप्राप्त हातहतियार तथा खरखजानाहरु माघ १५ गतेभित्र बुझाउन आग्रह गरेको छ। अर्कातिर गत भदौ २४ मा भागेका कैदीबन्दी र हातहतियार अझै पूर्णरुपमा नियन्त्रणमा आउन सकेका छैनन्। प्राप्त समाचारअनुसार जिल्ला कारागार कार्यालय चितवनबाट भागेका कैदीबन्दीमध्ये ११६ जना अझै फर्किएका छैनन्। तीमध्ये ११ जना भारतीय नागरिक रहेका छन्। सो कारागारबाट गत भदौ २४ गते चारजना नाबालकसहित ७४३ जना कैदीबन्दी भागेका थिए। तीमध्ये ६२७ जना फर्किएका छन्। कार्यालयका प्रमुख रवीन्द्रप्रसाद ढुंगानाका अनुसार अहिलेसम्म प्रहरीले ६९ जनालाई नियन्त्रणमा लिएर कारागारमा बुझाएको छ। सम्पर्कविहीन भएकाहरुको सम्पर्क ठेगानासहित सम्बन्धित प्रहरी एकाइहरुमा पत्राचार गरिएको ढुंगानाले जानकारी दिनुभएको छ। त्यसरी सम्पर्कविहीन भएकाहरुमा धेरै लागूऔषध र जबर्जस्ती करणीका रहेको पाइएको छ। अन्य जिल्लामा पनि फरार कैदीबन्दी र लुटिएका हातहतियारको खोजीलाई तीब्र बनाइएको थाहा भएको छ।

## आजबाट...

१८ औं अधिवेशन अन्त्यभएको थियो। राष्ट्रियसभामा उत्पत्ति भएका सात विधेयकमध्ये अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक- ०८१ मा सैद्धान्तिक छलफल भइसकेको छभने राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक-०८१ माथि विधायन समितिको प्रतिवेदन सभामा पेश भइसकेको अवस्था छ। त्यसैगरी हाल सभामातहतको विधायन समितिमा बिचाराधीन रहेका विधेयकमा पर्यटन विधेयक-०८१, चलचित्र विधेयक-०८१ र सामाजिक सञ्जाल विधेयक-०८१ रहेका छन्। राष्ट्रियसभाबाट पारितभई प्रतिनिधिसभाबाट सन्देशसहित पठाइएका सात विधेयक प्रतिनिधिसभा विघटन भएका कारण निस्क्रिय भएका छन्। ती विधेयकहरुमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेश्रो संशोधन) विधेयक-०७६, राष्ट्रिय मर्यादा सम्बन्धी विधेयक-०७९, मिडिया काउन्सिल विधेयक-०८०, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक-०८१, नेपाल कानून व्यवसायी परिषद् (दोश्रो संशोधन) विधेयक-०८१, तिलगंगा नेत्र विश्वबिद्यालय विधेयक-०८१ र पानीजहाज (सञ्चालन तथा व्यवस्थापन विधेयक-०८१ रहेका छन्। प्रतिनिधिसभामा उत्पत्तिभई राष्ट्रिय सभाबाट सन्देशसहित प्रतिनिधिसभामा फिर्ता पठाइएका जलश्रोत विधेयक-०८१, संघीय निजामति सेवा विधेयक-०८० पनि निस्क्रय भएको थाहा भएको छ। दुवै सभाबाट पारितभई प्रमाणीकरणका लागि गएको तर राष्ट्रपति पुनःबिचारका लागि प्रतिनिधिसभामा फिर्ता पठाइएको सवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संशोधन विधेयक-०७९ पनि निस्कृय हुनपुगेको छ। वैकल्पिक विकास वित्त परिचालन विधेयक-०८१ र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधनगर्ने विधेयक-०८२ विधेयक पनि निस्कृय भएका छन्।

## एमालेले...

नाम सिफारिसगर्न निर्देशन दिएको थियो। निर्वाचनका लागि आगामी छगते उम्मेदवारी मनोनयन दर्तागर्ने कार्यतालिका रहेको छ। जिल्लाहुँदै प्रदेश कमिटीहरुले आगामी निर्वाचनका लागि पठाएको नाममा केन्द्रीय कार्यालयलाई प्राप्तभएको एमालेका सचिव डा राजन भट्टराईले पनि पुष्टि गर्नुभएको छ। यसैबीच एमालेको संशोधित विधानअनुसार गठित राजधानी विशेष कमिटीको घोषणा गरिएको छ। गत शुक्रबार आयोजित कार्यक्रममा सो पार्टीका अध्यक्ष केपी ओलीको उपस्थितिमा सो कमिटीको घोषणासहित आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको विशेष अभियान शुरु भइसकेको भनिएको थियो। एमालेको गत भदौ २० देखि २२ गतेसम्म ललितपुरको गोदावरीमा सम्पन्न दोश्रो विधान महाधिवेशनले काठमाडौं उपत्यकालगायत जिल्ला कमिटीलाई समेटेर प्रदेशस्तरको संगठन कमिटी गठनको व्यवस्था गरेको थियो।

## समानुपातिक...

उहाँका अनुसार फिर्ता लिनेमा एकल चुनाव चिन्हबाट बन्द सूचीमा नाम पेयस्शगर्ने राजनीतिक दलका उम्मेदवारसमेत रहेका छन्। नाम फिर्ता लिनेमा सबैभन्दा बढी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का ११० उम्मेदवार रहेको सहायक प्रवक्ता जिसीले बताउनुभएको छ। उक्त पार्टी अन्य दलसँग एकता गरेकाले तयसअघि पेशभएका सबै उम्मेदवारको नाम बन्दसूचीबाट फिर्ता लिएको उहाँको भनाइ छ। त्यसैगरी जनमत पार्टीका २०, राष्ट्रिय प्रजातन्त्र पार्टीका १२, जनादेश पार्टीका छजना र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का पाँचजना उम्मेदवारले नाम फिर्ता लिएको आयोगले जनाएको छ। नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र राष्ट्र निर्माण दल नेपालका चार/चार जना तथा नेपाली कांग्रेस, उन्नत लोकतान्त्रिक पार्टी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का दुई/दुई जना उम्मेदवारले उम्मेदवारी फिर्ता लिएको थाहा भएको छ। संयुक्त लोकतान्त्रिक राष्ट्रिय मञ्च, संयुक्त नागरिक पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल र जनता समाजवादी पार्टीकातर्फबाट जाँतो एकल चुनाव चिन्हका एक उम्मेदवारले बन्दसूचीबाट नाम फिर्ता लिएका छन्। त्यसैगरी गतिशील लोकतान्त्रिक पार्टी, नेपाल जनता पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टीका तर्फबाट एक/एक जना उम्मेदवारले नाम फिर्ता लिएको आयोगले जनाएको छ। समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीका लागि गत पुस १३ र १४ गते दलहरुले आयोगमा नाम पेशगरेका थिए। कूल २७५ सदस्यीय प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत १६५ जना र समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० जना निर्वाचित हुने व्यवस्था छ। पछिल्लो समयमा नेपाली कांग्रेस बिभाजित भएका कारण बन्दसूची मिलाउन समस्या सिर्जना भएको बताइन्छ।

## लामिछानेको....

सर्वोच्च अदालतले मुद्धा फिर्तासम्बन्धी प्रतिपादन गरेका सिद्धान्तविपरीत भएको जनाएको छ। विज्ञप्तिमा यस प्रकारको छनोटपूर्ण निर्णयले अदालतको क्षेत्राधिकार समेतमा आघात पुगी स्वतन्त्र न्यायपालिकाको अवधारणामानै असर पुऱ्याउँदछ। यस विषयले फौजदारी न्याय प्रणालीमानै गम्भीर विचलन ल्याई कानूनको शासनको उल्लंघनभई कार्यकारीको स्वेच्छाचारितालाई बढावा दिने स्पष्ट छ भनिएको छ। महान्यायाधिवक्ता कार्यालयले गत पुस ३० गते लामिछानेको ठगी तथा सहकारी ठगीमा दाबी गरिएको अभियोग कायमगरी संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग दाबी निजको हकमा कायम नरहनेगरी मुलुकी फौजदारी कार्यविधि संहिता-०७४ को दफा ३६ बमोजिम अभियोग संशोधन हुनेगरी स्वीकृति दिने निर्णय गरेको थियो। लामिछानेसँगै मुद्धा खेपिरहेका जीबी राई, छविलाल बञ्जाडे जोशीलगायतको सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी मुद्धा पनि फिर्ता लिने निर्णय गरिएको समाचार बाहिर आएको छ।

## सर्बपक्षीय...

गठन, राज्यको अग्रगामी पुनर्संरचनाका लागी संघर्षगर्ने उल्लेख छ। काठमाडौंमा भएको भेटवार्तापछि दुईपक्षले आगामी दिनमा संयुक्तरुपमा आन्दोलन अघिबढाउनेगरी चारबुँदे सहमति गरेको बताइएको छ। उक्त सहमतिसँगै आगामी दिनमा ढुंगाना नेतृत्वको जेनजी समूह र चन्द नेतृत्वको माओवादीबीच आन्दोलनमा सहकार्य हुनेभएको छ। चन्द नेतृत्वको माओवादी आगामी फागुन २१ गते हुने भनिएको निर्वाचनमा सहभागी हुने क्रममा रहेको छ। जसका लागि सो पार्टीले समानुपातिक तर्फका उम्मेदवारहरुको बन्द सूची निर्वाचन आयोगमा बुझाइ सकेको छभने आगामी छगते प्रत्यक्ष तर्फको निर्वाचनका लागि उम्मेदवारी दाखिला गर्दैछ।

## नेकपाको....

मोलहीजा कारबाहीको दायरामा ल्याएर सबै प्रकारको अबैध सम्पत्तिको राष्ट्रियकारण गर्छ। युवा बेरोजगारीको अन्त्यगर्न रोजगारीको सुनिश्चितका लागि कृषि, कृषिजन्य उद्योग, पर्यटन र सामाजिक सेवा अन्तरगत राष्ट्रिय रोजगारी पैदागर्ने ठोस र प्रभावकारी नीति अघिसार्दछ। देशको सार्बाभौमिकता र राष्ट्रियताको पक्षमा निशर्त दृढतापूर्बक खडा र संघर्षशील राजनीतिक दल, नागरिक समाज, श्रमिक,(मजदुर किसान) महिला, युवा, क्षेत्रीय र सामुदायिक प्रतिनिधिहरुको सहभागिता सुनिश्चित गर्दछ क्रान्तिकारी भूमिसुधार, राष्ट्रिय औद्योगिकरण र आम बिद्युतिकरणको एकीकृत एकमुष्ठ(प्याकेज) नीतिका साथ राष्ट्रिय आत्मनिर्भरताको राष्ट्रिय अर्थतन्त्र र सामाजिक न्यायको दिशामा सक्रियता र दृढताकासाथ अग्रसर हुन्छ। यसरी जनता र राष्ट्रलाई केन्द्रमा राखेर तिनलाई सबल, सक्षम र समुन्नत तुल्याउनमा रहेका बाह्य र आन्तरिक बाधा ब्यवधानहरु हटाउने एक पछि अर्को आवश्यक, दृढ र सामयिक कदम र उपायहरु निरन्तर अघि सार्दै नेपाली समाजलाई जनवादहुँदै बैज्ञानिक समाजवादको उच्च चरणतर्फ प्रवेश गराउने अनुकूल बातावरण सिर्जना गर्दछ। बाह्य हस्तक्षेप पनि अपूर्बरुपमा बढिरहेको, करीब ६० लाख जति युवा मतदाता देश बाहिर जान बाध्यभएको, जेलका संगीन अपराधीहरु बिद्रोहका नाममा हातहतिरयार सहित छाडिएको र तिनकाबारेमा सत्यतथ्य के हो नेपाली जनतालाई प्रष्टसँग नबताइएको, चुनावमा फेरि पनि बहिर्मुखी, भ्रष्ट, नब भ्रष्ट र कमिशन खोर र सत्ताका दलालहरुको बर्चश्व मूलतः रहने भयावह स्थिति रहिरहेको त्रासद परिस्थितिमा निष्पक्ष, स्वतन्त्र र भयरहित बातावरणमा चुनाव सम्पन्न हुने, त्यसले जनता राष्ट्रका समस्या हल गर्ने कुनै गुञ्जायश नरेहको र अहिलेसम्मको कुनै अनुभव पनि त्यस्तो नभएको सन्दर्भमा संदिग्ध यस्तो चुनावमा सहभागी भएर जनतालाई यसले निकास दिने कुरा बहिर्मुखी र परिनिर्भर सत्ताले दोहोऱ्याएजस्तै दोहोऱ्याउनु कुनै पनि अर्थ छैन। त्यसमाथि स्वाभिमानी, देश र जनताको हितमा लामो समयदेखि अनबरत संघर्षशील र कृयाशील भइरहेको नेपाल कम्युनिष्ट पार्टीजस्तो दललाइ त्यो सोभनीय नहुने, त्यसमाथि हाम्रो नेपाल कम्युनिष्ट पार्टीसँग जानाजान मिल्दोजुल्दो नामको पार्टी दर्ता गरे/गराएर जनतामा भ्रम छर्ने षडयन्त्र भइरहेको र 'नेकपा' लेखेर, बोलेर र सुनाएर यस्तो अबाञ्छित अभियान ब्यापकरुपमा चलाइरहेको परिप्रेक्षमा त्यसको समेत भण्डाफोरगर्दै एकल तथा समान बिचार राख्ने राजनैतिक शक्तिहरुसँग संयुक्त आन्दोलनमा जाने निर्णय बैठकले लिएको छ।

## ऋण....

कम राजस्व उठेको छ। अघिल्लो बर्षको तुलनामाभने १४ अर्बमात्रै बढेको देखिएको छ। गत पुस महिनासम्म गतबर्षको तुलनामा २६ प्रतिशत राजस्व बढ्ने अनुमान गरिएकोमा तीन प्रतिशतकोमात्रै वृद्धिदर देखिएको छ। राजस्वमा अत्यन्तै नगन्य योगदान रहेका शिक्षा सेवा शुल्क र निर्यात शुल्कको नाममा उठ्ने राजस्व लक्ष्यभन्दा धेरै उठे पनि अन्य सबै प्रकारका राजस्व लक्ष्यको तुलनामा अति न्यून उठेका छन्। अर्कातिर आगामी फागुन २१ मा हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनका लागि निर्वाचनका लागि १९ अर्ब ११ करोड खर्च हुने भएको छ। अर्थमन्त्रालयले सो निर्वाचनमा सहभागी हुने निकायका लागि आवश्यकपर्ने रकम उपलब्ध गराउने भएको छ। निर्वाचन प्रयोजनका लागि अर्थमन्त्रालयले १९ अर्ब ११ करोड रुपैयाँबराबरको श्रोत सहमति प्रदान गरेको छ। जसमा निर्वाचन आयोगका लागि छअर्ब ७३ करोड रुपैयाँ, गृह मन्त्रालय १० अर्ब ३९ करोड रुपैयाँ र रक्षा मन्त्रालयले एकअर्ब ९९ करोड रुपैयाँ बराबरको श्रोत सहमति पाएको बताइएको छ। ०७९ मंसिर चारको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन प्रयोजनका लागि यी तीन निकायले १७ अर्ब नौकरोड ९९ लाख रुपैयाँ बराबरको श्रोत सहमति पाएका थिए। जसमा सबैभन्दा धेरै गृहले आठअर्ब ७२ करोड ७३ लाख रुपैयाँ, निर्वाचन आयोगले ८ अर्ब ३५ करोड दुई लाख रुपैयाँ र रक्षा मन्त्रालयले सबैभन्दा कम दुई करोड १९ लाख रुपैयाँ बराबरको श्रोत सहमति दिइएको अर्थ मन्त्रालयले जानकारी दिएको थियो। उक्त रकममध्ये ९०.८९ प्रतिशत अर्थात १५ अर्ब ५४ करोड १९ लाख रुपैयाँमात्र खर्च भएको थियो। रक्षाले श्रोत सहमतिको सम्पूर्ण रकम खर्चगर्दा गृहले ९९.७७ प्रतिशत र निर्वाचन आयोगले ८१.५९ प्रतिशतमात्र रकम खर्च गरेको थियो। आगामी निर्वाचनका लागि यी तीन निकायले २१ अर्ब ७२ करोड रुपैयाँ बराबरको श्रोत सहमति माग गरेका थिए। त्यसमा दुईअर्ब ६१ करोड रुपैयाँ कटौतीगर्दै अर्थले श्रोत सहमति प्रदान गरेको थाहा भएको छ। यसअघि अर्थमन्त्रालयले निर्वाचन आयोग, गृह मन्त्रालयलाई निर्वाचन खर्चका लागि आवश्यकपर्ने रकमको श्रोत सुनिश्चिता प्रदान गरिसकेको थियो। अहिले रक्षा मन्त्रालयलाई निर्वाचन खर्चका लागि श्रोत सुनिश्चिता प्रदान गरेसँगै बजेट टुंगोमा पुगेको हो। जसअनुसार अर्थमन्त्रालयले रक्षा मन्त्रालयलाई निर्वाचन प्रयोजनका लागि एकअर्ब ९९ करोड रुपैयाँ बराबरको श्रोत सहमति प्रदानगरेको छ। पछिल्लोपटक आयोगलाई ६ अर्ब ७३ करोड रुपैयाँबराबरको श्रोत सहमति प्रदान गरिएको छ। गृह मन्त्रालयले १७ अर्ब ७५ करोड रुपैयाँ माग गरेको थियो। जसमध्ये गृहले १० अर्ब ३९ करोड रुपैयाँकोमात्र श्रोत सहमति प्राप्तगरेको देखिएको छ।

# भक्तपुर चेम्बरमा श्रेष्ठ निर्विरोध

काठमाडौं। भक्तपुर चेम्बर अफ कमर्सको अध्यक्षमा सुरेन्द्र तुबन्जा श्रेष्ठ निर्विरोध निर्वाचित हुनुभएको छ। आठौं वार्षिक साधारणसभा तथा चौथो अधिवेशनबाट श्रेष्ठको नेतृत्वमा २३ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध चयन भएको हो। वरिष्ठ उपाध्यक्षमा जगतबहादुर श्रेष्ठ, एशोसिएट उपाध्यक्षमा राधेसुन्दर सांयजु, उपाध्यक्षहरुमा चन्द्रभक्त श्रेष्ठ, ज्ञानेन्द्र मानन्धर, माधवप्रसाद प्रजापति र गोकुलप्रसाद प्रजापति, महासचिवमा सुरेन्द्र जाकीबन्जार र कोषाध्यक्षमा पशुपति भुसाल निर्विरोध चयन भए। सदस्यहरुमा कुलदीप जीसी, न्हुछेराम धुख्वा, जीवन मारिखु, विक्रम प्रजापति, विजय हाछ्येयु, इन्द्रप्रसाद पलिखेल र गणेशराम मुस्याख्व निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन समितिले जनाएको छ।




डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं-२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर-१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# नेपालमा कानूनी राज्यलाई कमजोर बनाउँने काम किन गरिँदैछ ?

**नेपालमा खासगरी राजनीतिक क्षेत्रमा एकपछि अर्को आश्चर्य लाग्दा गतिबिधिहरु भैरहेका छन् । कतिपय घटनाले त नेपाललाई कानूनी राज्यबाट च्युतगराउन खोजेको पनि देखिएको छ । एकातिर आगामी फागुन २१ को निर्वाचनको प्रक्रिया शुरुभैसकेको छ, बर्तमान सरकारले जसरी पनि तोकिएकै मितिमा निर्वाचन सम्पन्न गराउने रणनीति बनाएको प्रचार भैरहेको छभने अर्कातिर आगामी निर्वाचनलाई नकारात्मक प्रभाव पार्ने खालका बिभिन्न गतिबिधिहरु पनि हुनथालेका छन् । बर्तमान सरकारले रास्वपाका सभापति रवि लामिछानेको मुद्धा फिर्ता लिने तयारी गरेकोभन्ने समाचार बाहिर आएपनि राजनीतिक हलचल शुरुभएको देखिएको छ । जसले बिस्तारै आगामी निर्वाचनलाई प्रभावितगर्ने निश्चित छ । हालैमात्र दाङ पुग्नुभएका एमालेका महासचिव शंकर पोखरेलले रबी लामिछानेको मुद्धा फिर्ताले कानूनी राज्यलाई कमजोर बनाउने बताएर आफ्नो पार्टीकोतर्फबाट असन्तुष्टि ब्यक्त गर्नुभएको थियो । प्रेस चौतारी दाङले घोराहीमा आयोजना गरेको एक पत्रकार भेटघाट तथा सम्मान कार्यक्रममा बोल्दै उहाँले उक्त निर्णय फिर्ता नलिन सरकारलाई आग्रहसमेत गर्नुभएको थियो । उहाँले सरकारको बिभिन्न पार्टीका बिभिन्न ब्यक्तिको मुद्धा फिर्ता लिने लगायतका पछिल्ला प्रयासले गत भदौ २३ र २४ गतेको आन्दोलनको अन्तर्य पनि पुष्टिगरेको ब्याख्या र बिश्लेषण समेत गर्नुभएको थियो । प्रहरी र अदालतमाथि आक्रमणगर्नुको उद्देश्य पनि स्पष्ट हुँदैगएको उहाँको भनाइ थियो । नयाँ शक्तिको नाममा कानूनी राज्यलाई चुनौती दिन नमिल्ने बताउँदै महासचिव पोखरेलले स्वतन्त्र पार्टीलेसमेत यस निर्णयको विरोधगर्न सक्नुपर्ने बिचार व्यक्त गरेर नयाँ चुनौतीको सिर्जना गराउने प्रयास गर्नुभएको देखिएको थियो । यतिबेला एकातिर देशमा शान्ति सुरक्षा चुस्त बनाएर आगामी निर्वाचन सम्पन्न गराउने गहन काम भैरहेको छभने अर्कातिर सरकारी पक्षलेनै बिभिन्न काण्डमा मुछिएकाहरुको मुद्धा फिर्ता लिएर तथा प्रहरीको मनोबल गिराएर देशमा शान्ति सुरक्षा कायमगर्न नसकिने अवस्था सिर्जना गर्न/गराउन खोजेको देखिएको छ ।**

**यदि सरकारी पक्षले बिभिन्न आरोप लागेका बिभिन्न पार्टीका नेताहरुलाई चेख्याउँदै जाने होभने अब भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका कतिपय नेताहरुको मुद्धा पनि फिर्ता लिनुपर्ने हुन्छ । कतिपय ठूलै पार्टीका ठूलै नेताहरु सुन काण्डमा मुछिएका छन् । उनीहरुलाई आगामि निर्वाचनमा सहभागी गराउन र त्यसपछि देशको शासन सत्तामा पुर्‍याउन उनीहरुको पनि मुद्धा फिर्ता लिनुपर्ने हुन्छ । प्रधानमन्त्रि सुशीला कार्कीले राजनीतिमा संलग्न रहेको आशंकामा हालै कतिपय मन्त्रिको राजीनामा मागेर आफ्नो ओज बढाउने काम गर्नुभएको थियोभने अब फेरी बिभिन्न मुद्धामा मुछिएकाहरुको मुद्धा संशोधन गर्ने/गराउने र फिर्ता लिने लगायतका कार्य गरेर आफ्नो ओझ घटाउने कार्यगर्न थाल्नु भएको देखिएको छ । बर्तमान सरकारले जो जसको मुद्धा फिर्ता लिए पनि समाजमा आलोचित भैसकेका ब्यक्तिहरुको शाख बढ्ने र उनीहरु नेपालको राष्ट्रिय राजनीतिमा फेरी सथापित हुने कुनै संभावना छैन । दलीय ब्यवस्था भएको मुलुकमा राजनीतिक दलहरु बलियो भएमात्र बिद्यमान राजनीतिक ब्यवस्था बलियो हुन्छ । त्यसैगरी बिद्यमान राजनीतिक ब्यवस्था बलियो भएमा देश पनि अगाडि बढ्दछ । बर्तमान चुनावी सरकारले अन्य पक्षमा ध्यान मोड्नु खासै राम्रो हुने देखिँदैन । अब नेपाली कांग्रेस बिभाजित भएको छ । दुबै पक्षको बिवाद निर्वाचन आयोगमा पुगेको छ । बर्तमान सरकारले कुनै पक्षलाई आगामी निवार्नचनमा सहभागी हुनका लागि सहज बनाउने र कुनै पक्षलाई असहज बनाउनेगरी निर्वाचनको मिति सार्ने अथवा निर्वाचनको कार्य तालिकानमा हेरफेर गर्ने/गराउने तिर लाग्ने होभने त्यसले पनि असहज अवस्था सिर्जना गर्न/गराउन सक्छ । त्यसैले बर्तमान सरकारले आफूलाई दायाँ बायाँ नगरी आगामी निर्वाचन सहजै सम्पन्न गराउने र देशमा राजनीतिक स्थायित्व कायम गर्ने/गराउनेतिर लाग्नु बढी उपयुक्त हुने देखिएको छ ।**

# नेपाली कांग्रेसमा हालै भएको बिभाजनले गरेका संकेतहरु

**देश/परिवेश** **डा. केशव देवकोटा**

नेपालको सबैभन्दा पुरानो र बिघटित संसदको सबैभन्दा ठूलो पार्टीमा पछिल्ला दिनमा जसरी एकाएक बिग्रहको अवस्था आएकोछ, त्यसले नेपालकै राष्ट्रिय राजनीतिकाबारेमा गंभिर हुनुपर्ने अवस्थाको सिर्जना गरेको छ । नेपाली कांग्रेसको स्थापनाहुँदा नै प्रजातान्त्रिक समाजवादको नारालाई अगाडि सारिएको थियो । ०४६ सालपछि नेपाली कांग्रेसमा पटक, पटक बिभाजन आउँदा शेरबहादुर देउवाले नेतृत्व गरेको समूहले आफूलाई प्रजातान्त्रिक कांग्रेस भनाउन रुचाएको देखिन्थ्यो । पछि लोकतन्त्रको नारा पनि दिइयो । आज त्यही कांग्रेसमा अप्रजातान्त्रिक गतिबिधिहरु बढेर पार्टी फेरी बिभाजित भएको छ । जुन हालको अवस्थामा महत्वपूर्ण छलफलको बिषय भएको छ । नेपाली कांग्रेसको नेतृत्व र संरचनामा जब प्रजातन्त्रको सिद्धान्तलाई नकारेर अप्रजातान्त्रिक प्रक्रियाहरु चलाउन थालियो, तब त्यसैले पार्टीको लोकतान्त्रिक चरित्रलाई कमजोर पारेको हो । नेपाली कांग्रेसलाई शुरुदेखिनै नीतिप्रधान नभएर नेता प्रधान पार्टी भएको बताइन्थ्यो । नेपाली कांग्रेसको नेतृत्व प्रायः केही प्रमुख नेताहरुको हातमा सीमित रहँदै आएको थियो । पार्टीको आन्तरिक निर्वाचन प्रक्रिया स्पष्ट र निष्पक्ष नभएकोलगायतका आरोप पनि लाग्नेगरेका थिए ।

केही नेताहरुले संगठनको संरचना र चुनाव प्रणालीमा आफ्नो प्रभाव जमाउनको लागि केन्द्रीकृत निर्णय प्रक्रिया लागूगरेको देखिएको थियो । जसले पार्टीभित्र अलोकतान्त्रिक बहस र असहमतिको निर्माणलाई मलजल गर्ने/गराउने काम गर्‍यो । नेपाली कांग्रेसभित्र नेतृत्वको केन्द्रीकरणका असरहरु बिभिन्न पक्षमा देखिन सक्छन् भन्ने आंकलन पहिलेदेखिनै हुँदै पनि आएको थियो । जसले हाल आएर पार्टीको नीति, संगठनात्मक संरचना, र यसको भविष्यलाई प्रभावित गरेको छ । केन्द्रीकरणको प्रभाव सकारात्मक र नकारात्मक दुवैरुपमा हुनसक्छ । नेतृत्वको केन्द्रीकरणगर्दा निर्णय प्रक्रिया छिटो र प्रभावकारी बनाउन सकिन्छ । एकल नेतृत्वको अन्तर्गत निर्णय लिन सजिलो हुन्छ, र यसले पार्टीलाई तात्नास्कालिक समस्यामा छिटो प्रतिक्रिया दिन मद्धत पुर्‍याउँछ । अर्कातिर सबै निर्णयहरु एक व्यक्तिको हातमा हुने भएकाले पार्टीभित्रको बहस र विचार विमर्शमा कमी आउन सक्छ । जसले दीर्घकालीन दृष्टिकोण र लोकतान्त्रिक प्रक्रिया कमजोर पार्नसक्छ । त्यसैगरी नेतृत्वको केन्द्रिकृत प्रणालीले पार्टीको संगठनात्मक संरचना केही हदसम्म सरल र छिटो छरितो बनाउन सक्छ । जसले नेतृत्वको दिशामा पार्टीलाई छिटो अगाडि बढ्न सहयोग पुर्‍याउन सक्छ । तर यसले पार्टीको तहमा अन्य नेताहरुको भूमिका घटाउन सक्छ र अन्ततः पार्टीको संस्थागत विकासमा अवरोध उत्पन्नगर्न सक्छ । यसले पार्टी भित्रको नेतृत्वको क्षमता र अनुभवको विविधता सिमित बनाउन सक्छ । त्यसैगरी एक मजबूत र स्पष्ट नेतृत्व पार्टीको लोकप्रियता बढाउन सक्छ । यसले जनतासँग प्रत्यक्ष संचारलाई पनि सजिलो बनाउन सक्छ । त्यसैगरी एकल नेतृत्वको प्रभाव बढाउँदा पार्टीभित्रका अन्य नेताहरुको भूमिका र आवाज दबिन सक्छ । यसले पार्टीभित्र असन्तोषको माहौल सिर्जनागर्न सक्छ र जनतासम्म पार्टीको छवि नकारात्मक बन्नसक्छ ।

नेतृत्वको केन्द्रीकरणगर्दा पार्टीको दिगो नेतृत्व निर्माणमा चुनौती आउन सक्छ । एउटै व्यक्तिका भरमा पार्टीको भविष्य निर्भर हुने स्थिति उत्पन्न हुनसक्छ । जसले पार्टीलाई नेतृत्वको रिक्तता वा अन्तरद्वन्दको बेला स्थिरता प्राप्तगर्न कठीन बनाउँछ । आगामी नेताहरुको लागि एक स्थिर र मजबूत संरचना बनाउने काम कठीन हुन्छ । त्यसैगरी पार्टीको नेतृत्वमा केन्द्रीकरणहुँदा पार्टीका बिभिन्न धारावाहिक नेता वा गुटहरुको आपसी द्वन्द्व घट्न सक्छ । जसले पार्टीको एकता कायम राख्न मद्धत पुर्‍याउन पनि सक्छ। अर्कातिर एकल नेतृत्वको दबावले पार्टी भित्रका बिभिन्न गुटहरुमा असन्तोष र विभाजनको कारण हुनसक्छ । यसले पार्टीलाई भविष्यमा फुट्ने जोखिममा पुर्‍याउन सक्छ । केन्द्रिकृत नेतृत्वले छोटो अवधिमा पार्टीलाई नेतृत्वको स्पष्टता र एकता प्रदानगर्न पनि सक्छ, तर दीर्घकालीनरुपमा यसले पार्टीको संस्थागत संरचना र युवा नेतृत्वको विकासमा अवरोध उत्पन्नगर्न पनि सक्छ । पार्टीको स्थिरता र समृद्धिका लागि एक सशक्त संस्थागत संरचना आवश्यक हुन्छ । केन्द्रीकरणले यसलाई कमजोर बनाउन सक्छ । नेपाली कांग्रेसको इतिहासमा नेतृत्वको केन्द्रीकरणका असरहरु शुरुमा सकारात्मक रहेका थिए । बीचमा मिश्रित भएभने हाल आएर नकारात्मक बन्नथालेका छन् । पछिल्ला बर्षहरुमा नेपाली कांग्रेसमा पार्टीभित्र आलोचनात्मक आवाजलाई दबाउन र त्यस्ता आवाजलाई बिरोधी करारगर्ने प्रवृत्ति बढेको देखिएको थियो । जसले पार्टीकोभित्रको लोकतान्त्रिक प्रक्रियालाई सुस्ताउने काम गरेको थियो । संसदीय राजनीतिका मूल्य, मान्यता र आदर्शबाट नेपाली कांग्रेस च्युत हुँदैगएकोभन्ने लगायतका आवाजहरु पनि उठेका थिए ।

नेपाली कांग्रेसभित्र देखिएको अनुशासनको कमी पार्टीको व्यवस्थापन र नेतृत्वका लागि एक गम्भीर समस्या बन्दैगएको देखिएको थियो । जसको असर पार्टीको छवि, संगठनात्मक संरचना र चुनावी परिणाममा पनि देखिनथालेको थियो । नेपाली कांग्रेसमा अनुशासनको कमी रहेकोभन्ने आवाजहरु पनि उठेका थिए । जसले नेतृत्वको समन्वयलाई कमजोर बनाएको थियो । नेपाली कांग्रेसको नेतृत्वमा समय, समयमा भिन्न मत र धारा देखापरेका थिए । सो पार्टीभित्र बिभिन्न गुटहरुको अस्तित्वले नेतृत्वलाई मजबुत बन्न दिएको थिएन । जब पार्टीको शीर्ष नेतृत्वभित्रै गुटबन्दी र अस्वस्थ्य प्रतिस्पर्धा हुन्छ, तब पार्टीका कार्यकर्ताहरुका बीचमा पनि अनुशासनको कमी देखिनथाल्छ । पार्टीभित्रका बिभिन्न नेता र कार्यकर्ताहरुका बीचमा नीति र दृष्टिकोणमा भिन्नताहुँदा पार्टीको निर्णय प्रक्रियामा असहमतिहरु उत्पन्न हुनु कुनै आश्चर्यको बिषय होइन । जसले पार्टीका गतिविधिहरुमा अस्थिरता र गडबडी ल्याउँछ । पछिल्ला दिनमा पार्टीका नेता तथा कार्यकर्ताहरुले नेतृत्वको निर्देशनलाई मान्न छाडेका चर्चाहरु पनि हुनथालेका थिए । आगामी फागुन २१ मा हुने भनिएको चुनाव नजिकिँदै गर्दा, पार्टीका बिभिन्न सदस्यहरु आफ्ना स्वार्थ र हितका आधारमा चुनावी रणनीतिमा भिन्न दृष्टिकोण राख्न थालेका थिए र छन् पनि । त्यसैले पार्टी भित्रको एकता र अनुशासनमा समस्या निम्त्याएको हो । नेपाली कांग्रेसको संगठनात्मक संरचना सुदृढ नहुनु पनि अनुशासनको कमीको एक प्रमुख कारण हो ।

जब स्थानीय र क्षेत्रीयस्तरमा पार्टीको संगठन कमजोर हुन्छ, तब अनुशासन कायम राख्न गाह्रो हुन्छ । कार्यकर्ताहरुलाई नेतृत्वको निर्देशन पालनगर्न र पार्टीको नीतिअनुसार कामगर्न प्रेरित गर्न/गराउन कठीन हुन्छ । नेपाली कांग्रेसमा पार्टीभित्र अनुशासनको कमी देखिँदा बाह्य दबाब बढेको हुनसक्छ । अन्य दलहरुको बिरोध, सामाजिक असमझ्दारी, र पार्टीका आन्तरिक समस्याले पनि अनुशासनको कमीलाई बढावा दिएको हुनसक्छ । त्यस्तो अवस्थामा पार्टी नेतृत्वको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। यस्तो अवस्थामा नेतृत्वले गुटबन्दी र असहमतिहरुलाई व्यवस्थापनगर्न सक्नुपर्नेमा त्यो पनि हुननसकेको देखिएको छ । जसलेगर्दा नेपाली कांग्रेसमा पार्टीको संगठनात्मक संरचना सुदृढ र अनुशासन कायम राख्न कठीनाई परेको देखिएको छ । नेपाली कांग्रेसका बिभिन्नस्तरका नेताहरुले व्यक्तिवादी वा पारिवारिक वर्चस्व कायमगर्ने काम गरेका पनि कतिपय उदाहारणहरु रहेका छन् । नेपाली कांग्रेसमा कुनै बेला पार्टीका निर्णयहरु आम सहमति र सम्वादको आधारमा नभइ नेतृत्वको एकतर्फी निर्णयबाट हुनेगर्दथे । जसले पार्टीभित्रको **बाँकी ७ पेजमा**

# नेपालमा महँगो हुँदैगएको राजनीति र आवधिक निर्वाचन

काठमाडौं । नेपालमा पछिल्ला बर्षहरुमा राजनीति र आवधिक निर्वाचन महँगो हुँदैगएको देखिएको छ । यसपटक सरकारले आगामी फागुन २१ मा हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनका लागि निर्वाचनका लागि १९ अर्ब ११ करोडको बजेट निकाशा हुनेभएको छ । अर्थमन्त्रालयले सो निर्वाचनमा सहभागी हुने निकायका लागि आवश्यकपर्ने रकम उपलब्ध गराउने भएको हो । निर्वाचन प्रयोजनका लागि अर्थ मन्त्रालयले १९ अर्ब ११ करोड रुपैयाँबराबरको श्रोत सहमति प्रदान गरेको छ । जसमा निर्वाचन आयोगका लागि ६ अर्ब ७३ करोड रुपैयाँ, गृह मन्त्रालय १० अर्ब ३९ करोड रुपैयाँ र रक्षा मन्त्रालयले १ अर्ब ९९ करोड रुपैयाँ बराबरको श्रोत सहमति पाएको बताइएको छ । ०७९ मंसिर चारको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन प्रयोजनका लागि यी तीन निकायले १७ अर्ब ९ करोड ९९ लाख रुपैयाँ बराबरको श्रोत सहमति पाएका थिए । जसमा सबैभन्दा धेरै गृहले ८ अर्ब ७२ करोड ७३ लाख रुपैयाँ, निर्वाचन आयोगले ८ अर्ब ३५ करोड २ लाख रुपैयाँ र रक्षा मन्त्रालयले सबैभन्दा कम २ करोड १९ लाख रुपैयाँ बराबरको श्रोत सहमति दिइएको अर्थ मन्त्रालयले जानकारी दिएको थियो । उक्त रकममध्ये ९०.८९ प्रतिशत अर्थात् १५ अर्ब ५४ करोड १९ लाख रुपैयाँमात्र खर्च भएको थियो । रक्षाले श्रोत सहमतिको सम्पूर्ण रकम खर्चगर्दा गृहले ९९.७७ प्रतिशत र निर्वाचन आयोगले ८१.५९ प्रतिशत मात्र रकम खर्च गरेको थियो। आगामी निर्वाचनका लागि यी तीन निकायले २१ अर्ब ७२ करोड रुपैयाँ बराबरको श्रोत सहमति माग गरेका थिए । त्यसमा दुई अर्ब ६१ करोड रुपैयाँ कटौतीगर्दै अर्थले श्रोत सहमति प्रदान गरेको समाचार बाहिर आएको छ । यसअघि अर्थमन्त्रालयले निर्वाचन आयोग, गृह मन्त्रालयलाई निर्वाचन खर्चका लागि आवश्यकपर्ने रकमको श्रोत सुनिश्चिता प्रदान गरिसकेको थियो। अहिले रक्षा मन्त्रालयलाई निर्वाचन खर्चका लागि श्रोत सुनिश्चिता प्रदान गरेसँगै बजेट टुंगोमा पुगेको हो ।

जसअनुसार अर्थमन्त्रालयले रक्षा मन्त्रालयलाई निर्वाचन प्रयोजनका लागि एकअर्ब ९९ करोड रुपैयाँ बराबरको श्रोत सहमति प्रदानगरेको छ । पछिल्लोपटक आयोगलाई छअर्ब ७३ करोड रुपैयाँबराबरको श्रोत सहमति प्रदान गरिएको छ । सरकारले ०७९ बैशाख ३० गते स्थानीय तहको निर्वाचन गरायो । त्यसैबर्षको मंसिर चारगते प्रतिनिधिसभा तथा प्रदेश सभाको निर्वाचन पनि गराएको थियो । त्यतिबेला उम्मेदवारी दिनेहरुले लाखदेखि करोड खर्च गरेर पार्टीबाट टिकट लिएका थिए । चुनाव जित्नका लागि वडाध्यक्षले करोड र सांसद्ले १० करोडसम्म खर्च गरेका छन् । कतिपयले एक भोटको पाँच हजार रुपैयाँसम्म तिरेका छन् । ठूलो खर्च गरेर चुनाव जित्ने काम भएको छ । कतिपयले त ठूलो खर्च गरेर पनि चुनाव हारे । चुनाव लड्नलाई कतिपयले आफ्नो घरखेतनै बेचेका छन् । जायजेथो बेचेर उनीहरुले चुनावमा खर्च गरे । कतिपयले चुनावकै लागि आफ्नो शेयर बेचे । बैंक तथा वित्तिय संस्थाबाट ऋण लिएर पनि चुनाव लड्ने काम भयो । तीन बर्षअगाडि बैंक, सहकारी, लघुवित्त, फाइनेन्सले बिना धितो ऋण दिन्थ्यो । चुनावमा अधिकांश निर्माण व्यवसायी लडेका थिए । उनीहरुका लागि त्यतिबेला सहज वातावरण थियो । सबैभन्दा बढी कमाइगर्ने क्षेत्र निर्माण थियो । तर, अहिले निर्माण व्यवसायीकै बिल्लीबाठ भएको छ । सरकारले उनीहरुको ४५ अर्ब भुक्तानी रोकेर राखेको छ । जसका कारण उनीहरुलाई चुनाव लड्न समस्या छ ।

भुक्तानी माग्दै उनीहरु सरकारका धाइरहेका छन् तर सरकार दिनसक्ने अवस्थामा छैन । आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुनेभनिएको छ । अहिले पहिलेको जस्तो खर्चगर्ने श्रोत कसैसँग छैन । टिकटका लागि पार्टीलाई बुझाउने पैसा त छैन । पार्टीले टिकट दिएपनि चुनावमा खर्चगर्न सक्ने स्थिति पनि छैन । चाहेर पनि पैसा निकाल्ने ठाउँ छैन । किन कि आर्थिक क्षेत्र डामाडोल बन्दैगएको छ । सहकारी डुबिहाल्यो, भागिहाल्यो । बैंक आफैं संकटको अवस्थामा छ । बैंकले भोलिदेखि पाँच लाखभन्दा माथि रकम दिँदैन । घरजग्गा बेचौं, दाम ह्वात्तै घटेको छ । पहिले आनाकै ६० लाखदेखि १४ करोड जाने जग्गाको मूल्यनै छैन । ३२०० को शेयर २५०० मा झरेको छ । पैसा छैन, खर्च नगरिकन भोट पाइँदैन । पैसा नबाँडेसम्म, मासु र रक्सी नखुवाएसम्म जनताले भोट दिँदैनन् । हार्नलाई किन चुनाव लड्नु ? पैसा नभएकै कारण यसपटकको चुनावमा धेरै उम्मेदवारी दिनबाट पछि हट्दै छन् । चाहेर पनि चुनाव लड्न सक्ने स्थिति छैन । उम्मेदवारहरुले पार्टी र जनताको बानी बिगारे । पार्टीलाई टिकटबापत करोडौं खाने स्वाद परिसकेको छ । जनतालाई भोटको पैसा आउँछ भन्ने छ । यिनीहरुले नसिकाएको भए पार्टी र जनताको बानी बिग्रिदैनथ्यो । नेताहरुले 'आफ्नो खुट्टामा आफैं बञ्चरो' हान्ने काम गरेका छन् । पहिले संसद्मा अधिकांश ठेकेदार र निर्माण व्यवसायी हुन्थें । संसदमा ठेकेदार र निर्माण व्यवसायीले राज चलाएका थिए । यसपटक दृश्य केही फेरिने देखिएको छ । भुक्तानीका लागि रोइँलो गरिरहेका अधिकांश निर्माण व्यवसायी चुनावनै नलड्ने देखिन्छ । अहिले चुनाव लडेर फाइदा छैन भन्नेपनि उनीहरुले बुझिसकेका छन् । देशको ढुकुटी टाँट पल्टिएको अवस्थामा छ । सरकारसँग पैसा छैन, राजश्व उठेको छ । व्यापार व्यवसाय डामाडोल अवस्थामा छ । सरकार कटौतीका लागि सरकारले आयोजनाहरु भटाभट रद्ध गरिरहेको छ । सबैभन्दा बढी भ्रष्टाचार हुने निर्माणतर्फ हो । निर्माण आयोजना नै नभएपछि कहाँबाट भ्रष्टाचार गर्ने ? भ्रष्टाचार नगरिकन चुनावमा गरेको खर्च कसरी उठाउने ? त्यसैले पनि धेरै चुनाव नलड्ने भएका हुन् । आउँदो निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधिलाई सरकारले तलब खुवाउन सक्ने स्थिति छैन । देशमा ३८ हजार जनप्रतिनिधि छन् । एउटा जनप्रतिनिधिलाई मासिक ५० हजारदेखि **बाँकी ७ पेजमा**

# नेपाली कांग्रेसमा बढेको कलह र आगामी निर्वाचन

**यो साताको बिशेष**

**नेपाली कांग्रेसको बिवाद :** नेपाली कांग्रेसमा एकाएक बिवादको अवस्था सिर्जना भएको छभने सो बिवादका कारण आगामी फागुन २१ बाट हुने भनिएको प्रतिनिधिसभाको निर्वाचन प्रभावित हुने चर्चाहरु चलेका छन्। तर सरकारी पक्षले निर्वाचन तोकिएकै मितिमा हुने जनाएको छ। नेपाली कांग्रेसमा देखिएको बिवादको व्यवस्थापन हुन नसकेमा सो पार्टीको ठूलै तप्का निर्वाचन बाहिर हुनसक्ने देखिएको छ। शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेस केन्द्रीय कार्य समितिको हिजो शनिबार बसेको बैठकले पार्टीको आधिकारिकताका लागि तत्काल कानूनी र सडक आन्दोलन थाल्ने निर्णय गरेकाले स्थिति अन्योलपूर्ण बनेको छ। देउवा पक्षको हिजोको बैठकमा केन्द्रीय कार्य सम्पादन समितिका पदाधिकारी एवं सदस्यहरुको उपस्थिति रहेको थियो। निर्वाचन आयोगले नेपाली कांग्रेसको आधिकारिकता गगनकुमार थापा नेतृत्वको कार्यसमितिलाई दिएकोप्रति शेरबहादुर देउवा पक्षले आपत्ति जनाएको छ। देउवा पक्षका प्रवक्ता डा. प्रकाशशरण महतले आयोगले विधि र प्रक्रियाको धज्जी उडाएको आरोप लगाउनु भएको छ। आयोगको निर्णयप्रति प्रतिक्रियादिँदै उहाँले अब आफूहरु कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफलमा रहेको बताउनु भएको छ। निर्वाचन आयोगको गत शुक्रबार बसेको बैठकले गगनकुमार थापा नेतृत्वको नेपाली कांग्रेसलाई आधिकारिकता दिएको थियो। गत पुस २७ देखि ३० सम्म काठमाडौंको भृकुटीमण्डपमा भएको विशेष महाधिवेशनबाट थापा सभापति चयन भएको भनिएको थियो। नेपाली कांग्रेस भूराजनीतिको चपेटामा परेर बिभाजनमा पुगेको छभने पार्टीका सभापति तथा बयोबृद्ध नेता शेरबहादुर देउवालाई किनारा लगाउन खोज्ने महामन्त्रिद्वय गगन थापा र बिश्वप्रकाश शर्माले पार्टी कब्जागर्ने प्रयास गरिरहेको देखिएको छ। नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले बिशेष महाधिवेशनको निर्णय आउनु अगाबै जबरजस्त पार्टी फुटाउन प्रयासगर्ने महामन्त्रिद्वय थापा र शर्मामाथि कारवाही गरेको थियो। विशेष महाधिवेशन पक्षधरहरु पनि आफ्नै ढंगले अगाडि बढेका थिए। नेपाली कांग्रेसको संस्थापन पक्ष र विशेष महाधिवेशन आयोजक समितिले गत बिहीबार र शुक्रबार आआफ्ना निर्णयबारे निर्वाचन आयोगलाई जानकारी गराएका थिए। कांग्रेस केन्द्रीय कार्यालय सानेपामा गत बुधबार बसेको केन्द्रीय कार्यसमिति बैठकले महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई कारवाही गरिएको विषय निर्वाचन आयोगलाई जानकारी गराइएको थियो/। त्यसै गरी कांग्रेसको विशेष महाधिवेशन आयोजक समितिले गत पुस २७ गतेदेखि काठमाडौंको भृकुटीमण्डपमा विशेष महाधिवेशन आह्वान गरिएको लिखित जानकारी निर्वाचन आयोगलाई दिएको थियो/। निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले कांग्रेसको विशेष महाधिवेशनबारे आयोग जानकार रहेको बताउनु भएको छ। आयोगले छोटो अवधीमै कांग्रेसको आधिकारिकताबारे निर्णय दिएर सबैलाई आश्चर्य चकित बनाएको छ।

**आयोगका आधार :** निर्वाचन आयोगले गत शुक्रबार बहुमतका आधारमा नेपाली कांग्रेसका तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको आह्वानमा भएको विशेष महाधिवेशनलाई वैधता दिने निर्णय गरेको थियो। १४ औं महाधिवेशनबाट सभापतिमा निर्वाचित शेरबहादुर देउवा समूह र गत पुस २७ देखि ३० गतेसम्म काठमाडौंमा विशेष महाधिवेशन गरेर थापा नेतृत्वमा चुनिएको नयाँ कार्यसमितिले आफूलाई आधिकारिकता दिन दावी




गरेका थिए। थापा नेतृत्वको समितिले गत बिहीबार र देउवा नेतृत्वको समितिले शुक्रबार आयोगमा आधिकारिकताको दाबिसहितका कागजात बुझाएका थिए। त्यसपछि कार्यवाहक निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, तथा आयुक्तद्वय सगुन शमशेर जबरा र जानकी तुलाधरको बैठकले बहुमतबाट निर्णय गरेको थियो। बाहिर प्रचारमा आएका समाचार बिवरणहरुअनुसार कार्यवाहक प्रमुख आयुक्त भण्डारी र आयुक्त जबरा विशेष महाधिवेशनलाई वैधता दिनुपर्ने पक्षमा उभिनु भएको थियोभने आयुक्त तुलाधर १४ औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई वैधता दिनुपर्ने पक्षमा उभिनु भएको थियो। कार्यवाहक प्रमुख आयुक्त भण्डारी र आयुक्त जबराले विशेष महाधिवेशन पार्टीको सर्वोच्च निकाय रहेकाले त्यसको निर्णयलाई आधिकारिकता दिनुपर्ने मत राख्नुभएको थियो।

आयुक्त तुलाधरले विशेष महाधिवेशनलाई वैधता दिन नहुने बताए पनि के कारणले वैधता दिन नहुनेभन्ने नबताएको भनिन्छ। आयोगले राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ अनुसार थापा नेतृत्वको समितिलाई आयोगमा अद्यावधिकगर्ने निर्णय बहुमतले गरेको हो। त्यो दफामा कुनैपनि राजनीतिक दलमा पदाधिकारी हेरफेर भए दल दर्ता किताबमा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्थाअनुसार थापा नेतृत्वको कार्यसमितिले गत बिहीबार विशेष महाधिवेशनबाट सर्वसम्मत निर्वाचित समितिलाई अद्यावधिक गरिदिन निवेदन दिएको थियो। निर्वाचन आयोगको बहुमतको निर्णयमा कांग्रेसको विधान १७(२) मा रहेको ४० महाधिवेशन प्रतिनिधिले माग गरेपछि विशेष महाधिवेशन बोलाउनुपर्ने व्यवस्थालाई बाध्यकारी भएको उल्लेख गरिएको छ। तत्कालीन केन्द्रीय कार्यसमितिले ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले कारण खोलेर गरेको मागलाई अनदेखा गरेर जान नमिल्ने विधानअनुसार देखिएको निर्णयमा लेखिएको बताइन्छ। यद्यपि आयोगको निर्णयहरु आधिकारिक रुपमा सार्वजनिक भैसकेका छैनन्। केन्द्रीय समितिले विधानअनुसार ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले कारण खोलेर गरेको मागलाई अनदेखागर्न मिल्दैनथ्यो भन्ने आयोगको ठहर रहेको देखिउको छ। केन्द्रीय समितिले नियमित अधिवेशन बोलाएपछि भएपनि महामन्त्रीद्वयले बोलाएको विशेष महाधिवेशन प्रक्रियासम्मत मान्नुपर्छ भन्ने कतिपयको तर्क रहेको छ। केन्द्रीय कार्यालयको रेखदेखगर्ने जिम्मेवारी विधानले महामन्त्रीलाई दिएकाले दुई महामन्त्रीले आह्वान गरेको विशेष महाधिवेशनलाई अन्यथा भन्न नमिल्ने आयोगको दाबि देखिएको छ। पार्टीको विधानमा रहेका व्यवस्थाहरुलाई निर्णयको मुख्य आधार बनाएको आयोगले महाधिवेशन मागगर्न पाउने विधानको व्यवस्थालाई केन्द्रीय समितिले अनदेखा गर्नुलाई लोकतान्त्रिक अभ्यासमाथि नियन्त्रण भनेको छ। निर्णयमा कांग्रेसको अभिलेखबाट साबिकको शेरबहादुर देउवा नेतृत्वको कार्यसमितिको नामावलीलाई हटाएर थापाको सभापतित्वमा विशेष महाधिवेशनबाट चयन भएका पदाधिकारी र सदस्यहरुको नाम राख्न सचिवालय लाई निर्देशन दिइएको थाहा भएको छ। निर्वाचन आयोगले राजनीतिक दलसम्बन्धी ऐन, संविधान र नेपाली कांग्रेसको विधानमा टेकेर निर्णय लिइएको बताएको छ। विधानबमोजिम ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन मागगर्न पाउने व्यवस्था, विधानतः महाधिवेशन प्रतिनिधि नै सर्वोच्च प्रतिनिधि हुने देखिएको र विशेष महाधिवेशन माग गरेको विषयमा कसैको विमति नदेखिएकोले विशेष महाधिवेशन आयोजना विधानतः भएको आयुक्तहरुको बहुमतको निर्णयमा उल्लेख रहेको बताइन्छ। आयोगको यो निर्णयसँग कांग्रेसको सभापति थापा, उपसभापतिमा विश्वप्रकाश शर्मा र पुष्पा भुसाल, महामन्त्रीमा प्रदीप पौडेल र गुरुराज घिमिरेको नाम अद्यावधिक हुनेभएको छ। त्यस्तै सहमहामन्त्रीमा फरमुल्लाह मन्सुर, उदय शमशेर राणा, डा.डिला संग्रौला पन्त, योगेन्द्र चौधरी, कर्णबहादुर बुढा, प्रकाश रसाइली स्नेही, बहादुरसिंह लामा र मुक्ताकुमारी यादवको नाम अद्यावधिक हुने भएको छ। गत बिहीबार बिहान सर्वसम्मत रुपमा थापाको नेतृत्वमा १३ पदाधिकारीसहित १३५ सदस्यीय केन्द्रीय समिति घोषणा गरिएको थियो। आयोगले चित्त नबुझे अदालत जाने बाटो खुला राखेर निर्णय गरिएको देउवा समूहलाई जानकारी गराएको छ। विधि र विधानको धज्जी उडाएर आयोगले निर्णय गरेको प्रारम्भिक प्रतिक्रिया दिएको देउवा पक्ष आज आइतबार आयोगको निर्णयविरुद्ध अदालत जाने तयारीमा छ। थापा समूहलाई आधिकारिकता दिएपछि आयोग परिसर पुगेका नेपाली कांग्रेस देउवा पक्षका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले आयोगको निर्णय मान्य नहुने र आफूहरु अदालत जाने बताउनुभएको थियो। उहाँले आयोगको निर्णय मान्य छैन। वैधानिक, राजनीतिक र कानूनी सबै लडाइँ लड्छौं। सबै सेटिङमा भएको छ। प्रक्रियागत रुपमा षड्यन्त्रपूर्ण निर्णय आएको छ। कांग्रेसको विधानविपरीत निर्णय आएको छ भन्नुभएको थियो। गगन थापाले आफू नेतृत्वको समितिले आधिकारिकता पाएपछि विशेष महाधिवेशन कुनै विवादको विषय नभएको र निर्वाचन आयोगले संविधान, प्रचलित कानून तथा पार्टी विधानअनुसार निर्णय गरेको बताउनु भएको छ। आयोगको निर्णयलाई थापाले कांग्रेसमा सार्थक परिवर्तन र देशको समुन्नतिका लागि गरिएको इमानदार प्रयासको साझा प्रतिफलकारुपमा व्याख्या गरेको देखिएको छ।

**कार्यसमिति घोषणा :** नेपाली कांग्रेसको गगन थापा समूहले गत साता आफ्नो पक्षको विशेष



महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको नाम घोषणा गरेको थियो। काठमाडौंमा गत साता आइतबारदेखि जारी विशेष महाधिवशेनबाट पार्टी सभापतिमा गगनकुमार थापा, उपसभापतिमा विश्वप्रकाश शर्मा र पुष्पा भुसाल तथा महामन्त्रीमा प्रदीप पौडेल र गुरुराज घिमिरे निर्वाचित हुनुभएको केन्द्रीय निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता सीताराम केसीले जानकारी दिनुभएको थियो। पार्टीको सहमहामन्त्री डा डिला संग्रौला पन्त (महिला), प्रकाश रसाइली स्नेही (दलित), बहादुरसिहं लामा (आदिवासी जनजाति), उदयशम्शेर राणा (खसआर्य), मुक्ताकुमारी यादव (मधेसी), फर्मुल्ला मन्सुर (मुस्लिम), योगेन्द्र चौधरी (थारु) र कर्णबहादुर बुढा (पीडिएको क्षेत्र) निर्वाचित हुनुभएको छ। त्यस्तै खुला ३५ केन्द्रीय सदस्यतर्फ गोपालमान श्रेष्ठ, ओमकारप्रसाद श्रेष्ठ, अर्जुननरसिंह केसी, राजेन्द्रकुमार केसी, अर्जुनप्रसाद जोशी, सुरेशकुमार योङ्या, चिनकाजी श्रेष्ठ, सुधिर शिवाकोटी, भरत शाह, मधु आचार्य, अमृत अर्याल, ध्रुव वाग्ले, देवराज चालिसे, विनोद चौधरी, मोहन आचार्य, उज्वल बराल, जनक गिरी र देवप्रसाद तिमिल्सिना निर्वाचित हुनुभएको छ। त्यस्तै, जयबाबु शिवाकोटी र प्रेमबहादुर खड्का, जयराम लामिछाने, वसन्त भट्टराई, प्रदीप शर्मा, जगत जोशी, प्रमोदहरि गुरागाईं, डा केदारनरसिंह केसी, विदुर बस्नेत, तीर्थजंग शाही, भरत खड्का, सुवास पोखरेल, शम्भु बुढाथोकी, धर्मराज गौतम, टेकराज पौडेल, तिलक रानाभाट र राजेन्द्र गोपाल सिंह खुला केन्द्रीय सदस्य निर्वाचित हुनुभएको निर्वाचन समितिले जनाएको छ। महिला खुल्ला नौ सदस्यीय केन्द्रीय सदस्यमा चम्पादेवी खड्का, धना खतिवडा, नानु बास्तोला, चिनु पोखरेल, जानकी सिंह, प्रतिमा गौतम, गीता सत्याल, सन्तोषी साउँद ऐर र दिलकुमारी राई निर्वाचित हुनुभएको छ। केन्द्रीय सदस्य कोशी प्रदेशतर्फ शारदादेवी कोइराला, हिमालय कर्माचार्य र अग्नि पौडेल, मधेसतर्फ मधु शाही, रामानन्द यादव र बजरङ्ग नेपाली, बागमतीतर्फ उमा दाहाल, जितनारायण श्रेष्ठ र रमेश धमला निर्विरोध चयन हुनुभएको छ। गण्डकीतर्फ विष्णुदेवी पाण्डे, रेशम बानियाँ र कृष्ण केसी, लुम्बिनीतर्फ पवित्राकुमारी अर्याल, केशव आचार्य र रामबहादुर कार्की, कर्णालीतर्फ रमादेवी खड्का, दिक्पाल शाही र नारायण भट्टराई तथा सुदूरपश्चिमतर्फ निपा चोख्याल, हिमबहादुर रावल र नरेन्द्रप्रसाद भट्ट निर्वाचित हुनुभएको छ। केन्द्रीय सदस्य (अपाङ्गता)तर्फ प्रकाश पन्त, (अल्पसंख्यक)तर्फ शिवनारायण सिं गनगाई, केन्द्रीय सदस्य दलिततर्फ मैकुलाल बाल्मिकी, शिवबहादुर सुनार, धर्म नेपाली दर्जी, सूर्य विक र दिनेश सुनार निर्वाचित हुनुभएको छ। केन्द्रीय सदस्य आदिवासी जनजाति (महिला)तर्फ सपना राजभण्डारी, प्रमिला राई, मनकुमारी गुरुङ, कुशुमदेवी थापा मगर, लीलादेवी बोखिम लिम्बू, डा अमिता प्रधान र छोन्दुल्होम शेर्पा, आदिवासी जनजाति खुलातर्फ तारामान गुरुङ, अष्टकुमार कवे, छन्दबहादुर पहराइ मगर, नगेन्द्र कुमाल, शम्भुलाल श्रेष्ठ, भीम श्रीष, नरेन्द्र केरुङ र दिपेन श्रेष्ठ चयन हुनुभएको छ। केन्द्रीय सदस्य ( खसआर्य महिलातर्फ) उमा सिवाकोटी, बाला अधिकारी, मुना भुसाल, इन्दिरा कार्की, विनिता खड्का र सम्झना खत्री, खसआर्य खुलातर्फ विजय स्वार, मथुरा घिमिरे, जगदीशचन्द्र उपाध्याय, विष्णुकुमार कार्की, विश्वनाथ रिजाल, केशव भेटुवाल र कमल भुसाल निर्वाचित हुनुभएको छ। केन्द्रीय सदस्य (मधेसी महिलातर्फ) अञ्जु झा, चन्द्रकलाकुमारी यादव, गोमा अन्सारी र र निलम साह, (मधेसी खुला)मा रामपल्टन शाह, नागेन्द्र शाह, राधेश्याम पाठक, सनिलकुमार यादव र रामरुप प्रसाद निर्विरोध हुनुभएको छ। केन्द्रीय सदस्य (मुस्लिम महिला) पदमा सनम वेगम, मुस्लिम खुल्ला पदमा अब्दुल रज्जाक गद्दी र अब्दुल सत्तार, थारु महिलामा नवोदिता चौधरी र सुनिता राना, थारु खुल्लातर्फ सुरेन्द्रप्रसाद चौधरी र गोपाल दहित तथा पीछडिएको क्षेत्रतर्फ खुल्ला केन्द्रीय सदस्यमा दीपकजंग शाह निर्वाचित हुनुभएको भनिएको छ।

**१७५ ले नाम फिर्ता लिए :** यता कांग्रेसको बिवाद चलिरहेको छभने यता आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिकतर्फको बन्दसूचीबाट कूल १७५ जना उम्मेदवारले नाम फिर्ता लिएका छन्। निर्वाचन आयोगले उपलब्ध गराएको अन्तिम विवरणअनुसार १७ चुनाव चिन्हका (एकलसहित) उम्मेदवारले नाम फिर्ता लिएका हुन्। बन्दसूचीमा नाम समावेश भएका उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा गत पुस २८ गते बिहान १०:०० बजेदेखि ४:०० बजेसम्मको समय निर्धारण गरिएको थियो। नाम फिर्तालिने विषयमा आयोगले सूचना प्रकाशितगरी जानकारी गराएको थियो। आयोगले उम्मेदवार आफैँ उपस्थित भएर वा वारेसमार्फत पनि नाम फिर्ता लिनसक्ने व्यवस्था गरेको थियो। तोकिएको समयसीमाभित्र एकलसहित १७ चुनाव चिन्हका **बाँकी ८ पेजमा**

# नेपालमा बढ्दै गएको अमेरिकी साम्राज्यवादको दबदवा

मोहनबिक्रम सिंह



नेपालका पूराना राजनीतिक पार्टीहरु एमाले, काँग्रेस र तत्कालीन माओवादीसमेतले अमेरिकी साम्राज्यवादपरस्त नीति अपनाउँदै आएका थिए। उनीहरुले सांसदद्वारा एमसीसी पारित गरेकोसमेत कुराबाट त्यो कुरा प्रष्ट हुन्छ। तर उनीहरुको त्यस प्रकारको सेवा पनि अमेरिकी साम्राज्यवादको लागि पर्याप्त थिएन। उनीहरुले एमसीसीलाई पारित गरे पनि एसपीपीलाई पारित गरेका थिएनन्। उनीहरुले एक चीनको नीति अपनाएका थिए र त्यसलेगर्दा स्वतन्त्र तिब्बतको नीतिलाई पनि उनीहरुले समर्थन गरेका थिएनन्। उनीहरुले चीनप्रति पनि मैत्रीपूर्ण नीतिनै अपनाएका थिए र त्यसप्रति पूरै शत्रुतापूर्ण नीति अपनाएका थिएनन्। ती कारणहरुले गर्दा अमेरिकाले पूरै नै उनीहरुमाथि भरपरेको थिएन। त्यसैले अमेरिकाले उनीहरुका ठाउँमा पूरै नै अमेरिकाको निर्देशन अनुसार चल्ने राजनीतिक शक्ति वा कठपुतली सरकारको निर्माण गर्न चाहन्थ्यो र त्यसका लागि योजनाबद्ध प्रकारले काम पनि गरिरहेको थियो। अमेरिकाले कुनै देशमा आफ्ना साम्राज्यवादी उद्देश्य पूरागर्न सधैं एउटै पार्टी वा शक्तिमाथि विश्वास गर्दैन। त्यसले एकैसाथ बेग्लाबेग्लै शक्तिहरुलाई प्रयोग गरिरहेको हुन्छ र आवश्यकता अनुसार तासका पत्तिहरुझैं त्यसले बेग्लाबेग्लै समयमा बेग्लाबेग्लै शक्तिहरुलाई प्रयोगगर्ने गर्दछ। त्यही प्रक्रियाअनुसार त्यसले पहिले नेपालका कतिपय राजनीतिक पार्टीहरुलाई प्रयोग गरे पनि नयाँ-नयाँ शक्तिहरु निर्माणगर्ने र प्रयोगगर्ने काम गरिरह्यो।

त्यो क्रममा नै त्यसले कथित स्वतन्त्र पार्टी वा घण्टी पार्टीको निर्माण गरेको थियो र हामीले शुरुदेखि नै त्यो कुरा स्पष्ट गर्दैआएका छौं। नेपालको जेनजी युवाहरुको आन्दोलन प्रकटरुपमा जेनजीहरुको स्वतःस्फूर्त आन्दोलन थियो। तर त्यसका पछाडि मुख्यरुपले अमेरिकी साम्राज्यवादको रणनीतिलेनै काम गरेको थियो र नेपालका जेनजी युवाहरु थाहै नभईकन अमेरिकाको त्यो चक्रव्युमा फस्नपुगेका थिए। जेनजी युवाहरुलाई कुन हदसम्म प्रयोग गरिएको थियो,त्यो कुरा गत भदौ २४ गते देशव्यापीरुपमा भएका तोडफोड, आगलागी वा ध्वंसात्मक कार्यहरुबाट पनि प्रष्ट हुन्छ। ती सबै कार्यहरु जेनजी युवाहरुको योजनामा सामेल थिएनन्। तर जेनजी आन्दोलनको नाममा नै ती सबै कार्यहरु भएका थिए। उनीहरुलाई कसरी त्यस प्रकारका ध्वंसात्मक कार्यहरुमा सामेल गराइयो, त्यो अत्यन्त रहस्यपूर्ण विषय हो। जेनजी आन्दोलनसित जोडिएको कथित जेनजीहरुको भूमिकातिर पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ।

जेनजी भन्दाखेरि २८ वर्ष सम्मका युवाहरुनै आउँछन्। तर त्यो आन्दोलनको सञ्चालन वा नेतृत्वगर्ने व्यक्तिहरु २८ वर्ष भन्दा माथिका व्यक्तिहरु बढी थिए। त्यसरी यो कुरा स्पष्ट शब्दमा भन्न सकिन्छकि उनीहरु जेनजी थिएनन् र, त्यसैले, उनीहरुलाई कथित जेनजीहरु भन्न सकिन्छ। यो कुरा अब स्पष्टरुपले प्रकाशमा आइसकेको छकी जेनजी आन्दोलनको नेतृत्व जेनजीहरुले होइन, कथित जेनजीहरुले नै गरेका थिए। यो कुरा पनि अब धेरै तिरबाट पुष्टि छकि त्यस प्रकारका कथित जेनजीहरु अमेरिकाको साम्राज्यवादी रणनीति अनुसार नै सञ्चालित भएका थिए। उनीहरुको वास्तविक उद्देश्य अमेरिकी साम्राज्यवाद परस्त भएपनि अमेरिकी रणनीतिक आवश्यकताका लागि अयोग्य भइसकेका पूराना पार्टी वा नेताहरुलाई विस्थापित गरेर सिँधै अमेरिकाको पूरै निर्देशनमा चल्ने तत्वहरुलाई स्थापित गरेर वा सत्तामा ल्याएर नेपालमा अमेरिकाको रणनीतिलाई सशक्त आधार तयार पार्नुनै रहेको थियो र स्पष्ट शब्दमा भन्नेहोभने जेनजी आन्दोलनका पछाडिको अमेरिकाको उद्देश्य नेपालमा एउटा कठपुतली सरकारको निर्माणगर्ने नै रहेको छ। अब जेनजीहरु सायद कतै हराइसकेका छन् वा तितरबितर भएका छन्। उनीहरु कैयौं ग्रुपहरुमा विभाजित भएर अस्तित्वविहीन पनि हुँदैगएका छन्। उनीहरु कुनै ग्रुपहरुमा बाँडिएको वा बेग्लाबेग्लै राजनीतिक दलमा सामेलहुँदै गएको वास्तविकतामाथि बिचारगर्दा अब नेपालमा जेनजी आन्दोलनजस्तो कुनै चिज अस्तित्वमा भएको कुरा छर्लङ्ग भएको छ। तर कथित जेनजीहरुले अहिले पनि आफूलाई जेनजीहरुको आन्दोलनको नेतृत्व बताएर नयाँ परिपेक्षमा अमेरिकी साम्राज्यवादको रणनीतिलाई पूरागर्न प्रयत्न गरिरहेका छन्। त्यो कुरा दिनको उज्यालो झै झन पछि झन छर्लङ्ग हुँदैगएको छ। जस्तोकी माथि लेखियो, अमेरिकाले संसारका बिभिन्न देशहरुमा र नेपालमा पनि कैयौं एजेन्सी वा सञ्जाल बनाएर आफ्ना साम्राज्यवादी उद्देश्यहरु पूरागर्ने प्रयत्न गर्दछ र त्यसले तासका पत्तिहरु फिटेझैं कुनै बेला एउटालाई र कुनै बेला अर्कोलाई अगाडि ल्याउने गर्दछ। जेनजी आन्दोलनसित सम्बन्धित कथित जेनजीहरु जेनजी आन्दोलनको दौरानमा अगाडि आएका अमेरिकाका प्रत्यक्ष गोटीहरु नै हुन्। अमेरिकाको रणनीति यो रहेको छकी आगामी चुनावमा त्यस प्रकारका तत्वहरुनै बहुमत प्राप्तगरेर सत्तामा आउन। त्यसैले, त्यसले बारम्बार उनीहरुलाई एकै ठाउँमा ल्याएर बहुमतको सरकार बनाउने प्रयत्न पनि गर्दछ। तर त्यसको त्यो प्रयत्न सधैं सफल हुन्न र त्यस प्रकारका कैयौं प्रयत्नहरु कैयौं पल्ट असफल पनि हुने गर्दछन्। जेनजी आन्दोलनका दौरानमा जुन कथित जेनजीहरु अगाडि आएका छन्, त्यो बाहेक नेपालका बिभिन्न राजनीतिक पार्टीहरुमामात्र होइन, देशका बिभिन्न सामाजिक, बौद्धिक, नागरिक, प्रशासनिक, न्यायिक वा सुरक्षाको क्षेत्रमा पनि अमेरिकाले लगातार घुसपैठगर्ने र त्यसरी देशव्यापी रुपमा आफ्नो सञ्जाल तयारपार्ने प्रयत्न गरिरहन्छ। त्यो क्रममा अमेरिकी एम्बेसीको मातहतमा सञ्चालित युवा काउन्सिलको नाम पनि विशेषरुपले उल्लेखनीय छ। उनीहरुको माध्यमद्वारा त्यसले यो फोविया पनि फैलाएको छ कि देशमा राजनीति नेतृत्व वा सरकारको नेतृत्वको लागि पनि पूराना राजनीतिक नेताहरुको ठाउँमा पूरै नयाँ पुस्ताका युवाहरु नै आउनुपर्दछ र उनीहरुद्वारा नै देशमा भ्रष्टाचार र कुशासनको निवारण वा देशको दिगो विकास हुन सक्दछ। कुनै पनि देशको र नेपालको इतिहासमा पनि युवा बिद्यार्थीहरुको महत्वपूर्ण भूमिका हुन्छ र देशको भविष्य पनि उनीहरुमाथि नै निर्भर हुन्छ। तर उनीहरुमा सही राजनीतिक दृष्टिकोण, सही राजनीतिक समझदारी वा देशभक्तिको भावना भएमा नै उनीहरुले त्यस प्रकारको सकारात्मक भूमिका खेल्न सक्दछन्।

अन्यथा, संसारभरिको र नेपालको पनि अनुभवले बत्ताउँछ, जेनजी उमेरसमूहका युवाहरु कैयौं प्रकारका असामाजिक, भ्रष्ट वा अपराधजन्य कार्यहरुमा पनि लागेका पाइन्छन् र तिनीहरुको संख्या पनि संसारमा वा नेपालमा पनि कम छैन। त्यस्तो अवस्थामा जेनजीमात्र भनेर हुँदैन, उनीहरुमा दृष्टिकोण र समझदारी वा उनीहरुमा देशभक्तिको भावना कति छ, त्यसले पनि उनीहरुको भूमिकाको **बाँकी ७ पेजमा**

# प्रगतिशील महिलासंघले आठ मार्चमा कार्यक्रमगर्ने




काठमाडौं। नेपाल कम्युनिष्ट पार्टीको भगिनी संगठन अखिल नेपाल प्रगतिशील महिला संघको भेला गत पुस २७ गते काठमाडौंमा सम्पन्न भएको छ। नेपाल कम्युनिष्ट पार्टी महिला समुदायसँग राष्ट्रिय अभियान-०८२ काक्रममा भएको उक्त भेलाले ४५ सदस्यी राष्ट्रिय भेला आयोजक तयारी समिति गठनगर्दै र आगामी अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ८ मार्चका दिन राष्ट्रिय भेला सम्पन्नगर्न तयारीमा लाग्ने निर्णयलिदै त्यसका लागि कार्य सुचारुगर्न १५ सदस्यीय सचिवालय गठन गरेको छ। सचिवालयमा संयोजक कुशुम पौडेल सचिव ज्योति गिरी, सहसचिव क्रान्ति सुवेदी, कोषाध्यक्ष रीता पोखरेल सदस्यहरुमा पबित्रा थैब, कमला सेढाई, गीता राई, गीता थापा, पुष्पलता चौधरी, सुश्मा चन्द, पारु कोइराला, लक्ष्मीदेबी ढकाल, चिना फुँयाल, ममता राई, सुबर्ण प्रजापति, बसनतारा माक,रेजी मास्केलाई चयन गरिएको छ। ४५ सदस्यीय केन्द्रिय समिति ठगन गरिएको छ। महिला भेलालाई सम्बोधनगर्दै नेपाल कम्युनिष्ट पार्टीका संयोजक लोकनारायण सुवेदीले नेपाली महिलाहरुले नेपाली समाजको परिबर्तनको आन्दोलनमा खेल्दैआएको भूमिकाको उल्लेखगर्दै देशमा प्रजातन्त्रको स्थापनागर्न, प्रतिगमनका बिरुद्ध प्रजान्त्रतको पुनर्स्थापना र गणतन्त्रको स्थापनागर्न, राष्ट्रियता र सार्बभौमिकता रक्षाका लागि र महिला हक हित प्रगति र प्रतिष्ठाका लागि निरन्तर संघर्षगर्दै र योगदानदिदै आएका छन्, शहादत प्राप्त गरेका छन्, जेलनेल भोगेका छन्। तर पनि महिलाहरुले शोषण अन्याय, थिचोमिचो, दमन र दबावबाट मुक्ति पाउन सकेका छैनन्। आफ्नो ज्ञान, सीप र अनुभवलाई समुन्नत तुल्याउन सकेका छैनन्। जेजति परिबर्तन देशमा आएको छ त्यसबाट पनि नेपाली मलिाहरु बर्गीय, लैंगिक, जातीय शोषण,उत्पीडनबाट मुक्त हुनसकेका छैनन्। त्यसैले महिलाहरु अझ सचेत, अझ संगठित र अझ संघर्षशील हुन आवश्यक छ। त्यसैका लागि मार्च ८ का दिन महिला भेला राखेर अखिल नेपाल प्रगतिशील महिला संगठनलाई सशक्त तुल्याउन र के महिला, के पुरुष सबै शोषित पीडित जनता एकजुट भएर आमूल अग्रगामी परिबर्तनका लागि सशक्त संयुक्त आन्दोलन उठाउदै निर्णायक क्रान्तिकारी परिबर्तनका लागि उठ्नु र जुट्नुपर्ने आवश्यकता छ। त्यसमा पनि आज बिश्व साम्राज्यबादले जसरी सार्बभौम राष्ट्रहरुमाथि हमलागर्ने र कब्जागर्ने गतिबिधि तीब्र पारिरहेका र उदण्डरुपमा लागेको त्यस बेला सम्पूर्ण महिला लगायतका सबै शोषित पीडित बर्ग र समुदाय पहिले कहिल्यैभन्दा बढी सचेत, सगठित र एकताद्ध हुनुपर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय आवश्यकता अझ बढेको औंल्याउदै यो तयारी समितिलाई त्यस दिशामा अग्रसर हुन सफलताको शुभकामना दिनु भयो। कार्यक्रममा शुभ कामना दिनुहुँदै नेपाल कम्युनिष्ट पार्टीका सचिवालय सदस्य तथा संगठन बिभागका प्रमुख लक्ष्मण उप्रेतीले महिलाहरुसमेतको संघर्षले देशमा केही परिबर्तन आएको र कतिपय संबैधानिक अधिकार पाएको भए पनि ती अधिकारहरु सुरक्षित र सुनिश्चित अझै छैनन्, महिलाहरु अहिले पनि दोश्रो दर्जाकै नागरिक सरह छन्। त्यसैल उनीहरुको मुक्ति र प्रगतिको आधार तयारगर्न महिलाहरु बर्गीयरुपमै जागृत, भएर लड्नुको कुनै बिकल्प छैन। आठ मार्चमा राष्ट्रिय महिला भेला सम्पन्नगर्न नेपाल कम्युनिष्ट पार्टी महिला समुदायसँगभन्ने जुन अभियान अगाडि सारेको छ त्यसले यही आमूल परिवर्तनकारी क्रान्तिकारी दिशामा अघि बढ्न महिलासमेत सम्पूर्ण शोषित पीडित बर्ग र समुदायलाई दिशा निर्देश गर्दछ। यसका लागि महिलाहरुको संगठन बिस्तार, चेतना बिस्तार र संघर्षशीलतालाई तिखार्नु पर्ने आवश्यकता छ भन्नु भयो। नेकपाका सचिवालय सदस्य तथा अखिल नेपाल **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## अमेरिका इरान द्वन्दले सिर्जना गराउन खोजेको कलहको अवस्था

कर्तव्य

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो प्रशासनले इरानविरुद्ध सम्भावित सैन्य कारवाहीसहितका केही अत्यन्तै कडा विकल्पहरुमा बिचार गरिरहेको बताएर बिश्वलाई नै फेरी आतंकित बनाउने प्रयास गर्नुभएको देखिएको छ। इरानभित्र बढ्दो अशान्तिको समाचारहरु सार्वजनिक भइरहेकै बेला ट्रम्पको त्यस्तो भनाइ बाहिर आउनु निश्चयनै शान्ति चाहाने बिश्व जनमतका लागि चिन्ताको बिषय हो। एयर फोर्स वनमा पत्रकारहरुसँग कुरागर्दै ट्रम्पले यसलाई धेरै गम्भीरताका साथ हेरिरहेको बताउनु भयो। सेनाले त्यसको अध्ययन गरिरहेको र हामी केही धेरै कडा विकल्पहरुको बारेमा सोचिरहेको बताउनु भएपछि बिभिन्न क्षेत्र र पक्षका बिभिन्न प्रतिक्रियाहरु सार्बजनिक भएका छन्। इरानमा पछिल्लो समयमा जसरी सरकार विरोधी प्रदर्शनहरु र राजनीतिक अस्थिरताका खबरहरु बाहिरिएका छन्,त्यसका पछाडि पनि अमेरिकाको हात रहेको हुनसक्ने आशंकाहरु ब्यक्त भैरहेका छन्। इरानको इस्लामिक गणतन्त्रलाई प्रत्यक्ष चुनौती दिने राष्ट्रव्यापी विरोध प्रदर्शन तेश्रो हप्ता प्रवेशगर्दा बिभिन्न आशंकाहरु बढेको देखिएको छ। हिंसात्मक दमनका कारण मृतकको संख्या ११६ भन्दा बढी पुगेको मानव अधिकार कर्मीहरुले जनाएका छन्। इन्टरनेट र फोन सेवा अवरुद्ध गरिएको अवस्थामा पनि राजधानी तेहरानसहित देशका ठूला शहरका सडकहरु प्रदर्शनकारीले भरिएका देखिन्छन्। अमेरिकास्थित मानव अधिकार निगरानी संस्थाकाअनुसार प्रदर्शनसँग सम्बन्धित हिंसामा १०० भन्दा बढीको ज्यान गएको छभने झन्डै दुई हजार ६०० जनालाई हिरासतमा लिइएको छ। इरानले इन्टरनेट पूर्णरुपमा बन्द गरेपछि घटनाको वास्तविक विवरण संकलनगर्न समेत कठीन भएको छ। नेटब्लक्सजस्ता अनुगमन संस्थाहरुले गतसाता बिहीबारदेखि कुनै पनि इन्टरनेट कनेक्टिभिटी नदेखिएको बताएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी अधिकारीहरुलाई चेतावनीदिँदै शान्तिपूर्ण प्रदर्शनकारीमाथि दमन भए ठूलो समस्या हुने बताउनुभएको छ। सामाजिक सञ्जालमा उहाँले इरानका जनता अहिले स्वतन्त्रता पाउने निकै नजिक पुगेका छन्। यस्तो अवस्था पहिले कहिल्यै आएको थिएन, यदि आवश्यक पऱ्योभने अमेरिका उनीहरुलाई सहयोगगर्न तयार छभन्दै हस्तक्षेपको संकेत गर्नुभएको छ। यसैक्रममा अरब राष्ट्र र ईजरायलले ईरानमाथिको सम्भावित सैन्य हस्तक्षेप रोक्नका लागि पहल थालेका समाचारहरु पनि बाहिर आएका छन्। उनीहरुले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई भेटेर तत्काल सैन्य हस्तक्षेप नगर्न आग्रह गरेको अमेरिकी सञ्चारमाध्यमहरुले जनाएका छन्। अमेरिकी सञ्चारमाध्यम एनबीसी न्युजले ईरानको सत्ता थप कमजोर नभएसम्म ठूलो परिमाणको सैन्य हस्तक्षेप नगर्न ईजरायली अधिकारीहरुले ट्रम्प प्रशासनलाई सुझाव दिएको उल्लेख गरेको छ। वाल स्ट्रिट जर्नलले बिभिन्न श्रोतको हवालादिदैं साउदी अरेबिया, ओमान र कतारले ईरानमा हस्तक्षेप नगर्न आग्रहगर्दै ट्रम्प प्रशासनसँग गोप्य लबिङ गरिरहेको जनाएको छ। ईरानमा ठूलो आन्दोलन चलिरहेको भएपनि यी देशहरुले अहिलेसम्म कुनै प्रतिक्रिया दिएका छैनन्। ट्रम्पले गतसाता रक्षा मन्त्रालयका अधिकारीहरुसँग सम्भावित आक्रमण योजनाबारे ब्रिफिङ लिएको भनिएको छ। ट्रम्पले ईरानमा प्रदर्शन जारीराख्न आन्दोलनकारीलाई आग्रह गरेका समाचार पनि बाहिर आएका छन्। त्यस्तै ईरानको सत्ताले मान्छे मार्ने काम बन्द नगरेसम्म कुनै वार्ता नहुने पनि भनिएको छ।

अरब राष्ट्रका अधिकारीहरु ईरानमा अमेरिकाले सैन्य हस्तक्षेपगर्दाको क्षेत्रीय असर ठूलो पर्नेभन्दै चिन्तित देखिएका छन्। सो आक्रमणले हर्मुजको घाँटीहुँदै गरिने तेलको ढुवानीमा ठूलो असर गर्नसक्छ। विश्वको झन्डै २० प्रतिशत तेल हर्मुजहुँदै आउँछ। त्यसैगरी अमेरिकी सेनाले कुनै आक्रमण गरेमा ईरानले सम्भावित प्रत्याक्रमण गर्नसक्ने डर पनि ती देशहरुलाई छ। मध्यपूर्व क्षेत्रमा अमेरिकाका १९ वटा सैन्य अखडा छन्। त्यहाँ ४० देखि ५० हजार सेना बस्छन्। ईरानले आफूमाथि हुने आक्रमण भएमा अमेरिका र ईजरायली सेनाको अखडामा प्रत्याक्रमणगर्ने जनाएको छ। अमेरिकी सञ्चारमाध्यमहरुकाअनुसार साउदीका अधिकारीहरुले कुनै पनि द्वन्दमा आफ्नो देश नफस्ने आश्वासन तेहरानका अधिकारीहरुलाई दिएको बताइन्छ। भनिन्छ उनीहरुले आफूलाई तेहरानसँगको सीमा द्वन्दबाट टाढा राख्न खोजेका छन्। त्यसका लागि अमेरिकालाई आफ्नो भूमी प्रयोग गरेर आक्रमणगर्न नदिने उनीहरुको रणनीति छ। मध्यपूर्वमा सुरक्षा अवस्था बिग्रदा यहाँको अर्थतन्त्रमा असर पुग्ने र सामाजिक विकास अवरुद्ध हुने जोखिम पनि रहेको छ। साउदी अरेबियाले भिजन सन् २०३० योजनाअन्तर्गत आफ्नो अर्थतन्त्रलाई विविधिकरणगर्न खोजेको छ। उसले क्षेत्रीय शान्तिलाई महत्वपूण सोच्छ। ईरानमा सत्ताविरोधी आन्दोलन तेश्रो सातामा पुगेको छ। देशका हरेक कुना आन्दोलनमा छन्। सरकारले चरम दमनगर्दा घाइते र मृतकको संख्या बढ्दो छ। गत डिसेम्बर २८ मा शुरुभएको आन्दोलनले ईरानलाई संकटको डिलमा पुऱ्याएको छ। त्यहाँ झन्डै १२ हजार मानिसहरु मारिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको अनुमान छ। यद्यपी, इन्टरनेट र टेलिफोन कटौती भएकाले मृतकको यकिन संख्या बाहिरिएको छैन। १९७९ को ईस्लामिक क्रान्तिले शाही सत्ता ढालेपछि अमेरिकामा निर्वासित जीवन बिताइरहेका पूर्व युवराज रेजा पहल्वीले ईरानको धार्मिक सत्ता नभएर देशको सेवा गर्न सुरक्षाकर्मीहरुलाई अपिल गर्नुभएको छ। त्यसैगरी ईरानको न्यायालयका प्रमुखले प्रदर्शनकारीको बयान प्राथमिकताकासाथ लिइने बताउनु भएको छ। हिरासतमा रहेकाहरुलाई सरकारले मृत्युदण्ड दिनसक्ने चिन्ता मानवअधिकारवादीहरुले व्यक्त गरिरहेका बेला प्रधान न्यायाधिस घोलाहुसैन मोसेनी इजेईले त्यस्तो टिप्पणी गर्नुभएको हो। ईरानमा झन्डै १८ हजार मानिस हिरासतमा रहेको अनुमान बिभिन्न श्रोतलाई उद्दृतगर्दै बेलायती सञ्चारमाध्यम डेली मेलले सार्बजनिक गरेको छ। त्यस्तै अमेरिकी सञ्चारमाध्यम सीबीएस न्युजले ईरानभित्रैका दुई श्रोतसँग कुराकानी गरेर १२ हजारदेखि २० हजारको मृत्यु भइसकेको हुनसक्ने जनाएको छ। आन्दोलनकारीलाई मृत्युदण्डको सजाय दिएमा ईरानमाथि निकै कठोर कदम चाल्ने ट्रम्पले बताउनुभएको छ। त्यसैगरी एलन मस्कको स्पेस एक्सले ईरानमा निशुल्क स्टारलिंक स्याटेलाईट सेवा दिन शुरुगरेको छ। ईरानमा स्टारलिंक अवैध छ। यसका बाबजुद त्यहाँ झन्डै ५० हजारदेखि एकलाख मानिसले स्टारलिंकको सेवा लिइरहेका छन्। तर आन्दोलन र सरकारी निगरानीका कारण शुल्क बुझाउन असमर्थ छन्। गत सातादेखि सरकारले इन्टरनेट र टेलिफोनमा प्रतिबन्ध लगाएकाले **बाँकी ७ पेजमा**

# जोखिममा पर्दैगएको सरकारी सम्पति र सरकारी उदासिनता

रुषा थापा

नेपालमा पछिल्ला बर्षहरुमा सरकारी सम्पतिनै जोखिममा पर्दैगएको देखिएको छ । सरकारमा पुगेकाहरुले नै सरकारी सम्पतिको संरक्षण गर्नेतिर भन्दा आफ्नै कमाउ धन्धातिर बढी ध्यान दिने गरेकाले यस्तो अवस्था आएको हो । जो हालको अवस्थामा गंभिर ब्याख्या र बिश्लेषणको बिषय भएको छ । नेपालमा हालको अवस्थामा ७७ वटा जिल्ला रहेका छन् । देशभर १३५ वटा मालपोत कार्यालय छन् । मालपोतबाट खेतीयोग्य जमिन धमाधम कित्ताकाट भइरहेको छभने भूमाफिया, दलाल, कानून व्यवसायी, सरकारी कर्मचारी व राजनीतिक आडमा सरकारी, सार्वजनिक, गुठी, ऐलानी, वनजंगल मठमन्दिर, खोला नदी, ट्रष्टलगायतको जग्गा व्यक्तिको नाममा दर्तागर्ने काम भइरहेको छ । सरकारी सम्पत्तिको संरक्षणगर्नु सरकारी कर्मचारीको दायित्व हो । त्यसैले कर्मचारीलाई राष्ट्रसेवकभन्ने गरिएको हो । तर विडम्बनाको कुरा तिनै कर्मचारी र जनप्रतिनिधिहरुको मिलेमतोमा सरकारी सम्पत्ति व्यक्तिको नाममा लैजाने काम भइरहेको छ ।

पहिलो पटक ०२१ सालमा भूमि ऐन आएको देखिन्छ । ऐन आएपछि देशभर जग्गा नापजाँच गरियो । ०२१, ०२८ र ०३२ सालमा जग्गा नापजाँच गरेर जनताको जग्गा जनतालाईनै दिइयो । नापजाँच गरेर बाँकी रहेका सबै जग्गा सरकारी कायम गरियो । ०४६ सालमा मुलुकमा राजनीतिक परिवर्तन भयो । पञ्चायती व्यवस्था ढलेर बहुदलीय व्यवस्था आयो । राजनीतिक दलहरुको नेतृत्वमा सरकार बन्यो । अनि प्रमुख दल नेपाली कांग्रेस, नेकपा एमाले, मधेशी दललगायतले सबै सरकारी जग्गा आफ्नो कार्यकर्ताको नाममा लगे । शोषक, सामान्तीको अन्त्यगर्न भन्दै ०५२ फागुन एकगते माओवादी जनयुद्धमा होमिए । त्यसक्रममा सरकारी, गुठी, ऐलानी, हदबन्दी बढी, वनजंगल, राजपरिवारलगायतको जग्गामा माओवादीले आफ्नो झण्डा गाड्यो । १० बर्ष चलेको जनयुद्धमा १७ हजार जनता मारिए । हजारौं घाइते, अंगभंग र बेपत्ता भए । खर्बौंको सरकारी तथा निजी सम्पत्ति खरानी बन्यो । ०६३ सालमा माओवादी शान्ति वार्तामा आए । अनि जनयुद्धको बेला शोषक, सामान्ती विरोधी नारा लगाएको माओवादी आफैं त्यँही बाटोमा हिंड्यो ।

पहिलो पटक ०२१ सालमा भूमि ऐन आएको देखिन्छ । ऐन आएपछि देशभर जग्गा नापजाँच गरियो । ०२१, ०२८ र ०३२ सालमा जग्गा नापजाँच गरेर जनताको जग्गा जनतालाईनै दिइयो । नापजाँच गरेर बाँकी रहेका सबै जग्गा सरकारी कायम गरियो । ०४६ सालमा मुलुकमा राजनीतिक परिवर्तन भयो । पञ्चायती व्यवस्था ढलेर बहुदलीय व्यवस्था आयो । राजनीतिक दलहरुको नेतृत्वमा सरकार बन्यो । अनि प्रमुख दल नेपाली कांग्रेस, नेकपा एमाले, मधेशी दललगायतले सबै सरकारी जग्गा आफ्नो कार्यकर्ताको नाममा लगे । शोषक, सामान्तीको अन्त्यगर्न भन्दै ०५२ फागुन एकगते माओवादी जनयुद्धमा होमिए । त्यसक्रममा सरकारी, गुठी, ऐलानी, हदबन्दी बढी, वनजंगल, राजपरिवारलगायतको जग्गामा माओवादीले आफ्नो झण्डा गाड्यो ।

जनयुद्ध चल्दा आफ्नो झण्डा गाडेको सबै सरकारी जग्गा माओवादीले आफ्नो कार्यकर्ताको नाममा पास गरायो । यतिमात्र होइन, खोला नदीलगायतको जग्गासमेत कब्जा गर्‍यो । पुराना दलहरुपछि नयाँ भनाउँदाहरु पनि त्यँही बाटोमा हिँडेका छन् । रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीका नेता, कार्यकर्तासहित जेनजीहरुसमेत सरकारी जग्गा आफ्नो नाममा दर्ता गराउन मालपोत कार्यालय धाइरहेका छन् । पुराना होस् या नयाँ दुवै फटाहा छन् । पुराना दलहरुले भ्रष्टाचार गरे, सरकारी सम्पत्ति दोहन गरे, नेपाली भूमि विदेशीलाई बेचे । नयाँ भनाउँदाले त देशै सिध्याए । आन्दोलनको नाममा देश खरानी पारे । सहकारीमार्फत जनताको रकम पचाए । तर, अझै पनि हामी देश बनाउँछौंभन्दै ठूल्ठूला भाषण गर्छन् । जनताले कहिल्यै राम्रो र नराम्रोबीच फरक छुट्याउन सकेनन् । हिजो राजाले जनताका लागि दरबारनै छोडे । राजाहुँदा न सरकारी सम्पत्ति कसैले कब्जा गरेको थियो न मुलुकमा विदेशी हस्तक्षेप थियो । न त हाम्रो सीमाना मिच्ने आँट छिमेकीले गरेको थियो । राजनीतिक दलहरुले राजाले मात्र खाए, हामीले खान पाएनौं भन्ने डाहामा आन्दोलन गरे । जनता उचाले । जनता पनि उनीहरुले विश्वासमा परेर राजा फ्याँक्नलागे । अन्ततः जनतासामु राजाले आत्मसमपर्ण गरे । र, दरबारनै छोडेर जंगल पसे । राजाले श्रीपेच त्यागेपछि धेरै सोचेका थिए कि अब नेपाल अमेरिका, अस्ट्रेलिया बन्छ । नेताहरुले त हामी नेपाललाई सिंगापुर बनाउँछ भन्दै ठूल्ठूला भाषण पनि गरेका थिए । तर, देश अमेरिका, अस्ट्रेलिया, सिंगापुर चाँहि होइन, खरानी बन्यो । राजनीतिक दलहरु भ्रष्टाचारमा लिप्त बन्दा जनताले कतै नपाएको दुःख पाए । दलहरु आफ्नो स्वार्थ पूरा गर्नतिर मात्र लागे ।

जनतामा आक्रोश बढ्यो, निराशा बढ्यो अनि त्यसको फाइदा उठाउँदै दलहरुले केही गरेनन् भन्दै नयाँ भनाउँदाहरु पलाए । राजनीतिमा होमिए । जनता पनि पुराना दलबाट वाक्क दिक्क भएकाले नयाँलाई जिताए । नयाँले देश बनाउँदा भनेर धेरैले विश्वास गरेका थिए । दुर्भाग्य नयाँ भनाउँदाहरुको झन् काण्डैकाण्ड । कहिले विदेशी नागरिकता त कहिले सहकारीमार्फत अर्बौं ठगेको मुद्धा । सबै दल काण्डमा मुछिएपछि गत भदौ २३ र २४ गते जेनजी पुस्ताले आन्दोलन गरे । भ्रष्टाचार अन्त्यका निम्तिभन्दै गरिएको आन्दोलनमा झण्डै ८० जनाले ज्यान गुमाए । नयाँ पुस्ताको देशप्रतिको प्रेम हेर्ने रहर सबैलाई थियो । तर, उनीहरुले त देश बाँकीनै राखेनन् । जलाएर खरानी पारिदिए । आन्दोलनका नाममा सरकारीदेखि निजी सम्पत्तिसम्ममा आगो झोसे । अहिले मुलुक इतिहासकै गम्भीर मोडमा पुगेको छ । नेपाल सदियौं पछाडि धकेलिएको छ । अब भनौं, राजतन्त्र अन्त्यको झण्डै दुई दशकमा देश बन्योकि सिद्धियो । अहिले देशभरको सरकारी सम्पत्ति गायब भएको छ । सबैतिर व्यक्तिको कब्जा छ । राज्य रित्तो छ, सीमित व्यक्तिहरु मोटाएका छन् । ठाउँअनुसार आनाको ६० लाखदेखि करोडौंपर्ने सरकारी जग्गा व्यक्तिको नाममा गएको छ । ०२१ सालमा काठमाडौं र भक्तपुरमा एकैचोटि जग्गा नापी गरिएको थियो । त्यसक्रममा काठमाडौंको कालिस्थानमुनि बाँसघारी, पुतलीसडक, कालिस्थान, घट्टेकुलो, अनामनगर, धोवीखोला, बिजुलीबजार, हनुमानथान, काठमाडौं सिडिओ कार्यालय दायाँबायाँ माइतीघर सडक छेउछाउ, रामशाहपथस्थित अन्नपूर्ण अस्पताल रहेको, मैत्तीदेवीको धोवीखोलामा पेट्रोल पम्पसहित घरलगायत संरचना बनेका जग्गा सरकारी, ऐलानीमा राखिएको छ । ०२९ सालसम्म धोवीखोला बगेर घट्टेकुलो चोक वा सिंहदरबारसम्म आइपुग्थ्योभन्नेहरु अझै भेटिन्छन् । त्यतिबेला यहाँ एउटै घर बनेका थिएनन् । भएपनि माटो र ढुंगाका केही घरमात्रै थिए । कालिस्थानको बाँसघारीमा अहिले केरा रोपिएको छ । तर, तीन दशकअघि त्यहाँ ठूलो बाँसघारी रहेको र त्योसहित पुतलीसडकको जग्गा सरकारी रहेको स्थानीय बुढाबुढी बताउँछन् । सिंहदरबार पछाडिपर्ने यी जमिनमा ०४६ सालपछिको सरकारले घोडा पाल्ने योजना बनाएको थियो । पञ्चायती व्यवस्था ढलेर बहुदलीय व्यवस्था आएपछि अन्तरिम सरकारको प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई बने । उनले सिंहदरबारपछाडिको बाटो खोलिदिए । अनि यहाँको हजारौं रोपनी सरकारी जग्गा व्यक्तिको नाममा गएको हो । अहिले यहाँ जग्गाको मूल्य आनाकै दुई करोडदेखि १४ करोडसम्म छ । यो त काठमाडौंको एउटा**बाँकी ७ पेजमा**

# नेपालमा बिमा ब्यवसायका नाममा बढेको ठगी धन्दा

अनुसा थापा

नेपालमा बीमाका नाममा खुलेआम ठगी भैरहेको छ । तर सरकारले त्यसलाई नियन्त्रणगर्न कुनै प्रयास गरेको देखिएको छैन । नेपालमा स्वास्थ्य बीमा कार्यक्रम शुरुभएको पनि एक दशक हुन लागि सक्यो । नेपाली काँग्रेसका तत्कालीन महामन्त्री गगन थापाले आफू स्वास्थ्यमन्त्रीहुँदा स्वास्थ्य बीमा कार्यक्रमको शुरुवात गरेका थिए । सुलभ मूल्यमा सबैको पहुँचमा उपचारभन्दै धमाधम स्वास्थ्य बीमा गरियो । तीन हजार ५०० रुपैयाँमा एकाघरको पाँच सदस्यको एक लाख रुपैयाँसम्म उपचार स्वास्थ्य बीमामार्फत गरिने सरकारको नीति छ । तर, सरकारको स्वास्थ्य बीमा नीति असफल भइसकेको छ । स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमागर्न सक्दैनौं भनेर हात उठाइसकेको छ ।

स्वास्थ्य बीमाको नाममा सरकारलेनै सर्वसाधारणलाई नै ठगेको छ । स्वास्थ्य बीमाका लागि सरकारले निश्चित अस्पताल तोकेको छ । तर, सरकारले भुक्तानी नदिएपछि अधिकांश अस्पतालले बीमामार्फत उपचार कार्यक्रम बन्द गरेको छ । बीमा सञ्चालन भएका अस्पतालले उपचार त गरिदिन्छ यद्यपि, औषधी दिँदैन । उपचार पाउन पनि निकै झमेला छ । पहिले बीमाको कार्ड देखाएर उपचार गराउन सकिन्थ्यो । अहिले स्थानीय तहबाट सिफारिस ल्याउनुपर्ने प्रावधान छ । बीमाको बिरामी भन्नेबित्तिकै डाक्टर-नर्सले निधार खुम्च्याउँछन् । उनीहरुलाई अस्पतालमा हेपाहा व्यवहार देखाइन्छ । उपचारनै गर्दैनन् । करोडौं जनताले स्वास्थ्य बीमा गराएका छन् । अहिले सबैको गुनासो यहीँ नै छ । अस्पतालले उपचारगर्न नमानेको, औषधी नदिएको उनीहरु बताउँछन् । स्वास्थ्य बीमा गरेकोमा सर्वसाधारण अहिले पछुताइरहेका छन् । सरकारलेनै स्वास्थ्य बीमाको नाममा जनतालाई ठगेको उनीहरुको आरोप छ । यता, बीमाको रकम नपाउँदा अस्पतालहरु पनि पीडित बनेका छन् । उपचार गराएको पैसाको पर्खाइमा छन्, अस्पताल । मुलुकमा स्वास्थ्य र शिक्षा सबैभन्दा महँगो छ । तीन हजार ५०० मा पाँच जनाको उपचारगर्न कुनै हालतमा सम्भव छैन । यति रकममा त औषधी नै पाइँदैन । थापाले सस्तो लोकप्रियता कमाउन र व्यक्तिगत फाइदाका लागि बीमाको कार्यक्रम ल्याए । अहिले सरकारलाई स्वास्थ्य बीमा कार्यक्रम निल्नु न ओकल्नु भनेजस्तो भएको छ ।

अर्बौं रुपैयाँ भुक्तानी बाँकी छ, अस्पताल उपचारगर्न मान्दैनन् । जनता उपचार भएनभन्दै गुनासो गर्छन् । केही नलागेपछि बोर्डले हामी सक्दैनौं भनेको छ । पछिल्लो समय मुलुकमा थुप्रै इन्स्योरेन्स कम्पनी खुलेको छ । बीमाको बिभिन्न कार्यक्रम सञ्चालनमा छ । जीवन बीमा, सवारी बीमा, भवन बीमा, जहाज बीमा, घरजग्गा बीमालगायत थुप्रै बीमा गराउनुपर्छ । वैदेशिक रोजगारीमा जानेलेसमेत बीमा गर्नुपर्छ । बीमा नगरिकन श्रम स्वीकृति पाइँदैन । सवारी बीमाबिना रुट परमिट र ब्लूबुक नवीकरण गरिँदैन । बीमा नगरेको घरजग्गा धितो राखेर बैंकले ऋण दिँदैन । यहाँ हरेक चीजको बीमा गराउनुपर्ने व्यवस्था छ । बीमा कम्पनीहरुले बैंकसँगको मिलेमत्तोमा सरकारलाई हात लिएर हरेक क्षेत्रमा बीमा अनिवार्य गराएका छन् । बीमा नगरिकन कसैलाई सुःखनै छैन । बीमागर्ने बेलामा अंकुशे लगाउने सरकार रकम दिने बेलामा चाँहि किन चुइक्क बोल्दैन ? बीमा कम्पनीले एजेण्ट खटाएर खुरुखुरु पैसा उठाउँछ । लिँदाचाँहि बिभिन्न प्रलोभन देखाउँछ, दिने बेलाचाँहि दाँतबाट पसिना छुट्छ । जीवन बीमा गरेका कुनै बीमकको ज्यान गयोभने बीमा कम्पनीबाट पैसा निकाल्न धेरै गाह्रो छ । यो-त्यो कागजात भन्दै बर्षौ बिताइदिन्छन् । त्यतिबेला लाग्छ-किन बीमा गराइएछ ? पैसा दिँदैनन् । प्रहरीको रिपोर्ट, वडाको सिफारिस, अस्पतालको रिपोर्ट भनेर दुःख दिइरहन्छन् । कतिपय त यस्तो झमेलाका कारण बीमाको पैसा नै लिन जाँदैनन् । बीमा कम्पनीहरु यहाँ मान्छेको ज्यान र सम्पत्ति जोगाउन होइन, उनीहरुलाई लुट्न खुलेको हो । बीमा हरेक बर्ष नवीकरण गराउनुपर्छ । एक बर्षभित्र दुर्घटना भयोभने पैसा पायो, नत्र पाएन । बीमा कम्पनीले नै त्यो पैसा खाइदिन्छ । एकपटक मात्र नवीकरण गर्न सकिएनभने रकम पाइँदैन । अगाडि तिरेको सबै पैसा कम्पनीले नै खान्छ । बीमा कम्पनीले खुलेआम सर्वसाधारण ठगिरहेको छ । तर, सरकार देख्दैन । बीमा कम्पनीले ठूलो रकम असुल्छ । तर, त्यसको म्याद जम्मा एक बर्षको हुन्छ । कमसेकम १० बर्षको म्याद त हुनुपर्छ । बीमा कम्पनीले सबैलाई भ्रमित बनाइरहेको अवस्था छ । यसमा सरकार र जनताको आँखा खुल्न आवश्यक छ । बीमाका कारण समाजमा बेतिथि मौलाउँदै गएको छ । बीमा रकम हत्याउनका लागि आफ्नाले आफ्नैकै ज्यान लिइरहेका छन् । बीमा रकमकै लागि श्रीमान मारेको, बुहारीको ज्यान लिएकोलगायतको घटना घटेको छ । बीमा कम्पनीको नियामक निकाय भनेको अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक हो । बीमा कम्पनीलाई लाइसेन्स पनि यिनै निकायले उपलब्ध गराउँछ । सरकारका प्रतिनिधिहरुले आर्थिक चलखेल गरेर बीमाको लाइसेन्स दिएको कुरामा दुईमत छैन । नत्र यत्रो ठगीधन्दा मच्चाउँदा कारबाही त गर्थे होला । बीमा कम्पनीले सरकारका प्रतिनिधिलाई खुवाएको घुस जनताबाट असुलिरहेका छन् । बीमाको नाममा ठगीधन्दा मौलाएको छ । पछिल्लो समय बीमा नवीकरण नगराउनेहरु यत्तिकै छन् । यसको प्रमुख कारण हो-बीमा कम्पनीको सत्यता बाहिर आउनु । बीमा कम्पनीले कसरी ठग्छ ? यो सर्वसाधारणले बुझिसकेका छन् । सर्वसाधारणले धमाधम बीमा त्याग्न थालेपछि कम्पनीहरु फेरि नयाँदाउ खेल्ने तयारीमा छन् । उनीहरु सर्वसाधारणलाई बाध्य बनाउने नियत बनाइरहेका छन् । भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनमा सरकारको सम्पत्तिमा ८४ अर्ब ४५ करोडको क्षति पुग्यो । त्यसैगरी, निजी सम्पत्तिमा २७ अर्ब बराबरको क्षति पुगेको छ । सरकारी भवनहरुको बीमा नगरिएको भएतापनि निजीको त छ । तर, बीमा कम्पनीहरुले बीमा रकम दिन आलटाल गरिरहेका छन् । थोरैमात्र बीमा रकम निकासा भएको छ । बीमा कम्पनीले कहिलेसम्म त्यो रकम तिर्ने **बाँकी ७ पेजमा**

## क्रिया/प्रतिक्रिया

# मुद्धा फिर्ता लिने सरकारी निर्णयको बिभिन्न पक्षबाट बिरोध

काठमाडौं । नेकपा (मसाल) का केन्द्रीय प्रवक्ता रामप्रकाश पुरीले एक बक्तब्य प्रकाशितगरी अमेरिकी दबाबमा रास्वपाका सभापति रवि लामिछानेमाथिका दुईवटा अपराध सरकारले फिर्ता लिएको हुनसक्ने बताउनु भएको छ । उहाँले बक्तब्यमा भन्नुभएको छ- सरकारको महान्यायधिवक्ताको कार्यालयले स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेका विरुद्ध नेपालका बिभिन्न अदालतहरुमा चलिरहेका सम्पत्ति शुद्धिकरण र संगठित अपराध सम्बन्धी मुद्धाहरु फिर्ता लिनका लागि जिल्ला सरकारी वकिलको कार्यालयहरुलाई दिएको निर्देशनप्रति नेकपा (मसाल) को गम्भीर ध्यानाकर्षित भएको छ । महान्यायधिवक्ता कार्यालयको त्यस प्रकारको निर्देशन नेपालको प्रचलित कानूनको विपरित रहेको छ । किनभने सम्पत्ति शुद्धिकरण सम्बन्धी मुद्धा फिर्ता लिननै नपाउने कुरा कानूनमानै व्यवस्था गरिएको छ । यो कुरा स्पष्ट छकि, प्रथमत ती दुबै मुद्धाहरु कायम रहँदासम्म रवि प्रतिनिधि सभामा निर्वाचित भएपनि निलम्बित भइरहनुपर्नेछ । उनलाई त्यस प्रकारको कानूनी अड्चनबाट उन्मुक्ति दिननै उनका विरुद्ध लगाइएका ती मुद्धाहरुलाई फिर्ता लिन निर्देशन दिइएको हो । द्वितीय, ती मुद्धाहरुका कारणले सहकारी रकमको ठगीसम्बन्धी मुद्धाहरुमा पनि मेलमिलापगर्न मिल्दैन । त्यसकारण उनका विरुद्ध जुन सहकारीको ठूलो रकम हिनामिना गरेका मुद्धाहरु छन्, तिनीहरुबाट उनलाई उन्मुक्ति दिनका लागि बाटो खुलाउन पनि उनका विरुद्धका सम्पत्ति शुद्धिकरण र संगठित अपराधका मुद्धाहरुलाई फिर्ता लिने नीति अपनाइँदै छ । त्यस सन्दर्भमा प्रकटरुपमा अभियोग संशोधनगर्ने शब्द प्रयोग गरिएको छ । तर त्यसको वास्तविक उद्देश्य ती मुद्धाहरुलाई फिर्ता गराउने नै हो । महान्याधिवक्ताको कार्यालयले ती मुद्धाहरु फिर्ता लिनका लागि निर्देशन दिएपनि त्यसका पछाडि सरकारको दवावलेनै काम गरेको कुरा सजिलैसित अनुमानगर्न सकिन्छ । सरकारका लागि रवि लामिछानेलाई त्यसरी उन्मुक्ति दिनका लागि महान्यायधिवक्ताको कार्यालयमाथि दबाब दिनुपर्ने आवश्यकता किन पर्‍यो ? त्यो कुरा सामान्य नभएर गम्भीर प्रकारको विषय भएको छ । हामीले पहिलेदेखि नै यो स्पष्ट गर्दैआएका छौं कि कथित स्वतन्त्र पार्टी अमेरिकी साम्राज्यवादद्वारा सञ्चालित संगठन हो । अहिले अमेरिकाले अमेरिकापरस्त तत्ववहरुका बीचमा एकता कायम गरेर चुनावमा उनीहरुको बहुमत गराउने प्रयत्न गरिरहेको छ । त्यस प्रकारका पात्रहरुमध्ये रवि पनि एकजना हुन् ।

त्यसैले अमेरिकाको दबाबमानै सरकारले रविमाथिका सम्पत्ति शुद्धिकरण र संगठित अपराध सम्बन्धी मुद्धाहरु फिर्ता गराउन पहलकदमी गरेको कुरा बुझ्न गाह्रो पर्दैन, यद्यपि त्यसअनुसार ती मुद्धाहरु फिर्ता लिने वा नलिने त्यो कुराको अन्तिम निर्णयगर्ने अधिकार अदालतलाई नै हुन्छ । बक्तब्यमा भनिएको छ-हाम्रो पार्टीले सरकारको त्यस प्रकारको गैरकानूनी कार्यको तीव्र शब्दमा विरोध र भर्त्सना गर्दछ । अहिले रविसित सम्बन्धित सम्पत्ति शुद्धिकरण र संगठित अपराध सम्बन्धी मुद्धाहरु नै फिर्तागर्न प्रयत्न गरेको देखिन्छ । तर उनीमाथि सहकारी रकमको ठूलो पैमानामा हिनामिना गरेका मुद्धाहरु पनि छन् । हामीले ती सबै मुद्धाहरुबारे बिना कुनै पुर्वाग्रह वा राजनीतिक प्रतिशोध निष्पक्ष तरिकाले छानविन हुनुपर्ने कुरामा जोड दिन्छौं । रविकासाथै देशमा सहकारी रकमको हिनामिनको मुद्धामा जेलमा परेका अरु पनि धेरै अभियुक्तहरु छन् । ती सबैको विषयमा निष्पक्ष तरिकाले नै मुद्धाको छानविन र कारबाही हुनुपर्दछभन्ने हाम्रो मत रहेको छ । त्यसका साथै राजनीतिक पूर्वाग्रह वा पक्षपातका कारणले त्यस प्रकारको सहकारी रकमको हिनामिनामा संलग्न व्यक्तिहरुमाथि कारबाही गरिएको छैन । उनीहरुमाथि पनि निष्पक्ष तरिकाले छानविन र कारबाही हुनुपर्ने कुरामा हाम्रो जोड छ । त्यसैगरी राष्ट्रिय जनमोर्चाका महासचिव मनोज भट्टले पनि सरकारको उपरोक्त प्रयासको बिरोध गर्नुभएको छ । उहाँले बक्तब्यमा महान्यायाधीवक्ताको कार्यालयले गत पुस ३० गते रवि लामिछानेमाथि लगाइएका सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी कास्की, काठमाडौं, रुपन्देही र पर्सा जिल्ला अदालतमा चलिरहेका मुद्धा संशोधनगर्ने भन्ने शब्द प्रयोग गरे पनि फिर्ता लिने निर्णय गरेको छ । उक्त मुद्धामा वादी नेपाल सरकार भएकाले नेपाल सरकारले प्रतिवादी रवि लामिछानेमाथि लगाइएको चारवटा जिल्ला अदालतमा विचाराधीन मुद्धा फिर्ता लिने निर्णय गरेको छ । सर्वप्रथम प्रचलित ऐनकानूनअनुसार सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्धा फिर्ता लिन नपाउने व्यवस्था रहेको बताउनु भएको छ । सरकारको उपरोक्त कार्यको नेपाली कांग्रेस र एमाले लगायतका पार्टीले पनि बिरोध गरेका छन् । त्यसैगरी सो प्रकरणका सर्बोच्च अदालतमा मुद्धा समेत दायर भएको छ ।महान्यायाधिवक्ता कार्यालयले गत पुस ३० गते लामिछानेको ठगी तथा सहकारी ठगीमा दाबी गरिएको अभियोग कायम गरी संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग दाबी निजको हकमा कायम नरहने गरी मुलुकी फौजदारी कार्यविधि संहिता-०७४ को दफा ३६ बमोजिम अभियोग संशोधन हुनेगरी स्वीकृति दिने निर्णय गरेको थियो । यसैक्रममा नेपाल बार एशोसिएसनले रास्वपाका सभापति रवि लामिछानेको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्धा फिर्तागर्ने निर्णय अनुचित भएको जनाएको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाले जारी गर्नुभएको एक प्रेस विज्ञप्तिमा महान्यायाधिवक्ता कार्यालयको लामिछानेको उक्त मुद्धा फिर्ता लिने निर्णय अनुचित भएको उल्लेख छ । बक्तब्यमा अपराधको राजनीतिकरण र राजनीतिको अपराधिकरणले दण्डहीनतालाई प्रश्रय दिई फौजदारी न्यायको आत्मामार्ने भएकाले कानूनी शासनको प्रत्याभूतिका लागि उक्त निर्णयको विरोध गर्दछौं भनिएको छ । बारले फौजदारी न्याय प्रशासन स्वतन्त्र, निष्पक्ष र पारदर्शी हुनुपर्दछ भन्ने मान्यता बारले निरन्तर दिँदै आएको र मुद्धा फिर्तासम्बन्धी उक्त निर्णय प्रचलित कानूनी व्यवस्था र यसअघि सर्वोच्च अदालतले मुद्धा फिर्तासम्बन्धी प्रतिपादन गरेका सिद्धान्तविपरीत भएको जनाएको छ । विज्ञप्तिमा यस प्रकारको छनोटपूर्ण निर्णयले अदालतको क्षेत्राधिकार समेतमा आघात पुगी स्वतन्त्र न्यायापलिकाको अवधारणामा नै असर पुर्‍याउँदछ । यस विषयले फौजदारी न्याय प्रणालीमानै गम्भीर विचलन ल्याई कानुनको शासनको उल्लंघन भई कार्यकारीको स्वेच्छाचारितालाई बढावा दिने स्पष्ट छ भनिएको छ । त्यसैगरी एमाले लगायतका अन्य पार्टीले पनि बिरोध गरेका छन्भने सहकारी पीडितहरु फेरी सडक आन्दोलनमा उत्रिन थालेका छन् । बर्तमान चुनावी सरकारले आगामी चुनावलाई समेत असर गर्ने कार्य गरेको भन्दै राजनीतिक क्षेत्रमा बिरोध भएको छ ।

# नेपालमा बढ्दै गएका बित्तिय अपराध र भाबि संभावनाहरु

विवेक शर्मा

## आर्थिक मञ्च

नेपालमा बढ्दै गएका बित्तिय अवराध बढेर गएकोबारे बिभिन्न कोणबाट छलफल चलिरहेकै बेला नेपाल राष्ट्रबैंक अन्तर्गतको वित्तीय जानकारी इकाईले आब ०८१-८२ को आफ्नो १४ औं वार्षिक प्रतिवेदन सार्वजनिक गरेपछि एक प्रकारको हलचल नै शुरु भएको छ। सो प्रतिवेदनकाअनुसार समीक्षा अवधिमा वित्तीय संस्थाहरुबाट प्राप्त हुने शंकास्पद कारोबार रिपोर्ट र शंकास्पद गतिविधि रिपोर्टको संख्यामा ३० प्रतिशतले वृद्धि भएको पाइएको छ। गत आबमा सातहजार ३३८ वटा यस्ता रिपोर्ट प्राप्त भएकोमा यसबर्ष यो संख्या बढेर नौहजार ५६५ पुगेको छ। उपरोक्त वृद्धिले वित्तीय क्षेत्रमा सतर्कता बढेको र अनुगमन प्रणाली प्रभावकारी हुँदैगएको संकेत गरेको छ। वित्तीय जानकारी इकाईले सबै शंकास्पद कारोबारको रिपोर्टिङलाई पूर्णरुपमा डिजिटल समेत बनाएको छ। सो प्रतिवेदनका अनुसार गोएमएल प्रणालीमा आबद्ध हुने सूचक संस्थाहरुको संख्या ११३.३६ प्रतिशतले वृद्धिभई तीनहजार ४९७ पुगेको छ। सन् २०२५ को फेब्रुअरीमा एफएटिएफले नेपाललाई खैरोसूचीमा राखेको थियो। अब पछिल्ला तथ्यांकले कालोसूचीको नजिक पुऱ्याउन खोजेको देखिएको छ। खैरो सूचीबाट बाहिर निस्कनका लागि इकाईले जोखिममा आधारित अवधारणा, प्रविधिको प्रयोग र नियामक निकायहरुबीचको समन्वयलाई थपसुदृढ बनाउने प्रतिबद्धता जनाएको पाइन्छ।

सो इकाईको विश्लेषणअनुसार नेपालमा विशेषगरी राजस्व छली, बैंकिङ ठगी, मुद्रा र बैंकिङसम्बन्धी कसुर, हुण्डी र क्रिप्टो-करेन्सीमार्फत हुने सम्पत्ति शुद्धीकरणका जोखिमहरु देखिएका छन्। समीक्षा अवधिमा इकाईले ९४५ वटा वित्तीय सूचनाका प्रतिवेदनहरु नेपाल प्रहरी, राजस्व अनुसन्धान विभागलगायतका कानून कार्यान्वयन गर्ने निकायहरुमा थपअनुसन्धानका लागि पठाएको भनिएको छ। बढ्दो डिजिटल अपराध र जटिल वित्तीय संरचनालाई मध्यनजरगर्दै वित्तीय जानकारी इकाईले आगामी दिनमा आर्टिफिसियल इन्टेलिजेन्स र मेशिन लर्निङजस्ता आधुनिक प्रविधिको प्रयोगगर्ने योजना बनाएको भनिएको छ। जसबाट ठूलो परिमाणमा प्राप्त हुने तथ्यांकहरुको विश्लेषणगरी लुकेका वित्तीय सञ्जालहरु पहिचानगर्न सहज हुने इकाईको विश्वास रहेको पाइन्छ। नेपालमा हाल वित्तीय कारोबारसँग सम्बन्धित केही शंकास्पद गतिविधिहरु र कालो सूचीमा समावेश हुने सम्भावनाकाबारेमा चासो बढेको अवस्था छ। नेपालमा वित्तीय संस्थाहरुले अन्तर्राष्ट्रिय मानकहरु र प्रोटोकलहरुको पालनागर्ने स्तर अपेक्षाकृत कमजोर भएको देखिन्छ। विशेषगरी अर्थतन्त्रको संरचना, फाइनान्सियल इन्क्लुजन, र दक्षताका मामिलामा सुधारको आवश्यकता देखिन्छ। यस्ता कमजोरीहरुले नेपाललाई वित्तीय अपराध, मनी लाउन्ड्रिङ, र आतंकवादको वित्तपोषणजस्ता गतिविधिहरुसँग जोड्नसक्ने खतरा बढाउँछ। नेपालका बैंक र वित्तीय संस्थाहरुले प्रायः कष्टम फाइनान्सियल ट्रान्जेक्शनहरुलाई कडा निगरानी र मूल्यांकन नगरी व्यापारगर्न सक्छन्, जसले अनैतिक वा शंकास्पद कारोबारलाई बढावा दिन सक्छ। व्यापारिक कागजातहरुको गलत उपयोग, कर चोरि, कालो धन, र अर्थतन्त्रका अव्यवस्थित प्रवृत्तिहरु नेपालको वित्तीय प्रतिष्ठामा नकारात्मक असर पार्न सक्छ।

यसले अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुको विश्वास गुमाउने खतरा पनि उत्पन्न गर्छ। यस्तो अवस्थामा सम्पत्ति शुद्धीकरणसम्बन्धी अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) ले नेपाललाई ग्रेलिष्टमा राखेकै अवस्थामा देशको वित्तीय प्रणालीमा शंकास्पद कारोबार झन् बढ्दैगएको खुलासा हुनु आफैमा चिन्ताको बिषय हो। राष्ट्रबैंकको फाइनान्सियल इन्टेलिजेन्स युनिट (एफआईयू) काअनुसार आब ०८१/८२ मा मात्र नौहजार ५६५ वटा शंकास्पद वित्तीय कारोबारसम्बन्धी उजुरी दर्ता भएका छन्। सो संख्या अघिल्लो आर्थिक बर्षको तुलनामा ३०.३५ प्रतिशतले बढी हो। जबकी आब ०८०/८१ मा सात हजार ३३८ वटामात्र यस्ता उजुरी परेका थिए। प्रतिवेदनअनुसार पछिल्ला पाँच बर्षमा शंकास्पद वित्तीय कारोबारको संख्या १५०० बाट उक्लिँदै नौहजार नाघेको छ। जुन ग्रे लिष्टमा परेको मुलुकका लागि अत्यन्तै चिन्ताजनक संकेत हो। बढ्दो शंकास्पद कारोबारलेभने नेपाल ग्रे लिष्टबाट बाहिर निस्कने प्रयासमै थप चुनौती थपिएको देखाएको छ। एफआईयूको प्रतिवेदनले वाणिज्य बैंकमार्फत सबैभन्दा बढी शंकास्पद कारोबार भएको देखाएको छ। बैंकिङ प्रणालीमार्फत ३८ अर्ब ८८ करोड रुपैयाँ बराबरका सातहजार ३०३ वटा कारोबार शंकास्पद ठहरिँदै उजुरी परेको देखिएको छ। भनिन्छ धितोपत्र कारोबारगर्ने ब्रोकर कम्पनीहरुमार्फत एकअर्ब ९१ लाख रुपैयाँ बराबरका ४९१ वटा उजुरी राष्ट्र बैंकमा पुगेका छन्। शंकास्पद कारोबारको दायरा बैंकमामात्र सीमित छैन।

विकास बैंक, सहकारी, वित्त कम्पनी, बिमा कम्पनी, सवारी साधन कर्जा दिने वित्तीय संस्था, लघुवित्त, क्यासिनो, रेमिट्यान्स तथा डिजिटल भुक्तानी सेवा प्रदायक कम्पनीहरुबाट समेत उल्लेख्य संख्यामा उजुरीपरेको राष्ट्र बैंकको तथ्यांक बाहिर आएको छ। त्यसैगरी कारोबारको तोकिएको सीमाभन्दा बढी रकम चलेको थ्रेसहोल्ड ट्रान्ज्याक्सन रिपोर्ट (टीटीआर) मा पनि बैंक तथा वित्तीय संस्था र सहकारीनै अग्रस्थानमा रहेका छन्। आब ०८१/८२ मा कुल ११ लाख १० हजार ७७९ वटा यस्ता उजुरीपर्दा सहकारी क्षेत्रबाटमात्रै ६३ हजार ७८९ वटा उजुरी परेका छन्। समग्रमा १३ प्रकारका वित्तीय संस्थामार्फत २२ लाख ३६ हजार ६७ वटा कारोबार तोकिएको सीमाभन्दा माथि पुगेका थिए। कालोधन तथा श्रोत नखुलेको रकमको कारोबार नियन्त्रणगर्न राष्ट्र बैंकले वित्तीय लेनदेनमा सीमा तोक्दै आएको छ। तर, सीमा नाघेका कारोबारलाई राष्ट्र बैंकले थ्रेसहोल्ड ट्रान्ज्याक्सन रिपोर्टमार्फत निगरानी र अनुसन्धानको दायरामा ल्याउँदै आएको बताउने गरिएको छ। विश्लेषणपछि इकाईले ९४५ वटा एसटिआरएस-एसएआरएसमा आधारित वित्तीय जानकारी प्रतिवेदन नेपाल प्रहरी, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा अन्य सम्बन्धित कानून कार्यान्वयनगर्ने निकायहरुमा सम्प्रेषण गरेको देखिएको छ। जसबाट वित्तीय अपराधको पहिचान, अनुसन्धान तथा अभियोजन प्रक्रियामा प्रत्यक्ष सहयोग पुगेको विश्वास गरिन्छ। आब ८१/८२ मा इकाईले विदेशी वित्तीय जानकारी इकाईसँग ६४ वटा सूचना आदान-प्रदानगर्दै सीमापार वित्तीय कारोबारबाट हुने जोखिम, अन्तरदेशीय अपराध सञ्जाल, साइबर ठगी र नयाँ प्रकृतिका अपराध प्रवृत्तिविरुद्ध अन्तर्राष्ट्रियस्तरमा हुने सहकार्यलाई थप मजबुत र विस्तार गरेको समेत जनाएको छ। प्रतिवेदनले नेपालमा सम्पत्ति शुद्धीकरण निवारण, आतंककारी कार्यमा वित्तीय लगानी निवारण तथा आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा हुने वित्तीय लगानी निवारणका सम्बन्धमा इकाईले गरेका नीतिगत र सञ्चालनगत कार्य तथा कार्यक्रमको विवरण, इकाईमा प्राप्तहुने प्रतिवेदन र तिनको विश्लेषण एवं प्रेषित तथ्यांक, आन्तरिक तथा अन्तर्राष्ट्रिय समन्वय सम्बन्धी विवरणसँगै आगामी रणनीतिक प्राथमिकतालाई प्रस्तुत गरेको पाइएको छ। इकाईले आब ०८१/८२ मा सूचनाको सुरक्षा, गोपनीयता तथा प्रयोगसम्बन्धी मार्गदर्शन तयारगर्ने, गोएमएल अपरेसनल गाइडलाइन्स जारी तथा अद्यावधिकगर्ने, शंकास्पद कारोबार र सीमा कारोबारसम्बन्धी मार्गदर्शन अद्यावधिकगर्ने लगायतका कार्यहरु सम्पन्न गरेको जनाएको छ। बर्षभरिनै सूचक संस्था, नियामकीय निकाय, कानून कार्यान्वयनगर्ने निकाय तथा अन्य सरोकारवाला संस्थाका लागि लक्षित क्षमता विकास, अभिमुखीकरण र सचेतना कार्यक्रम सञ्चालन गरेको पनि जनाएको छ। राष्ट्र बैंकअन्तर्गतको वित्तीय जानकारी इकाईले गतसाता मंगलबार उक्त प्रतिवेदन गभर्नर डा. विश्वनाथ पौडेललाई हस्तान्तरण गरेपछि बिभिन्न कोणबाट ब्याख्या र बिश्लेषणहरु हुन थालेका छन्। रकमका आधारमा शंकास्पद कारोबारको सूचना ८२.७५ प्रतिशतले बढेको देखिन्छ/। अघिल्लो आब ०८०/८१ मा २३ अर्ब २६ करोड २२ लाख रुपैयाँबराबरको सात हजार ३३८ वटा उजुरी **बाँकी ७ पेजमा**

# कम्पनीको साधारण सभाको आवश्यकता र महत्व



बिष्णु गिरी निश्चल

नेपालमा कम्पनी रजिष्ट्रारको कार्यालयले पछिल्लो समयमा कतिपय प्रक्रिया अनलाइन गरेका कारण कारोवारकर्ताहरुमा अन्योल देखिएको पाइएको छ। भखरै पुस मसान्त सकिएको छ। कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएका प्राईभेट,पब्लिक तथा मुनाफा बितरण नगर्ने कम्पनीहरुले बार्षिक साधारण सभा गरेर त्यसको बिबरण कम्पनी रजिष्ट्रार कर्यालयमा बुझाउनु पर्छ। यो बिबरण पुस मसान्त भित्रमा बुझाएमा कुनै प्रकारको शुल्क तिर्नु पर्दैन। अन्यथा जरिवाना तिर्नुपर्ने कानूनी ब्यबस्था छ। यो बार्षिक बिबरण अनलाईनमार्फत पनि बुझाउन सकिन्छ। साधारण सभा भन्नाले संस्था वा कम्पनीको शेयर धनीको बार्षिक सभालाई जनाउँदछ। अझ स्पष्टरुपमा भन्नुपर्दा साधारणसभा भन्नाले कम्पनीको शेयर पूँजीमा हक भएका शेयरवालाहरुको संयुक्त बैठकभन्ने बुझिन्छ। साधारणसभा सबै शेयरधनीहरु उपस्थितभई छलफलगरी निश्चित निष्कर्ष निकाल्ने ठाउँ हो। त्यसैले साधारणसभालाई कम्पनीका लागि सर्वोच्च निकाय मान्न सकिन्छ। कम्पनी ऐन-०६३ को दफा ६७ ले कम्पनीको वार्षिक साधारणसभा र विशेष साधारणसभा गरी दुई प्रकारको हुने उल्लेख गरेको छ। दफा ७६ ले प्रत्येक पब्लिक कम्पनीले कारोबार शुरुगर्ने अनुमति पाएको एकबर्षभित्र प्रथम वार्षिक साधारणसभा गर्नुपर्नेछ। त्यसपछि प्रत्येक बर्ष कम्पनीको आर्थिक बर्ष पूराभएको छ महीनाभित्र वार्षिक साधारणसभा गर्नुपर्छ। म्याद नाघेको तीन महीनाभित्र वार्षिक साधारणसभा नबोलाएमा कार्यालयले त्यस्तो कम्पनीलाई वार्षिक साधारणसभा बोलाउन निर्देशन दिनसक्छ।

निर्धारित समयमा कम्पनीले साधारणसभा नगरे शेयरधनीले अदालतमा निवेदन दिन पनि सक्ने व्यवस्था समेत छ। कम्पनीका साधारण र विशेषगरी दुईप्रकारका सभा हुन्छन्। वार्षिकरुपमा गर्ने सभालाई साधारण र आवश्यकता अनुसार जुनसुकै बेला गरिने सभालाई विशेष भनिन्छ। साधारणसभामा सामान्य र विशेष दुवै प्रकारका प्रस्ताव पेश हुन्छन्। पब्लिक कम्पनीले साधारण र विशेष सभा आह्वानगर्न क्रमशः कम्तीमा २१ र २५ दिनअगावै शेयरधनीको ठेगानामा सभा हुने स्थान, मिति र छलफलगर्ने बिर्षय खोली शेयरधनीलाई सूचना पठाउनुपर्छ। यही सूचना कम्तीमा दुईपटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गर्नुपर्छ। सभा रजिष्टर्ड कार्यालय रहेको वा अधिकांश शेयरधनीलाई पायक पर्ने जोडिएको जिल्लामा गर्नुपर्छ। सभामा सञ्चालक आफै उपस्थित हुनुपर्छ। तर, शेयरधनीले अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नसक्छ। कुनै पनि सभाले वैधानिता पाउन कम्पनीले नियमावलीमा गणपूरक संख्या तोक्नसक्छ। नियमावलीमा तोकिएमा सोहीअनुसार र नतोकिएमा शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुनेगरी कम्तीमा तीनजना शेयरधनी स्वयं वा प्रतिनिधिमार्फत उपस्थित हुनुपर्छ। गणपूरक संख्या नपुगेमा कम्तीमा सात दिनको सूचना दिनुपर्छ र यतिबेला २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुनेगरी कम्तीमा तीनजना शेयरधनी स्वयं वा प्रतिनिधिमार्फत उपस्थित भएमा सभागर्न सकिन्छ। कम्पनीहरु कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएपछि स्वतन्त्र अस्तित्व प्राप्त गर्नाले कम्पनी र यसका शेयरधनी वा सञ्चालकबीच फरक,फरक हक तथा अधिकारको सिर्जना हुन्छ। कम्पनीका संस्थापक वा शेयरधनीले आफूले चुक्ता गरेको वा चुक्तागर्न कबुल गरेको रकमसम्ममात्र उनीहरुको दायित्व रहन्छ। कम्पनीले छुट्टै कानूनी व्यक्तित्वको मान्यता प्राप्तगर्नाले यसले व्यक्तिसरह चलअचल सम्पत्ति किनबेच तथा भोगगर्न, आफ्नो नामबाट नालिसगर्न र कुनै व्यक्तिले कम्पनीउपर नालिस दिन, आफ्नो नामबाट करार गरी हकअधिकारको प्रचलन गराउन सक्छ। त्यसैले कम्पनीलाई एउटा स्वतन्त्र अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था मानिन्छ। कम्पनीको नाममा रहेको सम्पत्ति शेयरधनी हुँदैन। कम्पनीको नाममा रहेको सम्पत्तिको प्रयोग तथा उपभोग कम्पनी स्वयम्ले गर्छ, न कि त्यसका शेयरधनीले वा सञ्चालकले। कम्पनीको काम, कारोबार, व्यवसाय केकसरी सञ्चालन भइरहेको छ सो सम्बन्धमा छलफल गर्न साधारणसभामा बोलाइन्छ। कम्पनीको साधारणसभाले सञ्चालकको निर्वाचन/नियुक्तिगर्ने र तिनीहरुको भत्ता तथा पारिश्रमिक तोक्ने, लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने, कम्पनीको वार्षिक लेखापरीक्षण प्रतिवेदनसहितका आर्थिक विवरण र सञ्चालक **बाँकी ७ पेजमा**

## समाचार विविध

### तिंकर नाकामा व्यापार प्रभावित

काठमाडौं। तिंकर नाका नियमित नहुँदा व्यापार प्रभावित भएको जानकारहरुले बताएका छन्। नेपाल-चीन (तिब्बत) सीमामा पर्ने दार्चुलाको तिंकर नाका कुनै समय स्थानीय समुदायको व्यापार, आवतजावत तथा सांस्कृतिक सम्बन्धको प्रमुख आधार थियो। पुस्तौंदेखि स्थानीयले यही नाकामार्फत नुन, ऊन, खाद्यान्नलगायतका सामग्रीको नियमित कारोबारगर्दै आएका थिए। कोरोनाको महामारीयता तिंकर नाका नियमितरुपमा सञ्चालनमा आउन सकेको छैन। नाका बन्द रहँदा स्थानीय व्यापार ठप्पजस्तै बनेको छ भने रोजगारीका अवसर खुम्चिँदा सीमावर्ती बस्तीका नागरिक राज्यबाट उपेक्षित भएको अनुभूतिगर्न थालेका छन्। यसबर्षआंशिकरुपमा नाका सञ्चालन भएपनि १०-१५ दिनमा एकपटकमात्रै खुल्दा नियमितरुपमा सामान ओसारपसार हुन नसकेको हो। व्यास-१ का वडाध्यक्ष अशोकसिंह बोहराकाअनुसार तिंकर क्षेत्र केवल व्यापारिक मार्ग मात्र नभई कैलाश मानसरोवर यात्रासँग जोडिएको महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक धरोहर हो। तिंकर र छाङरु क्षेत्रका बासिन्दा परम्परागतरुपमा मानसरोवर क्षेत्रका धार्मिक कर्मकाण्ड र पूजाआजामा नियमित मानसरोवर जाने गर्थे। कैलाश मानसरोवर हिन्दूहरुको प्रमुख आस्थाको केन्द्र हो। ०६० सालसम्म नेपालकै पैदलमार्ग भएर स्थानीय कैलाश मानसरोवर दर्शनगर्न जान्थे। तर, कोरोनाको महामारीपछि सो नाकाबाट स्थानीयले कैलाश मानसरोवरको जलसमेत ल्याउन पाएका छैनन्। चीनको ताक्लाकोटमा दार्चुलाका व्यासी सौका समुदायले सञ्चालनगर्दै आएका तीन दर्जनभन्दा बढी पसलसमेत चार वर्षभन्दा बढी समय बन्द रहे। यस वर्षमात्र पसल खोल्न पाएको व्यापारी तेम्बा लामाले जानकारी दिनुभयो। उहाँले हाम्रो मुख्य व्यापार नै ताक्लाकोटबाट सामान ल्याएर नेपाल र भारतका मेला महोत्सव तथा खलंगामा बिक्रीगर्नु हो। नाका नियमित नखुल्दा हाम्रो रोजीरोटीमै समस्या आएको स्थानीयको भनाई छ। सरकारले अध्यागमन कार्यालय राख्ने कुरा अलपत्र परेको छ। भन्सारमात्रै भइदिएको भए सो नाका नियमित सञ्चालनमा सहजहुने स्थानीयको विश्वास छ। केपी ओली नेतृत्वको तत्कालीन सरकारले ०८१ कात्तिक आठ गतेको मन्त्रिपरिषद् बैठकबाट तिंकरमा अध्यागमन कार्यालय खोल्ने निर्णय गरेको थियो। तिंकरमा अध्यागमन कार्यालय नखुलेका कारण राज्यले सीमा क्षेत्रलाई ध्यान दिननसकेको गुनासो सुनिएको छ। तिंकर नाका नियमित सञ्चालन नहुँदा उत्पन्न समस्याका विषयमा दार्चुलाका स्थानीय समुदायका प्रतिनिधिले काठमाडौं आएर अघिल्लो सरकारलाई ज्ञापनपत्र बुझाएको थियो। ज्ञापनपत्रमा तिंकर नाका नियमित सञ्चालनको व्यवस्थागर्न तथा कैलाश मानसरोवर यात्रामा सहज पहुँच सुनिश्चितगर्न सम्बन्धित निकायसँग राजनीतिक र कूटनीतिक पहलका लागि आग्रह गरिएको थियो। उनीहरुले कालापानी क्षेत्रका नागरिकले भोग्दैआएका समस्या समाधानका लागि सरकारबाट आवश्यक कूटनीतिक तथा नीतिगत निर्णयका लागि पहल हुने विश्वास व्यक्त गरेका छन्।

### वित्तीय संस्था कर्मचारी संघमा केसी

काठमाडौं। नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको १० औं केन्द्रीय परिषद् तथा ११औं केन्द्रीय महाधिवेशनले सुदिन केसीको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ। चितवनको सौराहामा हालै सम्पन्न अधिवेशनले वरिष्ठ उपाध्यक्षमा गंगाधर भट्टराई, उपाध्यक्षहरुमा खुलातर्फ रजनिस फुलारा, महिलातर्फ लसता श्रेष्ठ र मधेसीतर्फ अमित भगतलाई चयन गरेको हो। महासचिवमा सञ्जिवकुमार भडेल, उपमहासचिवहरुमा खुलातर्फ अरमेन्द्रकुमार यादव, महिलातर्फ रश्मी श्रेष्ठ र आदिवासी जनजातितर्फ सुरेश अवाल निर्वाचित हुनुभएको छ। सचिवमा अतिन्द्र राउत, गोविन्दप्रसाद बस्तोला र विश्वबन्धु भण्डारी निर्वाचित हुनुभएको अध्यक्ष केसीले जानकारी दिनुभएको छ। कोषाध्यक्षमा प्रतिज्ञा भट्ट र सहकोषाध्यक्षमा राहुल कर्ण चयन हुनुभएको छ। केन्द्रीय सदस्यतर्फ खुलाबाट प्रेम तिमिल्सिना, मुकेश तिवारी, राजु भट्टराई, सरोज न्यौपाने, सुजन पौडेल, सुरेशकुमार खत्री र शैलेस रिजाल चयन हुनुभएको छ। भौगोलिक प्रतिनिधित्वअनुसार कोशी प्रदेशबाट मनोज चापागाईं, मधेस प्रदेशबाट बिल्टु गुप्ता, बागमती प्रदेशबाट अनिलराज पाण्डे, गण्डकी प्रदेशबाट कृष्णप्रसाद सुवेदी, लुम्बिनी प्रदेशबाट प्रीतम राना, कर्णाली प्रदेशबाट रमेश खड्का र सुदूरपश्चिम प्रदेशबाट चन्द्रबहादुर बोगटी चयन हुनुभएको छ। महिला आरक्षणतर्फ रमा पौडेल, कविता ज्ञवाली, जानकी कुमारी न्यौपाने र निलम शर्मा चयन हुनुभएको छभने मधेसी आरक्षणतर्फ अजय प्रताप यादव र भवनाथ यादव चयन हुनुभएको छ। आदिवासी जनजातितर्फ सुजन जोशी, अपाङ्गतर्फ विदुर दाहाल, दलिततर्फ नवल किशोर राम तथा पदेन सदस्य (युवा समिति अध्यक्ष) का रुपमा अंकित रावल चयन हुनुभएको छ।

### चिसोले भन्सार समेत बन्द हुन थाले

काठमाडौं। चिसोले भन्सार समेत बन्द हुन थालेका छन्। प्राप्त समाचारअनुसार हुम्लाको हिल्सास्थित यारी नाका भन्सार कार्यालय तीन महिनाका लागि बन्दगरिएको छ। अत्यधिक जाडोका कारण हिल्सामा रहेको चीनको ताक्लाकोटबाट व्यापारी र अन्य सामग्रीको आयात रोकिएर कारोबार नभएपछि तीन महिनाका लागि भन्सार कार्यालय बन्द गरिएको हो। गत पुसबाटै चीनको ताक्लाकोटबाट व्यापारी र सामानहरु आयात हुन छोडेपछि पुसको दोश्रो हप्ताबाट यारीनाका भन्सार कार्यालय बन्दगरेर कर्मचारी सदरमुकाम सिमकोटको सम्पर्क कार्यालयमा पुगेको कार्यालयका प्रमुख रामराज जैसीले स्थानीय समाचारदाताहरुलाई बताउनुभउको छ। उहाँले चीनको ताक्लकोटबाट सामानहरु आयात हुनछाडेपछि भन्सार विभागसँगको समन्वयमा कार्यालय बन्दगरेर आफूहरु जिल्ला सदरमुकाम सिमकोट झरेको जानकारी दिनुभएको छ। यसबर्ष हिमपात नभए पनि नारा सडकखण्ड गएको गत कात्तिकमा परेको हिउँले बरफ जमेर सडक अवरुद्ध गरेपछि यातायात सेवासमेत बन्द भएको छ। यसको कारण चीनको ताक्लाकोटबाट सामानहरु आयात हुनसमेत छोडेको प्रमुख जैसीले बताउनुभएको छ। कारोबार नहुने भएपछि कर्मचारी हिल्सामा कार्यालय कुर्नुभन्दा सदरमुकाम सिमकोटको सम्पर्क कार्यालयमा झरेका हुन्। चीन तर्फको नाकालाई खुल्लै राखेको भन्सार कार्यालयका प्रमुख जैसीले बताउनुभएको छ। उहाँकाअनुसार आगामी चैत दोश्रो हप्ता कर्मचारी यारीनाका भन्सार कार्यालयमा फिर्ता भएपछि पुनः नाका सञ्चालनमा आउने छ।

## कम्पनीको....

समितिको प्रतिवेदन छलफल गर्ने, कम्पनीको मुनाफाबाट वितरण गरिने लाभांशको दर निर्धारणगर्ने नियमित कार्यहरु हुन्। कम्पनीको प्रबन्धपत्र, नियमावली संशोधन गर्ने, कम्पनीको शेयर पूँजी बढाउने वा घटाउने, कम्पनीले आफ्नो शेयर आफै खरीदगर्ने, कम्पनीले प्रिमियम मूल्यको शेयर जारीगर्ने, डिस्काउन्टमा शेयर जारी गर्ने, हकप्रद वा बोनस शेयर जारी गर्ने, प्राइभेट कम्पनीलाई पब्लिक कम्पनीमा र पब्लिक कम्पनीलाई प्राइभेट कम्पनीमा परिणतगर्ने, कम्पनी गाभ्ने वा गाभिने, डिबेन्चर जारी गर्ने, कम्पनी खारेजगर्ने वा खारेजीमा पठाउनेलगायत आवश्यकताअनुसारको गर्ने कार्य हुन्। कम्पनी ऐन-०६३ ले व्यवस्था गरेअनुसार कम्पनीको साधारणसभालाई वार्षिक साधारणसभा, र विशेष साधारणसभागरी दुई किसिममा वर्गीकरण गरिन्छ। प्रत्येक पब्लिक कम्पनीले कारोबार शुरुगर्ने इजाजत पाएको एकवर्षभित्र प्रथम वार्षिक साधारणसभा र त्यसपछि प्रत्येक बर्ष कम्पनीको आर्थिक बर्ष पूरा भएको छ महीनाभित्र वार्षिक साधारणसभा गर्नुपर्छ। कम्पनीले एक आर्थिक बर्षमा एकपटक साधारणसभा गर्नुपर्छ। यस्तो प्रत्येक बर्ष नियमित किसिमबाट गरिने सभालाई कम्पनीको वार्षिक साधारणसभा भनिन्छ। प्रथम वार्षिक साधारणसभा र वार्षिक साधारण सभाबाहेक अन्य साधारणसभालाई विशेष साधारणसभा भनिन्छ। कम्पनीको सञ्चालक समितिले आवश्यक देखेमा विशेष साधारणसभा बोलाउन सक्छ। कतिपयलाई पब्लिक हुने बित्तिकै कम्पनीहरुले सर्वसाधारणमा सेयर जारी गर्नुपर्छ भन्ने भ्रम रहेको छ। तर, नेपालमात्र होइन भारतलगायतका देशमा पनि पब्लिक हुने बित्तिकै सर्वसाधारणमा सेयर जारी गर्नैपर्छभन्ने प्रावधान राखिएको छैन्। यस्ता कम्पनीहरुले समयसमयमा आफैले पूँजी थप्दै चुक्ता पूँजी पुऱ्याउने गरेका छन्। कम्पनीहरु सर्वसाधारणमा सेयर जारीगर्न अनिच्छुक हुनुमा सबैभन्दा ठूलो कारण पारदर्शिता नै हो। हाम्रो कतिपय लगानी देखाउन नीतिगत समस्या पनि छ, त्यस्तै कतिपयमा परम्परागत शोच रहेको कारणले पनि सेयर जारीगर्न नरुचाउने गरेको पाइन्छ। सर्वसाधारणमा सेयर जारीगर्ने कम्पनीले बिभिन्न समयमा वित्तीय विवरण सार्वजनिक गर्नैपर्ने बाध्यता रहन्छ। सर्वसाधारण सेयर लगानीकर्ताबाट लफडा हुनसक्ने सम्भावनालाई व्यवसायीहरुले अड्कोकारुपमा देखाउने गर्छन्। हुनतः धितोपत्र बोर्डले यही समस्यालाई सम्बोधनगर्दै सर्वसाधारणबाट एकजना मात्र सञ्चालक बन्न सक्नेगरि यस्ता कम्पनीले चाहेमा १० प्रतिशतमात्र सेयर जारी गरे पुग्ने व्यवस्था पनि गरेको छ। यस्ता कानूनी कुराहरु समय समयमा परिवर्तन भैरहने हुनाले कतिपयमा अनभिज्ञता रहेको पाइन्छ। जसलेगर्दा बिभिन्न बिवाद र समस्याहरु सिर्जना हुने गरेका छन्।

## नेपालमा....

परेका थिए। प्रतिवेदनअनुसार गत आबमा सबैभन्दा धेरै सूचना वाणिज्य बैंकहरुबाट ३८ अर्ब ८८ करोडबराबरका सात हजार ३०३ वटा प्राप्तभएका थिए। त्यसैगरी, विकास बैंकबाट ७८० वटा सूचनामार्फत ७५ करोड ९६ लाख, शेयर ब्रोकर कम्पनीबाट ४९१ वटा सूचनामार्फत एकअर्ब ९१ लाख रुपैयाँबराबरको सूचना प्राप्तभएको भनिएको छ/। त्यसैगरी वित्त कम्पनीबाट ८३ करोड ९२ लाख रुपैयाँबराबरको ३५५, भुक्तानी सेवाप्रदायकबाट १६ करोड ५७ लाख रुपैयाँबराबरको २५२, बिमा कम्पनीबाट ४९ करोड ८८ लाख रुपैयाँबराबरको २४४, रेमिट्यान्स कम्पनीबाट २८ करोड ५६ लाख रुपैयाँबराबरको १०० वटा सूचना प्राप्तभएका देखिन्छन्/। त्यसैगरी सहकारीबाट छकरोड ५६ लाख रुपैयाँबराबरका ३६, क्यासिनोबाट ६१ लाख रुपैयाँबराबरका दुई, हायर पर्चेजबाट तीनलाख ९० हजार रुपैयाँबराबरको एक र लुघवित्तबाट ११ लाख रुपैयाँबराबरको एउटा कारोबार शंकास्पद भएकोभन्दै इकाइमा रिपोर्टिङ भएको पाइएको छ। यसरी नेपाल एकातिर आर्थिक शंकट बढिरहेको छभने अर्कातिर भएका कारोवार पनि शंकास्पद देखिएकाले भोलीका दिनमा थपआर्थिक संकट आउनसक्ने स्पष्ट संकेतहरु देखिएका छन्। देशलाई आर्थिक स्वावलम्बनको बाटोमा अगाडि बढाउने र विदेशी सहयोग तथा कारोवारलाई नियन्त्रण गर्ने/गराउनेतर्फ कदम चाल्नुपर्ने भएको छ। जसका बारेमा पहिलो त सरकारको स्पष्ट नीति हुनुपऱ्यो, दोश्रो आर्थिक नीति निर्माताहरुले यसतर्फ गंभिर ढंगले ध्यान दिनुपऱ्यो। राजनीतिमा मात्र ध्यान दिएर कुनैपनि देशको उन्नति र प्रगति हुन सक्दैन। यो आजको गंभिर बिचारणिय पक्ष हो।

## नेपालमा....

हो ? यसको कुनै टुंगो छैन। योसँगै एउटा प्रश्न उठेको छ-बीमा कम्पनीले पैसा दिंदो रहेछ त ? अहिले आएर त्यो कुरा घामजस्तै छर्लङ्ग भएको छ। सरकारले बैंक तथा वित्तिय संस्था, इन्स्योरेन्स कम्पनी खोल्न लाइसेन्स दियो। सहकारीले करोडौं जनतालाई बिल्लीबाठ बनायो। बैंकको ठगीधन्दा विस्तारै बाहिर आउँदै छ। इन्स्योरेन्स कम्पनीको लुट पनि क्रमिकरुपमा बाहिरिएको छ। जनता डुबाउने प्रमुख नाइके सरकार हो। सरकारकै कारणले जनता लुटिएका, ठगिएका हुन्। सरकारले लाइसेन्स दियो तर अनुगमन गरेन। मन्त्री र सचिवलाई घुस भए पुग्यो, सरकारलाई कर चाहियो। अनि पीडित बन्नेचाँहि जनता। सरकारले नै जनतालाई सुकुम्बासी बनाउने काम गरेको छ। बैंकले १०० रुपैयाँमा निकालेको शेयर ३२०० मा खरिदबिक्री भइरहेको छ। सरकारले जनतालाई यत्रो मँहगो पैसा हालेर शेयर नकिन भन्नुपर्थ्यो। आज शेयरको भाउ घट्दा जनता चार्लमचुलुम्म डुबेका छन्। घरजग्गा व्यवसायीलाई लाइसेन्स दिने पनि सरकार हो। हजार रुपैयाँ आनाको जग्गा दलालीहरुले खण्डीकरण गरेर लाखौंमा बेचिरहेका छन्। तर, सरकारलाई मतलब छैन। राजश्व पाउँदा सरकार दंग छ। अरु देशमा सरकारले ठग्नेलाई कारबाही गर्छ। यसरी सरकारको नीतिहीनताका कारण एकातिर बिमाका नाममा जनता ठगिएका छन्भने अर्कातिर उक्त कार्यक्रम आफै संकटमा परेको देखिएको छ।

## अमेरिका....

बाहिरी विश्वसँग ईरानको सम्पर्क टुटेको छ। यहाँ केही मानिसहरुले स्टारलिंकको ब्रोडब्यान्ड इन्टरनेट सेवा प्रयोग गर्छन्। तर पछिल्लो समय सरकारले स्टारलिंकको टर्मिनलमा अवरोधगर्ने तथा रिसिभरहरु छापाहान्ने काम गरिरहेको छ। यसअघि रुसले युक्रेनमा आक्रमण गरेपछि मस्कले युक्रेनी सेना र सर्वसाधारण दुबैलाई इन्टरनेट सेवा प्रदान गरेको बताइएको थियो। अमेरिकी सरकारले भेनेजुएलामा आक्रमण गरेपछि इन्टरनेट बन्द गरेको थियो। मस्कले त्यहाँ फेब्रुअरीसम्मका लागि निशुल्क ब्रोडब्यान्ड सेवा प्रदानगर्ने निर्णय गरेको समाचार बाहिर आएको थियो। त्यसैगरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग व्यापार गर्ने कुनै पनि देशमाथि २५ प्रतिशत कर लगाउने घोषणा गरेपछि अर्को आतंक शुरुभएको छ। संकटग्रस्त ईरानी अर्थतन्त्रलाई यसले थप चोट पुऱ्याएको ठानिएको छ। उच्च मुद्रास्फीति, बेरोजगारी र आर्थिक संकट र विरोध प्रदर्शन सामना गरिरहेको ईरान सरकारलाई यसले थप चोट पुऱ्याएको बताइन्छ। चीनले चीन, टर्की, ईराक, संयुक्त अरब इमिरेट्स र भारतमा तेल तथा अन्य बिभिन्न सामग्री निर्यातगर्दै आएको छ। त्यहाँको झन्डै ८० प्रतिशत तेल चीनले किन्छ। संयुक्त राष्ट्रसंघ कमट्रेडकाअनुसारं सन् २०२४ मा चीन र ईरानबीच १३ अर्ब डलरभन्दा बढीको द्विपक्षीय व्यापार भएको थियो। तर वास्तविक आँकडा योभन्दा धेरै हुने अनुमान छ। किनकी ईरानमाथि पश्चिमा शक्तिले प्रतिबन्ध लगाएकाले चीनसँग अनधिकृत च्यानलमार्फत पनि व्यापार गर्छ, जसको हिसाब राष्ट्रसंघ र अन्य आधिकारीक निकायसँग हुँदैन भनिन्छ। ट्रम्पको पहिलो कार्यकालमा अमेरिकाले बिभिन्न देशहरुलाई ईरानसँग तेल खरिद नगर्न धम्की दिएको थियो। ट्रम्पले ईरानसँग तेल खरिदगर्नेहरुलाई भन्सार शुल्क बढाउने घोषणा गरेपछि भारतसहितका देशले यसमा ठूलो कटौती गरेका थिए। त्यसपछि ईरानले आफ्नो तेल व्यापारमा चीनसँग निर्भरता बढाएको भनिएको थियो। गतबर्ष ईरानको ८० प्रतिशत तेल चीनले किन्यो। सन् २०१६ देखिनै चीन ईरानको शीर्ष व्यापार साझेदार थियो। अहिले यो साझेदारी थप बृहत् भएको छ। चीनले प्लाष्टिक, फलामको अयस्क, रसायन, मेथानोललगायत बिभिन्न सामग्री ईरानसँग किन्छ। चीनले ईरानमाथिको अमेरिकी हस्तक्षेपको निन्दा पनि गरेको छ। सन् २०२४ को संयुक्त राष्ट्र संघको कमट्रेड तथ्यांकअनुसार, टर्किए इरानको दोश्रो ठूलो व्यापारिक साझेदार थियो। दुई देशबीचको व्यापार लगभग ५.७ अर्ब डलरको थियो। टर्कीमाथि अहिले अमेरिकाले १५ प्रतिशत आधारभूत भन्सार शुल्क लगाएको छ। स्टील र आल्मुनियममा लाग्ने भन्सार शुल्क भने ५० प्रतिशत छ। ईरानसँगको व्यापारपछि यसमा शुल्क थप हुनेछ। ईरानका ठूला निर्यातकर्तामध्ये भारत पनि एक हो। सन् ०२४ मा ईरानले यहाँ १.०५ अर्ब डलरभन्दा बढीको सामग्री निर्यात गरेको थियो। त्यस्तै पाकिस्तानमा १.०२ अर्बभन्दा बढी सामग्री निर्यात गरेको थियो। यी देशहरुले पनि ईरानसँग व्यापार कायम राख्दा अमेरिकाको प्रतिबन्ध झेल्नेछन्। ईरानले बाहिरी विश्वबाट सर्वाधिक रकम तेल निर्यात गरेर भित्र्याउँछ। यसबाहेक तरकारी र मेशिनरी उपकरण पनि निर्यात गर्छ। विश्व बैंकको पछिल्लो तथ्यांकअनुसार ईरानले २०२२ मा १४७ व्यापारिक साझेदार हरुलाई आफ्नो बिभिन्न उत्पादनहरु निर्यात गरेको थियो। सन् २०१५ मा अमेरिकाको अगुवाईमा ईरानमा आणविक कार्यक्रम समाप्तगर्ने र त्यसबापत ईरानलाई विश्वबजारमा सहज प्रवेश दिनेगरी पेरिसमा सम्झौता भएको थियो। यस सम्झौतासँगै ईरानको तेलले विश्वबजारमा सहज पहुँच पाएको थियो। यसरी अमेरिकाले राजनीतिको आबरणमा व्यापार गरेपछि बिश्वका बिभिन्न मुलुकहरु हैरान भएका छन्। यस्तै अवस्था होभने तेश्रो बिश्वयुद्ध समेत भड्किन सक्ने अवस्था रहेको बताउन थालिएको छ।

## प्रगतिशील...

प्रगतिशील किसान संघका महासचिव राजन साहले महिला भेलाललाई शुभकामनादिदै भन्नुभयो कि महिलाहरुलाई शसक्त बनाउन उनीहरुलाई अहिलेदेखिनै आत्म निर्भरताको दिशामा अग्रसर गराउनु आवशयक छ र त्यसका लागि पार्टीले रुपरेखा तयार पार्दैछ। यसमा पहिलाहरु सक्रियरुपमा लाग्नु पर्दछ र चेतना, संगठन र संघर्ष तीन तहमा सक्षम बन्न जरुरी छ भन्नु भएको थियो। पार्टीका सचिवालय सदस्य तथा महिला फ्रयाक्सन इञ्जार्ज सीता सुवेदीले भेलाको अध्यक्षको आसनबाट बोल्दै महिलाहरुका साझा राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याहरु हल गर्न सम्पूर्ण प्रगतिशील महिला संगठनहरु एकताबद्ध भएर संघर्ष गर्नु पर्ने आवश्यकता औंल्याउँदै त्यसका लागि अखिल नेपाल प्रगतिशील महिला संघलाई सशक्त र प्रभावकारी बनाउदै र समान बीचारका महिला संघगठनहरु एकजुट हुनुपर्छ भन्नु भयो। पार्टीका सचिवालय सदस्य तथा भेलाले चयन गरेको संयोजकको हैसियतमा बोल्नुहुँदै कुशुम पौडेलले अखिल नेपाल प्रगतिशील महिला संघलाई महिला हक हित र राष्ट्रिय अन्तर्राष्ट्रिय साझा समस्या उठाएर अघिबढ्न सक्ने, अत्मनिर्भर र गतिशील तुल्याउन सक्दो प्रयत्नगर्ने प्रतिबद्धता जनाउँदै सबै सदस्यहरुलाई यस दिशामा सिक्दै सिकाउदै अघिबढन् आह्वान गर्नुभएको थियो। कार्यक्रममा सचिव ज्योती गिरी, सह सचिव क्रान्ति सुवेदी, कोषाध्यक्ष रीता पोखेल, सदस्यहरु गिता राई, सुश्मा चन्द, सुबर्ण प्रजाप्रति, बसनतारा माकहरुले पनि सिक्दै सिकाउदै अघिबढ्ने प्रतिबद्धता ब्यक्त गर्नुभएको थियो।

## नेपाली....

विविधता र लोकतान्त्रिक प्रक्रियालाई कमजोर पारेको थियो। जसको परिणामस्वरुप, पार्टीका असन्तुष्ट सदस्यहरुले आफूलाई उपेक्षित महशुसगर्नु कुनै आश्चर्यको बिषय होइन। जसले पार्टीमा आन्तरिक संकट निम्त्याउने काम गरेको हो। निर्णय लिने बेलामा सबै सदस्यहरुलाई उनीहरुको बिचार राख्न र सुनुवाइगर्नको लागि अवसर दिइएको हुनुपर्दछ। कुनैपनि पार्टीभित्रको खास समूहले त्यस्तो चारहना राखेको हुन्छ। सबै सहभागीहरुको बिचार र भावना महत्वपूर्ण मानिन्छ र सबैलाई समान अवसर दिइन्छ। सहमति आधारित प्रक्रिया सामूहिक सहयोग र सम्वादको माध्यमबाट अघि बढ्छ। यसमा खुला सम्वाद र अनुकूलनको आवश्यकता हुन्छ। जसमा समस्यामा गहिरो विश्लेषण र सबैको दृष्टिकोण बुझ्नका लागि समय दिनुपर्छ। यो प्रक्रिया सजिलो र छिटो निर्णय लिनेभन्दा बढी समय लाग्नसक्छ। तर यसले दीर्घकालीनरुपमा साझा सहमति र स्थिरता ल्याउँछ। यदि कुनै सदस्यले असहमतिपूर्वक बिचार प्रस्तुत गर्छभने समस्या समाधानका लागि अतिरिक्त छलफल र सम्झौताका उपायहरु पनि अपनाइन्छ। सहमतिमा आधारित निर्णय प्रक्रिया अक्सर समूहको सहकार्य र श्रृजनात्मकता बढाउनका लागि प्रयोग गरिन्छ। यसरी नेपाली कांग्रेसले पछिल्लो समयमा पार्टीको आनतरिक संगठनात्मक अवस्थाकाबारेमा खासै ध्यान दिन नसकेका कारणले हालको जस्तो बिग्रहको अवस्था आएको हो। जसलाई समयमै ब्यवस्थापन गर्न/गराउन सक्ने होभने खासै क्षति ब्यहोर्नु पर्दैन। यसबारे नेकांको नेतृत्व पंक्तिले बिशेष ध्यानदिनु आवश्यक छ।

## जोखिममा...

ठाउँको मात्र उदाहरण हो। भक्तपुर र ललितपुरमा पनि उस्तै छ। भक्तपुर नगरपालिका १, चंगा गणेश, आर्मी ब्यारेक, दुवाकोट जाने ट्याम्पो पार्क, सिर्जनानगर, राधेराधेको भाटभटेनी, निर्माणधीन १५ तले भवन, ड्राइभिङ सेन्टर, राजेश हार्डवेयरलगायत सञ्चालित जग्गा सरकारी, गुठी र ऐलानी बताइन्छ। स्थानीयका अनुसार ०२१ सालमा नापीहुँदा यी जग्गालाई ऐलानी, सरकारीभनि लेखिएको थियो। त्यसैले, यहाँ ०२९ सालसम्म एउटै घर बनेको थिएन। ०३२ सालमा मजदुर किसान पार्टीका एक कार्यकर्ताले छाप्रो हाले। तिनै व्यक्तिले ०३५ सालमा ढुंगा र माटोबाट घर बनाए। उनले घर बनाएको देखेपछि अरुले पनि यो जग्गा कब्जा गरेका छन्। यहाँको सबै सरकारी जग्गा कब्जा भइसकेको छ। अहिले यहाँ जग्गाको मूल्य आनाकै ६० लाखदेखि करोडौं छ। एता, भक्तपुरकै सल्लाघारी तीनकुनेमा ०२४ सालमा तत्कालिन राजा महेन्द्रले १०८ रोपनी दुई आना एक दाम जग्गा स्थानीयसँग प्रतिरोपनी एकहजार रुपैयाँमा किनेका थिए। ०६५ सालमा राजतन्त्रको अन्त्यसँगै यो जग्गा नेपाल ट्रष्टको संरक्षणमा गयो। तर, ट्रष्टको बेवास्ताका कारण यो जग्गा व्यक्तिको नाममा गएको छ। अहिले बढीमा ६०-६५ रोपनीमात्र जग्गा बाँकी छ। उपत्यकाकोमात्र लाखौं रोपनी सरकारी जग्गा व्यक्तिको नाममा गएको छ। देशभरको पनि उत्तिकै सरकारी जग्गा व्यक्तिको नाममा गएको छ। विडम्बना, यसप्रति कसैको चासो छैन। न स्थानीय जनप्रतिनिधि सरकारी सम्पत्तिको संरक्षण गर्छन् न आम सर्वसाधारण सरकारी सम्पत्ति कब्जा गर्नेविरुद्ध बोल्छन्। सरकारी सम्पत्ति साझा सम्पत्ति हो। यो देशभरका नागरिकको सम्पत्ति हो, सीमित व्यक्तिको मात्र होइन। तर, यो कुरा जनताले नबुझ्दा आज मुलुकभरको सरकारी सम्पत्ति सीमित व्यक्तिको नाममा गएको छ। त्यसबाट उनीहरुले धेरै लाभ लिइरहेका छन्। त्यसैले, अब सरकारले सरकारी सम्पत्तिको संरक्षणमा चासो नदेखाएपनि नागरिकस्तरबाट संरक्षणका निम्ति काम हुनुपर्छ। अर्कोतर्फ, राज्यको सम्पत्ति संरक्षणगर्न नसक्ने सरकारले छिमेक भारत र चीनले कब्जा गरेको नेपाली भूभाग फिर्ता सक्छ ? गम्भीर प्रश्न उठेको छ। दार्जिलिङ, सिक्किम, टकनपुर, कागडा टिष्टा, बाघघाम, हाजीपुर, गोरखपुर, तिब्बत त भारत र चीनले लग्योनै अहिले कालापानी, लिम्पियाधुरा, लिपुलेक पनि कब्जा गरिएको छ। देशभरको निजी जग्गाकोमात्र नापि हुने गरेको छ। तर सरकारी जग्गाको नापि गरेर त्यसको संरक्षण गर्ने/गराउने परिपाटीको ब्यवस्था हुनसकेको छैन। यो देश सबैको साझा हो। सरकारी जग्गा जमिन पनि सबैको साझा हो। त्यसैले सरकारी जग्गा जमिन मिचेको र हड्पेको कुराको सबैले चिन्ता र चासो राख्न आवश्यक छ।

## नेपालमा...

प्रकृति र त्यसअनुसार देशको भविष्यलाई पनि निर्धारित गर्दछ। वास्तवमा प्रश्न कसको कति उमेर छभन्ने होइन, प्रश्न कसको दृष्टिकोण, समझदारी वा देश र जनताप्रतिको कति इमान्दार र सच्चा छभन्ने कुरा हो। वृद्ध भइसकेपनि देश र जनताप्रति सच्चा, इमान्दार भएका कैयौं व्यक्तिहरु संसारमा वा नेपालमा पनि पाइन्छन् भने युवा भएर पनि कैयौं असामाजिक भ्रष्ट वा अपराधजन्य काममा लागेका व्यक्तिहरु पनि ठूलो संख्यामा पाइन्छन्। त्यस कारण उमेरलाई नै मुख्य मापदण्ड बनाउने कुरा सिद्धान्ततः नै गलत हो र त्यो, साम्राज्यवादद्वारा फैलाइएको एउटा फोवियामात्र हो। अमेरिकी साम्राज्यवाद जेनजी आन्दोलनद्वारा आफ्ना उद्देश्यहरु पूरा गर्न धेरै नै सफल भएको छ। त्यस सिलसिलामा नै त्यसले पूराना सत्तारुढ पार्टीहरुलाई विस्थापित गऱ्यो र संसदकोसमेत विघटन गऱ्यो। अहिले पूर्व प्रधान न्यायधिश सुशीला कार्किको नेतृत्वमा जुन सरकारको गठन भएको छ। त्यसको स्वरुप गैरदलीयमात्र छैन, त्यो मन्त्रिमण्डलका धेरै जसो सदस्यहरु एक वा अर्को प्रकारले बिभिन्न एनजीओ, आइएनजीओ वा अमेरिकी साम्राज्यवाद सित सम्बन्धित व्यक्तिहरुनै रहेका छन्। तर यदि त्यो मन्त्रिमण्डलले पनि अमेरिकी साम्राज्यवादको स्वार्थको पक्षमा पूरै कामगर्न नसकेमा त्यसलाई पनि विस्थापित गरिनेछ र त्यसका ठाउँमा अर्को मन्त्रिमण्डल कायमगर्ने प्रयत्न गरिनेछ। अहिले कथित जेनजीहरुले जनताद्वारा प्रत्यक्षरुपले निर्वाचित कार्यकारी प्रमुखको चुनाव हुनुपर्ने कुरामा जोडदिइरहेका छन्। स्पष्ट छ, त्यस प्रकारको प्रणाली साम्राज्यवादी शक्तिहरुको हितमा नै हुनेछ, किनभने त्यो अवस्थामा संसद् र मन्त्रिमण्डललाई सहमत गराउनुपर्ने लामो प्रक्रियाको ठाउँमा एउटै व्यक्तिलाई उपयोग गरेर आफ्ना स्वार्थहरु पूरागर्न उनीहरुलाई अपेक्षाकृत सजिलो हुनेछ। त्यसको अर्थ सांसदद्वारा प्रधानमन्त्री निर्वाचितगर्ने प्रणाली नै श्रेष्ठ हुन्छभन्ने होइन। हामीले देशमा धेरै अनुभव गरिसकेका छौं, त्यस अन्तर्गत पनि धेरै नै भ्रष्टाचार, कुशासन वा अधिनायकवादी प्रवृत्तिहरु देखापर्ने गर्दछन्। तैपनि प्रत्यक्षरुपले जनताद्वारा निर्वाचित एकजना व्यक्तिको शासन भन्दा मन्त्रिमण्डल प्रणाली बढी सही हुन्छ, किनभने त्यो प्रणाली अन्तर्गत सांसदद्वारा सरकारमाथि बढी नियन्त्रणको सम्भावना रहन्छ। जस्तोकि माथि भनियो, अमेरिकी साम्राज्यवाद कुनै एउटै व्यक्ति वा पार्टीमाथि मात्र भरपर्दैन र त्यसले बेग्लाबेग्लै एजेन्सी वा सञ्जालहरुलाई प्रयोगगर्ने गर्दछ। त्यसको त्यो कार्यशैली अन्तर्गत बिभिन्न राजनीतिक पार्टीहरुमा पनि आफ्ना मान्छेहरुको घुसपैठगर्ने र एउटै पार्टीभित्र पनि एउटा पक्षको तुलनामा अर्को पक्षलाई अगाडि ल्याएर सत्तामा कब्जागर्ने पनि त्यसको नीति हुन्छ। त्यस अनुसार त्यसले नेपालका बिभिन्न राजनीतिक पार्टीहरुमा कति घुसपैठ गरेको छ वा तिनीहरुमध्ये त्यसले कसलाई विस्थापित गर्ने वा अगाडि ल्याउने प्रयत्न गरेको छ, त्यो पनि एउटा गम्भीर प्रश्न हो। नेपालको राजनीतिको सुक्ष्म अध्ययन गरेरनै त्यसबारे जानकारी प्राप्त हुनसक्नेछ वा आउने दिनहरुका परिणामहरुबाट त्यो कुरा प्रष्ट हुँदैजानेछ। अन्तमा, विश्वको र नेपालको राजनीति माथि पनि सरसरी प्रकारले बिचारगर्ने होभने यो कुरा प्रष्ट हुन्छ कि कुनै देशको राजनीति विशुद्धरुपले त्यो देशकोमात्र राजनीति हुँदैन र त्यसमा अन्तर्राष्ट्रिय प्रभावले पनि धेरै नै काम गरेको हुन्छ। कतिपय अवस्थामा संसारमा चल्ने प्रगतिशील, क्रान्तिकारी वा साम्राज्यवाद विरोधी आन्दोलनहरुले पनि कुनै देशको राजनीतिमा धेरै असर पारेको हुन्छ। तर अहिलेको संसारमा त्यो पक्ष धेरै नै कमजोर भएको छ र विश्वको राजनीतिमा साम्राज्यवादी प्रभावले नै धेरै प्रभाव पारेको देखिन्छ। नेपालको विषयमा पनि त्यो कुरा सत्य हो। विश्वमा चल्ने प्रगतिशील, क्रान्तिकारी वा साम्राज्यवाद विरोधी बिचार वा आन्दोलनको पनि नेपालमा अवश्य पनि केही न केही असर परेको छ तर त्यो पक्ष धेरै नै कमजोर छ र नेपाल एक प्रकारले संसारका बिभिन्न साम्राज्यवाद शक्तिहरुको गतिविधिको क्रिडास्थलनै बनेको छ। नेपालका बिभिन्न एनजीओ, आइएनजीओ वा बिभिन्न राजनीतिक पार्टीहरुका साम्राज्यवादपरस्त चरित्रका कारणले उनीहरुको त्यस प्रकारको गतिविधिलाई धेरै मदत पुग्ने गरेको छ। जेनजी आन्दोलन वा कथित जेनजीहरुले नेतृत्व गरेको आन्दोलन त्यसको एउटा पक्ष हो। निश्चयनै, एउटा पक्ष मात्र। त्यो बाहेक अन्य कुन कुन रुपमा साम्राज्यवादले हाम्रो देशमा प्रवेश गरेको छ, देशको राजनीतिलाई प्रभावित पार्ने वा सत्ता माथि समेत नियन्त्रणगर्ने प्रयत्न गरेको छ, जनताको उच्च प्रकारको चेतना र सतर्कताद्वारा नै त्यो कुरा स्पष्ट हुन सक्नेछ र त्यसबारे हामीहरु कतिसम्म सचेत हुन सक्दछौं ? त्यसमाथि नै देशको राष्ट्रियता, सार्वभौमिकता र भविष्य पनि निर्भर गर्ने निश्चित छ। **(लेखक : नेकपा( मसाल)का महामन्त्रि हुनुहुन्छ। )**

## नेपालमा...

तीन लाख रुपैयाँसम्म तलब दिनुपर्छ। सवारी साधन, स्वकीय, पत्रिका, टेलिफोन, घरभाडालगायतका सुविधाको खर्च छुट्टै छ। सरकारले यो खर्च थेग्नसक्ने अवस्था छैन। मुलुक वैदेशिक ऋणको दलदलमा फसिरहेको छ। वैदेशिक ऋण २९ खर्ब ४२ अर्ब नाघिसकेको छ। सो ऋणको ब्याजमै बर्सेनि ठूलो रकम खर्च हुनेगरेको छ। महालेखा परीक्षकको कार्यालयले सरकारको आम्दानीभन्दा खर्च बढी भएको बताउँदै आएको छ। जनताले कहिल्यै यो कुरा बुझ्नेनन् कि मत किन्नु आफ्नो खुट्टामा आफै बञ्चरो हान्नु हो। जुन जनप्रतिनिधि खर्च गरेर वा मत किनेर आएका हुन्छन्, उसले त्यो पैसा उठाउँछ। उठाउने कोसँग हो ? जनतासँग। मँहगी बढाउँछन्, ठेक्कापट्टामा कमिशन खान्छन्, काम गर्दैनन्, जनताको पीडा सुन्दैनन्। पाँच हजारका लागि जनताले पाँच बर्ष आफैंलाई दुख दिने काम गर्छन्। पैसामा भोट बेच्ने होइन, देश बनाउने जनप्रतिनिधि खोज्ने हो। नेता जनता र देशको भरिया हो। नेताले देश र जनताको भार बोक्नुपर्छ। देश बनाउनुपर्छ। भरियाहरु कस्ता हुन्छन् ? भरियाहरु जसरी पनि सामान गन्तव्यमा पुऱ्याएरै छाड्छन्। सुरक्षाकर्मीको घेराउमा हिंड्ने, जनता नभेट्ने, जनताको समस्या नसुन्ने, देशविदेश घुम्ने, महलजस्तो घरमाबस्ने पनि कहीं नेता हुन्छन् ? नेता भन्केको छ, तीन करोडको घडी बाँध्ने। दिनमा ७० हजारको पानी खाने। जनता भोकभोकै मरिरहेका छन्, नेता भनाउँदाहरु विलासी जीवन जिऊनमै केन्द्रित छन्। नेताहरुले राजनीतिको नाममा देश सकाए। यसमा जनता पनि दोषी छन्। जनता जागरुक हुने होभने यसरी नेताको मनपरी चल्नसक्ने अवस्था रहँदैन। नेपालमा राजनीतिका नाममा बजेटको ८३ प्रतिशतसम्म खर्च हुनथालेको बिश्लेषकहरुको भनाई छ। जसले राम्रो संकेत गरेको छैन। यसबारे नेताले ध्यान नदिए जनताले आवाज उठाउनुपर्ने अवस्था छ।